जनकपुर
टुडेको सम्पर्क नं.
९८०१६२६०२६,
९८०१६२६०२५
०४१५९०१०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

हार्दिक शुभकामना
मिथिला क्षेत्रक सुहागन नारी सभक पावन पर्व वट सावित्री (बरसाइत) के मंगलमय शुभकामना ।
रेडियो टुडे ९१ मेगाहर्ज जनकपुर टुडे राष्ट्रिय दैनिक टीभी टुडे जनकपुर राष्ट्रिय च्यानल
परिवार, जनकपुरधाम

वर्ष २३ • अंक ३ • २०७७ साल जेठ ९ गते शुक्रबार (22 May, Friday, 2020) • पृष्ठ ८ • मूल्य रु. ५।-

## कोरोना भाइरसबाट थप १ को मृत्यु, संख्या ४ सय ५७ पुग्यो

### स्वस्थ्य भै घर फर्कने ४९, प्रदेश १ मा संख्या थपिदै

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालमा बिहीवार साँझ सम्म कोरोना भाइरसको संक्रमणबाट मृत्यु हुनेको संख्या ३ पुगेकोछ । गुल्मीका कोरोना संक्रमित ४१ वर्षीय पुरुषको बिहान ८ बजेर १० मिनेटमा मृत्यु भएको पुष्टि गरिएकोछ । रुपन्देहीको मणिग्रामस्थित त्रिमसन अस्पतालमा उनी उपचाररत थिए ।

जेठ १ गते उपचारका लागि त्रिमसन अस्पतालमा भर्ना भएका शिक्षण पेशामा रहेका पुरुषको २ गते स्वाब संकलन गरिएको थियो । उनी कोरोना भाइरस संक्रमित रहेको पुष्टि जेठ ५ गते भएको थियो । उनको मृत्युसँगै नेपालमा कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या अब ३ पुगेको हो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार देशमा संक्रमितहरुको संख्या ४ सय ५७ पुगेको छ । मन्त्रालयका अनुसार विहिबार बिहान ८ जना र साँझ ९ जनामा संक्रमण रहेको पुष्टि गरिएको हो ।साँझ सम्म १७ जनामा कोरोना भाइरसको संक्रमण देखिएको मन्त्रालयका प्रवक्ता डा.विकास देवकोटाले पुष्टि गरेका हुन् ।

प्रवक्ता डा. देवकोटाले अपराह्ण रूपन्देहीमा १ र झापामा ८ संक्रमित फेला परेको पुष्टि गरेका हुन्। उनीहरू सबै पुरुष हुन् । झापाका संक्रमितहरु सबै कचनाकवल गाउँपालिकाको लक्ष्मी देवकोटा माविको क्वारेन्टाइनमा बसेका व्यक्ति हुन् ।

बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान र प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला, विराटनगरमा गरिएको परीक्षणमा १६ जना नयाँ संक्रमित पुष्टि भएको थियो ।

उनीहरुसमेत झापा, कचनकवल गाउँपालिका वडा नम्बर ३, ६ र ८ निवासी १८, १८, १९, १९, २२, २३, २३, २५, २६, २६, २८, ३०, ३२, ३७ र ४६ वर्षीय १५ जना पुरुष हुन् । त्यसैगरी धनकुटा निवासी ३४ वर्षीय पुरुष, सुनसरीको धरान उप-महानगरपालिका निवासी ५१ वर्षीया महिला हुन् ।उनीहरूको स्वास्थ्य अवस्था सामान्य रहेको र सबैजना स्वास्थ्यकर्मीको सम्पर्कमा पुगेको मन्त्रालयले जनाएको छ । विहिवार साँझ सम्म झापामात्र २४ जनामा कोरोना पोजिटिभ पुष्टि भएको छ।

> *तथ्यांक अनुसार प्रदेश नम्बर १ मा ८४ जना , प्रदेश २ मा १ सय ३६ जना , बागमती प्रदेशमा ३५ जना, गण्डकीमा ४ जना, प्रदेश नम्बर ५ मा १ सय ९७ , गण्डकी प्रदेशमा ४ र सुदुरपश्चिम प्रदेशमा १० जना संक्रमित देखिएका छन् ।आइसोलेशनमा कुल ४ सय १ जना रहेका छन् ।*

यसैबीच काडमाण्डुको टेकु अस्पतालबाट ४ जना डिस्चार्ज भएका छन् । प्रवक्ता देवकोटाका अनुसार २३ र २५ वर्षीया महिला, ३७ र २७ वर्षीय पुरुष ९ दिन लामो उपचारपछि डिस्चार्ज भएका हुन् ।

भीटीएमको अभावमा केहि प्रदेशहरुमा टेस्टको गति शिथिल भएकोछ ।संक्रमितहरुको ट्रेसिंगबाट सम्पर्कमा आएका मानिसहरुको पनि टेस्ट नभएको गुनासोहरु बढन थालेकाछन् ।प्रदेश ५ मा सरकारले पीसीआर किट उपलब्ध नगराएपछि पालिकाहरुले आफै खरिद गर्न थालेका छन् ।

नेपालमा अहिलेसम्म पीसीआर विधिबाट ३८ हजार ७ सय ३६ र आरडीटी विधिबाट ७८ हजार ६ सय ९५ जनाको नमुना परीक्षण गरिएको छ । पल्लिो २४ घण्टामा पीसीआर विधिबाट ३ हजार ४ सय १३ र आरडीटी विधिबाट ३ हजार ६ सय २३ जनाको परीक्षण गरिएको छ ।

कोरोना भाइरस संक्रमितहरुको संख्या प्रदेश १ मा पनि तिब्रगतिमा बढन थालेकोछ ।पछिल्लो समयमा झापामा मात्र २४ जना पुगेको छ ।यस अघि उदयपुरको भुल्केमा अत्यधिक संक्रमित फेला परेका थिए ।

पछिल्लो तथ्यांक अनुसार प्रदेश नम्बर १ मा ८४ जना , प्रदेश २ मा १ सय ३६ जना , बागमती प्रदेशमा ३५ जना, गण्डकीमा ४ जना, प्रदेश नम्बर ५ मा १ सय ९७ , गण्डकी प्रदेशमा ४ र सुदुरपश्चिम प्रदेशमा १० जना संक्रमित देखिएका छन् ।आइसोलेशनमा कुल ४ सय १ जना रहेका छन् ।

## प्रदेश २ मा कोरोना संक्रमितको संख्या स्थिर

**टुडे समाचारदाता**

जनकपुरधाम । कोरोना भाइरस संक्रमितको संख्या प्रदेश २ मा स्थिर भएकोछ ।समाजिक विकास मन्त्रालय प्रदेश २को तथ्यांक अनुसार विहिवार कोरोना भाइरसको पोजेटिव टेस्ट आएन् । गत हप्ता सातवटै प्रदेशमध्ये संक्रमितको सवाधिक संख्या प्रदेश २ मा नै रहेको थियो ।तर विहिवार प्रदेशमा पोजेटिव केस देखिएको छैन् ।

प्रदेश २ मा हाल सम्म कुल ७ हजार २ सय ४२ स्वाब संकलन गरिएकोमा १ हजार ७ सय ७० को नतिजा आउन बाँकी छ ।१ सय ३७ संक्रमित देखिएका छन् ।५ हजार ३ सय ३५ रिर्पोट निगेटिव आएकोछ । प्रदेश २को सर्वाधिक संक्रमित पर्सा जिल्लामा ८८ छन् ।त्यसपछि रौतहट जिल्लामा २२ जना कोरोना भाइरस संक्रमित रहेका छन् ।धनुषामा ८ जना, सर्लाही र बारा जिल्लामा ५/५ जना कोरोना भाइरस संक्रमितहरु छन् ।त्यसैगरि महोत्तरी जिल्लामा ४ जना , सिरहा र सप्तरी जिल्लामा १/१ जना संक्रमित रहेको समाजिक विकास मन्त्रालयले जनाएकोछ ।

> *आइसोलेशनमा पनि सर्वाधिक पर्सा जिल्लामा ९७ जना रहेका छन् ।रौतहटको आइसोलेशनमा १८, धनुषामा १०, बारामा ८, सप्तरीमा ३ र सिरहामा २ जना आइसोलशनमा रहेका छन् ।महोत्तरी र सर्लाहीमा आइसोलेशनमा भर्ना छैन् ।*

प्रदेश २ मा ४ सय ५१ आइसोलेशन बेड रहेकोमा १ सय ३८ जना भर्ना छन् ।आइसोलेशनमापनि सवाधिक पर्सा जिल्लामा ९७ जना रहेका छन् ।रौतहटको आइसोलेशनमा १८, धनुषामा १०, बारामा ८, सप्तरीमा ३ र सिरहामा २ जना आइसोलशनमा रहेका छन् ।महोत्तरी र सर्लाहीमा आइसोलेशनमा भर्ना छैन् । हाल सम्म २ सय १५ क्वारेन्टाइनमा ८ हजार ८ सय ९५ बेडको व्यवस्था गरिएकोछ ।क्वारेन्टाइनमा ६ हजार ९८ जना र होम क्वारेन्टाइनमा ५ हजार १ सय ७५ जना रहेका छन् । प्रदेश २ मा आरडीटी टेस्ट ५ हजार ८ सय ४४ भएकोमा १२ पोजेटिव र ५ हजार ८ सय ३२ निगेटिव रिर्पोट आएको समाजिक विकास मन्त्रालयले जनाएको छ ।

भारतबाट विहिवार धनुषामा ६० जना आएको जिल्ला प्रहरी कार्यलिय धनुषाले जनाएको छ ।




## ठाकुरको अति महत्वाकांक्षाले जसपाको भविष्य धरापमा

**टुडे समाचारदाता**

काठमाण्डु ।पार्टी दर्ताको प्रकृयामा जानु अगावे जनता समाजवादी पार्टीको भविष्य धरापमा परेको छ ।पार्टीको सेरोमोनियल नेताको रुपमा रहन सहमति गरेका महन्थ ठाकुरले विहिवारको बैठकमा सर्वाधिकार अध्यक्ष बन्ने महत्वाकांक्षा देखाएपछि निर्णयमा पुग्न सकेन् ।

आधा दर्जन पार्टी एकिकृत भएर बनेको राष्ट्रिय जनता पार्टी(राजपा)नेपालको हाल सम्म कुनै तहमा एकल संगठन बन्न सकेको छैन् ।४ वर्ष भन्दा पुरानो भइसकेपनि राजपाले संगठनको स्वरुपग्रहण गर्न सकेको छैन् ।

दुई महिने अध्यक्ष मण्डलको संयोजकको चत्रिय प्रणालीमा रहेका केहि नेताहरुले ठाकुरलाई 'सर्वशक्तिमान' बनाउने प्रस्ताव गरेर पार्टी एकिकरणको प्रकृयालाई धरापमा पान थालेको बताइएको छ। स्रोतहरुका अनुसार दुवै दलबीच भएको सहमति अनुसार ठाकुर पहिलो वरियतामा, डा.बाबुरा भट्टराई दोस्रो र कार्यकारी अधिकार सहित उपेन्द्र यादव तेस्रो वरियतामा रहने बताइएको थियो ।तर ठाकुरले कार्यकारी अधिकार सहित पहिलो वरियतामा रहने 'चाहना' राखेपछि बैठक बिना निर्णय टुंगिएको हो ।

राजपा अध्यक्ष मण्डलमा ठाकुरको हैसियत र अनिल झाको हैसियत समान छ ।अहिले पार्टीको संयोजक शरतसिंह भण्डारी रहेका छन् ।

वैशाख १० गते राती हतारमा एकिकरण गरिएको समाजवादी पार्टी र राजपाको नाम जनता समाजवादी पार्टी राखेर निर्वाचन आयोगमा प्रतिबद्धता पत्र दर्ता गराइएकोछ ।राजपाको चुनाव चिन्ह र समाजवादीको झण्डा रहेको जसपा पार्टी एकिकरणका लागि दुवै दलले केन्द्रिय समितिबाट निर्णय अनुमोदन गराइसकेका छन् ।

तर दुवै दलका नेताहरुबीच 'शक्ति सन्तुलन' मिल्न नसक्दा पार्टी दर्ताको प्रकृया अगाडी बढन सकेको छैन् ।बैठकमा सहभागि एकजना नेताका अनुसार राजपाले गरेको प्रस्तावपछि समाजवादी पार्टीले यस विषयमा सहमति नभएको र सहमति भन्दा विषय बाहिर गएकाले आ-आफ्नो दलमा पुनः छलफलगरि बस्ने सहमति भएकोछ ।

समाजवादी पार्टीले कार्यकारी अधिकार सहित उपेन्द्र यादवलाई अध्यक्ष बनाउन भएको सहमतिलाई नै कार्यान्वियन गर्नुपर्ने अडान छाडेको छैन् ।

बैठकमा समाजवादीको तर्फबाट डा.भट्टराई, यादव, अशोक राई र राजेन्द्र श्रेष्ठ थिए ।राजपाको तर्फबाट संयोजक भण्डारी, ठाकुर, राजेन्द्र महतो, महेन्द्र यादव र राजकिसोर यादव रहेका थिए ।अनिल झा काठमाण्डु बाहिर रहेकाले बैठकमा सहभागि हुन सकेनन् ।

दुवै दलको बैठक बस्नु अगावे मध्यान्ह १२ बजे बसेको राजपाको बैठकमा ठाकुरलाई सर्वेसर्वा बनाउन वृशेषचन्द्र लाल, चन्दा चौधरी, सर्वेन्द्रनाथ शुक्ला लगायतले लविंग गरेका थिए ।संयुक्त बैठकमा महतोले ठाकुरलाई त्यै अनुसार सर्वाधिकार सम्पन्न अध्यक्ष बनाएर भट्टराईलाई सेरोमोनियल राख्नुपर्ने पर्ने बाध्यता भएपछि राखिने प्रस्ताव गरेका थिए ।

यादव, राई, श्रेष्ठ लगायतलाई भूमिकाविहिन बनाउने प्रयास गरिएको एकजना नेताले बताए । समाजवादी पार्टीका नेताहरुलाई अहिले भूमिका विहिन बनाउने खेलमा राजपा अध्यक्ष मण्डलका केहि नेताहरु लागेकाले परिणाम प्रतिउत्पादक हुन सक्ने उच्चस्रोतले जनाए ।



# ११ प्रदेशसभा सदस्यको रिपोर्ट पोजेटिभ




कपिलवस्तु । प्रदेश नं ५ प्रदेशसभाका सदस्यको बिहीबार कोरोना परीक्षण गरिएको छ । आरडिटी विधिबाट प्रदेशसभा सदस्य, सुरक्षाकर्मी र कर्मचारी गरी ३९८ जनाको परीक्षण गरिएकामा ११ जनाको रिपोर्ट पोजेटिभ आएको प्रदेशसभा सचिवालयका प्रवक्ता श्यामप्रसाद श्रेष्ठले जानकारी दिनुभयो । आरडिटी पोजेटिभ देखिएकाहरुको पिसिआर परीक्षण गरिने बताइएको छ ।

शुक्रबारदेखि प्रदेशसभाको छैटौं अधिवेशन शुरु हुने भएकाले सुरक्षा सतर्कताका लागि कोरोना परीक्षण गरिएको प्रदेशसभा सचिवालयले जनाएको छ । प्रदेशसभाको नियमावलीबमोजिम प्रदेश प्रमुख धर्मनाथ यादवले शुक्रबार अपराह्न १ बजेका लागि प्रदेशसभाको बैठक आह्वान गर्नुभएको छ ।रासस

# बाबुको हत्या आरोपमा दुई छोरा पक्राउ

विराटनगर । विराटनगर महानगरपालिकामा आफ्नै बाबुको हत्या गरेको आरोपमा दुई छोरालाई बिहीबार प्रहरीले पक्राउ



गरी सार्वजनिक गरेको छ । जिल्ला प्रहरी कार्यालय मोरङमा आज आयोजित पत्रकार सम्मेलनमा वडा नं १४ झटियाईका ५५ वर्षीय सत्यराम चौहानको हत्या दुई छोराले गरी शव घरभित्रै पुरेको जनाइएको छ ।

बुबाको हत्यामा जेठो छोरा २९ वर्षीय रोहित र माइलो छोरा २६ वर्षीय नागेन्द्र चौहानको सङ्लग्नता रहेको जिल्ला प्रहरी कार्यालयका प्रमुख विश्व अधिकारीले बताउनुभयो । दुई दाजुभाई मिलेर बाबुको गत शनिबार राति हत्या गरेको प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक मानबहादुर राईले जानकारी दिनुभयो । दुई छोरा मिलेर फरुवाले हानेर बाबुको हत्या गरेपछि घरभित्रै खाल्डो खनेर शव तन्नाले बेरेर पुरेको प्रहरीले जनाएको छ ।

माइली बुहारीले ससुरा विगत तीन दिनदेखि सम्पर्क नभएको जानकारी प्रहरीलाई दिएपछि बुधबार साँझ उत्खनन् गरेर शव बरामदपछि परीक्षणका लागि कोसी अस्पताल पठाइएको थियो ।

सत्यरामका तीन छोरामध्ये जेठा छोरा रोहितसँग बाबुसँगै आफ्नै घरमा बस्थे भने माइला छोरा नागेन्द्र श्रीमतीसहित विराटनगर-१५ मा डेरामा बस्थे । कान्छो छोरा सोमकुमार भने विगत तीन वर्षदेखि बेपत्ता छन् ।

ज्याला मजदूरी गर्ने जेठो छोरा रोहितसँग पैसा माग्दा नभएको बताएपछि बाबुले घरबाट निकाली दिने चेतावनी दिएपछि छोराबीच विवाद हुँदा हत्या भएको प्रहरीको भनाइ छ । बाबुसँग विवाद बढ्दै गएपछि रोहितले नजिकै रहेको फरुवाले शुरुमा बुबाको टाउकोमा प्रहार गरेको र त्यसपछि दुवै दाजुभाई मिलेर सत्यरामको हत्या गरेको प्रहरीले जनाएको छ ।

बुबाको शव बाहिर निकालेमा घटनाका बारेमा गाउँलेले थाहा पाउने भएपछि आफूहरुले घरभित्रै पुरेको उनीहरुले प्रहरीलाई बताएका छन् ।रासस

# प्रदेश ५ सरकारको नीति कार्यक्रम जेठ १० मा

कपिलवस्तु । प्रदेश नं ५ सरकारले आर्थिक वर्ष २०७७।०७८ को नीति कार्यक्रम प्रदेशसभामा प्रस्तुत गर्ने तयारी गरेको छ ।

मन्त्रिपरिषद् बिहीबार बसेको बैठकले नीति कार्यक्रम यही जेठ १० गते प्रदेशसभामा प्रस्तुत गर्न प्रदेश प्रमुखलाई अनुरोध गर्ने निर्णय गरेको हो । बैठकले जेठ १५ गते गणतन्त्र दिवसका अवसरमा दीपावली गर्ने निर्णयसमेत गरेको मुख्यमन्त्रीका प्रेस सल्लाहकार शेरबहादुर केसीले जानकारी दिनुभयो ।

बैठकले तराईका जिल्लामा दुई सय र पहाडी जिल्लामा ५० शय्याको आइसोलेशन केन्द्र बनाउने, केन्द्रमा पिसिआरबाट पोजेटिभ देखिएका बिरामीलाई राख्ने र केन्द्र बनाउन कोभिड कोषबाट रकम दिने निर्णय पनि गरेको छ । प्रदेशसभामा प्रमुख प्रतिपक्ष दल कांग्रेस संसदीय दलका नेता बलदेव शर्मा पोखरेलको निधन भएकामा उहाँले पाउनुपर्ने बीमावापतको रु १० लाख प्रदान गर्ने निर्णयसमेत गरिएको छ ।रासस

# सत्यकै जीत हुने हो, परिआएको सामना गर्न तयार छौँः उपप्रम पोखरेल

काठमाण्डु । 'स्वाधीनता दिवस' मनाउनु नपर्ने, आदिकालदेखि स्वाधीन मुलुक नेपाल, अहिले भारतसँग नेपाली भूमि अतिक्रमण नगर्न भनिरहेको छ । यही जेठ ६ गते नेपालको सङ्घीय संसद्को रोष्ट्रमबाट प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल तथ्य र प्रमाणका आधारमा प्रस्तुत हुने बताउँदै कूटनीतिक संवादका माध्यमबाट समस्या हल गर्न भारतलाई आह्वान गर्नुभएको छ ।

अरुको कहिल्यै उपनिवेश बन्नु नपरेको सानो राष्ट्र नेपाल र १९४७ मा बेलायतबाट स्वतन्त्र भएको भारतबीच लामो समयदेखि सुमधुर सम्बन्धका साथै कतिपय समस्या पनि विद्यमान छन् । नेपालले भारतीय पक्षबाट विभिन्न सीमा क्षेत्रमा अतिक्रमण र हस्तक्षेप खेप्दै आएको छ । आफैँ विदेशी दासताको अनुभव सँगालेको भारतीय जनतालाई आफ्नोजत्तिकै अरूको सार्वभौमसत्ता र भौगोलिक अखण्डताको पनि अहम महत्व हुन्छ भन्ने राम्रै थाहा छ तर भारतको राज्यपक्षका केहीमा भारतीय जनताको त्यो भावना झल्किँदैन ।

भारतसँग सीमा जोडिएका नेपालका सुस्ता, महेशपुर, लिम्पियाधुरा, कालापानीलगायतक्षेत्रमाभारतलेअतिक्रमण र बलमिच्याइँ जारी राखेको छ । यसलाई नेपाली जनताले समयसमयमा प्रतिरोध गर्ने गरेका हुन् । यसपटक भारतीय पक्षबाट नेपालको भूभाग लिपुलेक, लिम्पियाधुरा र कालापानीसमेतलाई समावेश गरी आफ्नो नक्शा सार्वजनिक गरेपछि परम्परागत आत्मीय सम्बन्धमा फेरि ठेस लाग्यो । यस्ता विषयमा कूटनीतिक माध्यमबाट वार्ता गरी समाधान खोज्न नेपालले गरेको प्रस्तावलाई भारतले ढिलाइ गरेपछि नेपालले आफ्ना ती भूभागलाई समेटेर नयाँ नक्शा सार्वजनिक गरेको छ र भारतले यसमा 'आपत्ति' जनाएको छ ।

यसै सन्दर्भमा उपप्रधानमन्त्री एवं रक्षामन्त्री ईश्वर पोखरेलसँग राष्ट्रिय समाचार समिति (रासस) का कार्यकारी अध्यक्ष श्यामल अधिकारी र वरिष्ठ समाचारदाता प्रकाश सिलवालले गरेको कुराकानीको सम्पादित विवरण :



***भारतले नेपालको भूभागमा सडक बनाएर उद्घाटन गराउँदासम्म पनि नेपाल सरकारले आफ्नातर्फबाट त्यसलाई रोक्न पहल नगरेको भन्ने आलोचना भइरहेको देखिन्छ । यसबारेमा नेपाली जनता आश्वस्त हुने गरी भनिदिनोस्, सरकारले केके गरेको हो ?***

इतिहासमै पहिलोपटक, वर्तमान सरकारले नेपाल भारत सीमा क्षेत्रमा नेपाली भूमिमाथि अतिक्रमण भएको छ, यस्तो काम रोकियोस् भनी नेपालका तर्फबाट भारत सरकारलाई औपचारिक पत्राचार गरेको हो भन्ने तथ्यलाई स्मरण गराउन चाहन्छु । हामीले हामीसँग उपलब्ध ऐतिहासिक तथ्य, प्रमाण र सन्धिसम्झौताका आधारमा यो कुरा उठाएका हौँ । यसकै आधारमा हामीले नयाँ नक्शा जारी गरेका छौँ । यसरी भारतले नेपालको भूमि अतिक्रमण गरेको छ भनेर हामीले कूटनीतिक नोट पठाउन लागिपर्नु जस्तो घटनाले हाम्रो निकटतम छिमेकीको व्यवहार र प्रवृत्तिलाई देखाउँछ ।

***यो पहल गर्न ढिलाइ त भएको हो नि ?***

त्यहाँ सडक बनाउनेबारेमा चीन र भारतबीच मात्र गरिएको द्विपक्षीय सहमतिबारे त्यसबेला नै नेपाल सरकारका तर्फबाट आपत्ति जनाइएको थियो । भौतिक पूर्वाधारको असुविधा, भौगोलिक विकटता, मौसमको प्रतिकूलता र सञ्चार सम्पर्कको असुविधाका कारणले पनि त्यहाँ भइरहेका वाञ्छित अवाञ्छित गतिविधिका बारेमा समयमै यथोचित जानकारी नहुनु स्वाभाविक नै हो । यसबीचमा भारतले चीनको स्वशासित क्षेत्र तिब्बतको मानसरोवर जोड्ने सडकको ट्र्याक खोल्ने काम गरेको पाइयो । र, भारतका रक्षामन्त्रीले दिल्लीबाटै उद्घाटन गरेको देखियो ।

वर्तमान सरकारले भारतले गत नोभेम्बर २ मा नक्शा जारी गरेलगत्तै भारत सरकारलाई कूटनीतिक नोट पठाएर वार्ताको प्रस्ताव गरेको हो तर त्यसयता पनि भारतीय पक्षको हेपाहा र छिमेकीको संवेदनशीलतालाई ख्याल नगर्ने प्रवृत्ति देखिँदै आएको छ । सीमा क्षेत्रको विकट भूगोल र नेपालको प्रशासनिक उपस्थिति नहुनुजस्ता कमजोरीबाट फाइदा लिन खोजियो । यही क्रममा भारतीय रक्षामन्त्रीबाट सडक उद्घाटन गरिएको समाचार आएपछि हामीले पुनः आपत्ति जनाएर संवादमा आउन आग्रह गरेका हौँ ।

***केही महिनाअघि मात्रै तपाईँ दार्चुलाको स्थलगत भ्रमणमा जानुभएको थियो । त्यस बेलासम्मको स्थिति के पाउनुभएको थियो ? त्यहाँबाट फर्केपछि के पहल गर्नुभयो ?***

म गत फागुन ४ र ५ गते दार्चुला पुगेको थिएँ । जिल्लाका जनप्रतिनिधि र नेपाली सेनाको सीमा हेर्ने अधिकारीसहित त्यहाँको सीमा क्षेत्रको संवेदनशील र अतिक्रमित भूमिको वस्तुस्थितिबारे बुझ्न पुगेको हुँ । बाक्लो हिमपात भएका कारण भ्रमणको योजनाअनुरुप सिमाना र त्यस क्षेत्रका महत्वपूर्ण ठाउँसम्म पुग्न सकिएन । त्यसकारण त्यहाँ भारतीय पक्षले मानसरोवर जोड्ने सडक बनाइरहेको विस्तृत विवरण लिन सम्भव भएन ।

दोस्रो, त्यहाँबाट फर्केपछि मैले प्रधानमन्त्रीलाई त्यहाँ आफूले देखेबुझेको वस्तुस्थितिबारे अवगत गराएको थिएँ । मेरो भ्रमणले सरकारका तर्फबाट तत्काल गर्नुपर्ने कामहरू सुनिश्चित गर्न थप सहयोग पुगेको छ । फलस्वरुप हामीले दार्चुलाको छाङ्गरुमा सशस्त्र प्रहरी सीमा सुरक्षा चौकी (बिओपी) स्थापना गरेका छौँ । नयाँ राजनीतिक र प्रशासनिक नक्शा सार्वजनिक भएको छ । अब ऐतिहासिक तथ्य र प्रमाणहरूका साथै सिङ्गो मुलुकका राजनीतिक शक्तिहरूको साझा र संयुक्त अडानका बलको आधारमा गम्भीर राजनीतिक र कूटनीतिक पहललाई अविलम्ब अघि बढाउनु छ । त्यहाँ पूर्वाधार विकास र विस्तृत सुरक्षा योजना कार्यान्वियन गर्नुपर्ने छ । खासमा दार्चुला सदरमुकामदेखि टिङ्कर भन्ज्याङसम्मको ८७ किलोमिटरसम्मको सडक बनाउनु अति आवश्यक छ । मेरो भ्रमण त्यस सडकका निर्माणका सन्दर्भमा पनि थियो । मन्त्रिपरिषद्को बैठकले सो सडक बनाउने जिम्मेवारी नेपाली सेनालाई दिइसकेको अवस्थामा अब आउने आर्थिक वर्षको बजेटमा उक्त सडक निर्माणका लागि प्राथमिकतासहित बजेट तर्जुमा हुनेछ र निर्माणको काम शुरु हुनेछ ।

छाङ्गरु भन्ने गाउँ लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रमा जाने महत्वपूर्ण विन्दुमा पर्छ । त्यहाँबाट देब्रेतिर लाग्दा लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र पर्छ । दाहिनेतिर लाग्दा टिङ्कर भन्ज्याङ आउँछ, जहाँबाट तिब्बतको ताक्लाकोट पुगिन्छ । जिल्ला सदरमुकाम रहेको दार्चुला तर्फबाट टिङ्कर भञ्ज्याङसम्म पुग्ने ८७ किमी बाटो बनाउन विसं २०६५ देखि प्रारम्भ गरिएको भए पनि अगाडि बढ्न सकेको थिएन । अत्यन्त विकट मानिएको र निर्माणका लागि ठेक्कासमेत लाग्न नसकिरहेको अवस्थामा त्यो घोषित सडक निर्माणका लागि नेपाली सेनालाई जिम्मेवारी दिने निर्णय हुनुपूर्व म त्यहाँ पुगेको थिएँ । नेपाली सेनाले सडक निर्माणको काम अब शुरु गर्दैछ ।

***अब छाङ्गरुभन्दा अलि पर सीमासम्म हाम्रा सुरक्षा पोष्टहरु राख्नुपर्ने होइन ? यसमा नेपाली सेनाको जिम्मेवारी के हुनेछ ?***

ती स्थानमा पूर्वाधार विकास र सुरक्षा प्रबन्ध हुनुपर्छ । हामी त्यहाँ पुग्दा पनि नेपाली सेनालगायत सुरक्षा निकायका स्थायी पोष्टहरू राख्ने, नेपालको भूभागमा पर्ने अन्य ठाउँहरूमा तत्काल अस्थायी पोष्टहरू भए राख्ने निष्कर्षमा पुगेका थियौँ । अब सेनालाई सीमाबाट कति यता राख्ने भन्ने संविधानको व्यवस्थाअनुसार हुनेछ । मुख्य कुरा, अहिले लिम्पियाधुरा, लिपुलेक र कालापानीमाथिको नेपालको हकका सम्बन्धमा सिङ्गो नेपाल राष्ट्र एकताबद्ध छ । त्यहाँ बृहत् सुरक्षा र विकास कार्यक्रम आवश्यक छ । भोलि ती क्षेत्रलाई हामीले विशाल संरक्षित क्षेत्रका रूपमा पनि विकसित गर्नुपर्ने हुन सक्छ ।

ऐतिहासिक तथ्य, प्रमाण र राष्ट्रिय शक्तिहरूको एकताबद्ध सङ्कल्पसहित नेपालले आफ्नो भूमिमाथि आफ्नो स्वामित्वलाई क़ायम गर्न सक्छ, अतिक्रमित सीमाक्षेत्रको रक्षा गर्न सक्छ । राष्ट्रपतिले संसद्मा प्रस्तुत गर्नुभएको वर्तमान सरकारको नीति तथा कार्यक्रममा पनि यो प्रतिबद्धता व्यक्त भइसकेको छ । सरकार आफ्नो जमीनको रक्षाका लागि प्रतिबद्ध छ ।

***यस सीमा क्षेत्रका सम्बन्धमा भारतीय बुद्धिजीवी र सञ्चार क्षेत्रको एक तप्का जसरी आक्रामक देखिएको छ, त्यो हदको त होइन तर नेपालले व्यवस्थित रुपमा प्रतिवाद गर्दै हाम्रो सञ्चार प्रणाली र प्राज्ञिक वर्गलाई परिचालित गर्नुपर्ने होइन ?***

भारतीय मिडिया सतही रूपमा बृटिश उपनिवेशकालीन हेपाहा मानसिकता बोकेर नेपालको विपक्षमा उत्रेको जस्तो लाग्छ । यसले भारतीय समाजलाई पनि कलंकित र प्रदूषित बनाउँछ । वास्तवमा त्यहाँ राज्यको चरित्र त्यहाँको मिडियामा प्रतिविम्बित भएको देखिन्छ । यसमा हाम्रा पनि केही कमजोरी हुन सक्छन् ।

लामो समयसम्मको अस्थिरताका कारण पनि राष्ट्रियतालाई बलियो बनाउने सवालमा हामीलाई धेरै नोक्सान भएको छ । हामीले बल्ल राजनीतिक स्थायित्वको यात्रा तय गरेका छौँ । हामी सङ्गठित रूपमा लाग्नुपर्छ । सरकारका गल्ती कमजोरी भएमा ठीक ढङ्गले सञ्चालित होओस् भन्नुपर्नेमा 'दुई वर्ष पुगेकाले अब नयाँ सरकार ल्याउन पाइन्छ' भन्ने सोचलाई मलजल गरिएको छ । यस्ता भ्रमलाई चिर्न र सही सूचना प्रवाह गर्न राज्यको सञ्चार प्रणालीलाई हामीले प्रभावकारी र बलियो बनाउनुपर्छ ।रासस

# पतरौताको एक युवकमा कोरोनाको आशंका

**सिकेन्द्र पासवान**

कलैया । बाराको पतरौता नगरपालिका वडा नम्बर १ मा एक जना युवकमा कोरोनाको आशंका देखिएको छ । भारतको गुजरात गान्धी नगरमा सरकारी जागिर गरिहेको पतरौता नगरपालिका वडा नम्बर १ पिपरपाती निवासी ३० बिर्षय ती युवकमा कोरोना भाइरसको संक्रमण हुन सक्ने आशंका गरिएको हो । गएको जेठ ४ गते गुजरातबाट नेपाल आउने क्रममा भारतको बनकटवामा एसएसबी फोर्सले नियन्त्रणमा लिई स्थानीय क्वारेन्टाइनमा एक दिन राखेको थियो । आफू लगायत १२ जनाको स्वाब लिएकोमा ७ जनाको रिपोर्ट भने पोजेटिभ आएको उनले बताए । मेरो रिपोर्ट भने निगेटिभ आएको बताउदै एउटै धारा खानेपानीका लागि संक्रमित ७ जना र म स्वयम पनि प्रयोग गरिरहेको ती युवकले बताए ।

आफु बनकटवाबाट जेठ ५ गते पतरौता गाउँमा आउँदा वोर्डरबाटै सशस्त्र प्रहरीले नियन्त्रणमा लिई पतरौता नगरपालिकामा रहेको क्वारेन्टाइनमा राखेको थियो । तर, त्यहाँ कुनै प्रकारको सुबिधा नरहेको र घाँटीमा समस्या देखेपछि जेठ ८ गते प्रहरीलाई सबै जानकारी दिएपछि कलैया अस्पतालमा रहेको आइसोलेसन वार्डमा आफूलाई ल्याएको उनले बताए । आफु पढे लेखेको सचेत नागरिकका नाताले मेरो रिपोर्ट निगेटिभ देखिए पनि सँगै क्वारेन्टाइनमा रहेको १२ जना मध्ये ७ जनामा कोरोना पोजेटिभ आएको हुदा आफु पनि संक्रमित भएको हो की ? भने आशंका भएको उनले थपे ।

आफु र पतरौता नगरपालिकाका नागरिकहरुलाई पुर्व सचेतका लागि नेपालमा नै मेरो स्वाब परीक्षण गराईदिन प्रहरीलाई भनिएको उनको दावी रहेको छ । कलैया अस्पतालको आइसोलेसनमा राखिएको ती युवकको चाँडै स्वाब लिई परीक्षणका लागि काठमाण्डु पठाउने र त्यहाबाट आएको रिपोर्ट नै आधिकारिक रिपोर्ट मानिने प्रहरी उपरिक्षक कृष्ण पंगेनीले जानकारी दिए ।

युवकले हामीलाई कोरोना लागेको जस्तो पुर्ण लक्षण भएको गम्भिरतापुर्वक कुरा गरेको र भारतको बनकटवामा हामीसंग रहेको १२ जना ब्यतिहरु मध्ये ७ जनामा कोरोना पोजेटिभ पुष्टि भएको कुरा गरेको हुदा आशंका भएको प्रहरी उपरिक्षक पंगेनीले जानकारी दिए ।

भारतीय प्रहरीले पनि ती ब्यतिलाई निगरानी गर्नु भनेको हुदा हामी भारतिय प्रहरी अनि आइसोलेसनमा रहेको युवकको कुरालाई गंभिरतापुर्वक लिएर उनलाई कलैया अस्पतालमा ल्याएको बताए ।

# सामाजिक सुरक्षा भत्ता वितरण रोकिएकामा ध्यानाकर्षण

काठमाण्डु । नेपाली काँग्रेसका सांसद प्रकाश पन्थले अतिअशक्त अपाङ्गता भएका व्यक्ति र ६० वर्ष मुनिका असहाय एकल महिलालाई विगतदेखि पाउँदै आएको सामाजिक सुरक्षा भत्ता वितरण नगर्ने निर्णयप्रति ध्यानाकर्षण भएको उल्लेख गर्नुभएको छ ।

उहाँले बिहीबार एक विज्ञप्तिमार्फत यस कार्यबाट संविधानले ग्यारेन्टी गरेको सम्मानपूर्वक बाँच्न पाउने मौलिक हकको हनन हुने र संविधानले आत्मसात गरेको मौलिक हकको प्रतिकूलसमेत भएको भन्दै विरोध जनाउनुभएको हो । यो कार्य कोरोना महामारीबाट जनता प्रताडित भइरहेको विषम अवस्थामा नेपालको संविधानमा उल्लेख भएको 'अशक्त, अपाङ्गता भएका व्यक्ति र असहाय नागरिकले सामाजिक सुरक्षाको हकबाट बञ्चित रहनुपर्ने छैन' भन्ने प्रावधान प्रतिकूल रहेको भनी सांसद पन्थले टिप्पणी गर्नुभएको छ ।

अतिअशक्त अपाङ्गता भएका व्यक्ति र असहाय एकल महिलाको भत्ता रोकिनु भनेको अत्यन्त अमानवीय कार्य भएको भन्दै उहाँले उक्त निर्णय तत्काल खारेज गरी अविलम्ब सामाजिक सुरक्षा भत्ता वितरण गर्न सरकारसँग माग गर्नुभएको छ ।रासस

## तपाईंको आज

आचार्य पण्डित : श्री सन्तोष कु. पाण्डेय

| | |
|---|---|
| मेष | : पारिवाहिक सुख । |
| बृष | : वाद विवादबाट बच्नु । |
| मिथुन | : प्रेम प्रसंग, मित्र सुख । |
| कर्कट | : शिक्षामा उन्नति । |
| सिंह | : सुख समृद्धि हुने । |
| कन्या | : नयाँ कार्य हुने । |
| तुला | : धन बृद्धि सञ्चय । |
| बृश्चिक | : बौद्धिक क्षमता । |
| धनु | : पुरस्कार प्राप्त लाभ । |
| मकर | : प्रतिभा सम्पन्नता । |
| कुम्भ | : अवसर प्राप्त । |
| मीन | : भ्रमण अवसर हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३१३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| एयर पोर्ट | ५२००४४ | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# बाहिरबाट फर्किएकाको स्वास्थ्य जाँच गर्न चुनौती



कैलाली । भारतलगायतका ठाउँबाट नेपाली धमाधम फर्किन थालेपछि उनीहरुलाई क्वारेन्टाइनमा राख्ने, खाना र स्वास्थ्य जाँचलगायतको व्यवस्थापन गर्ने चुनौती देखिन थालेको छ। सुदूरपश्चिम प्रदेशको गड्डाचौकी र गौरीफन्टा सीमानाका हुँदै भारतबाट नेपाली भित्रिनेक्रम पछिल्ला दिनमा बढेको छ । यसबाहेक नेपालका कपिलवस्तु, सप्तरी, सिराहालगायतका जिल्लाबाट कैलाली फर्किने पनि बढ्न थालेका छन् ।

गएको तीन दिनमा भारतबाट गौरीफन्टा नाका हुँदै भित्रिएकालाई क्वारेन्टाइनका रुपमा प्रयोग गरिएका विद्यालयमा राखिएको कैलालीको चुरे गाउँपालिकाका अध्यक्ष धनबहादुर रोक्कामगरले बताउनुभयो । स्वास्थ्य सामग्रीको अभावमा उहाँहरुको स्वास्थ्यको नमूना जाँच कहिले गर्ने कसरी गर्ने भन्ने चुनौती स्थानीय तहलाई देखिएको उहाँले बताउनुभयो ।

कोरोनाको सङ्कटसँगै कैलालीका स्थानीय तहले कतिपय विद्यालयलाई क्वारेन्टाइनका रुपमा प्रयोग गरिरहेका छन् । जिल्लाको बर्दगोरिया गाउँपालिकामा मात्रै केही दिनयता नेपालका कपिलवस्तु, सप्तरी, दाङका साथै भारतबाटसमेत गरी झण्डै ६० जना फर्किएका छन् । धनगढी उपमहानगरपालिका क्षेत्रमा क्वारेन्टाइनका रुपमा प्रयोग भएका विद्यालयका साथै कैलाली बहुमुखी क्याम्पसमा फर्किनेलाई राख्न थालिएको छ।

उद्धार कार्यमा नगरप्रमुख नृपबहादुर ओड आफैँ खटिनुभएको छ । बुधबार राति अबेरसम्म नाकामै बसेर सीमामा अलपत्र परेका नेपालीको उद्धार गर्‍यौं, उहाँले भन्नुभयो । गाउँपालिका स्तरमा कोरोनाको शङ्कास्पद व्यक्तिको आरडिटी किटमार्फत स्वास्थ्यको नमूना जाँच हुने गरेकामा अधिकांश गाउँपालिकामा यो किटको अभाव देखिएको बताइएको छ ।

प्रदेशका सामाजिक विकासमन्त्री कृष्णराज सुवेदीले आरडिटी जाँचका लागि देखिएको किटको अभावको पूर्ति गर्न पहल गरिएको बताउनुभयो ।

किट उपलब्ध गराइदिन सङ्घीय सरकारलाई आग्रह गरेका छौँ, उहाँले भन्नुभयो, सङ्घीय सरकारले किट प्राप्त गरेपछि भागमा पर्ने किट हामी पाउँछौं । सरकारले गरेको लकडाउनको पूर्ण परिपालना गर्नुपर्छ भन्नेमा आफू प्रतिबद्ध रहेको मन्त्री सुवेदीले बताउनुभयो । रासस

# कोरोनाबाट निको हुने ४९

काठमाण्डु । काठमाण्डुको टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा उपचारत चार कोरोना भाइरस सङ्क्रमित व्यक्ति निको भई घर फर्किनुभएको छ। निको हुनेमा दुई महिला तथा दुई पुरुष हुनुहुन्छ ।

नवौँ दिनको बसाइपछि उहाँहरुलाई बिहीबार अस्पतालले डिस्चार्ज गरेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नियमित पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता डा विकास देवकोटाले जानकारी दिनुभयो । डिस्चार्ज हुनेमा २३ वर्षीया महिला, ३७ वर्षीय पुरुष, २५ वर्षीया महिला र २७ वर्षीय पुरुष हुनुहुन्छ । यससँगै कोराना सङ्क्रमणबाट निको हुनेको संख्या ४९ पुगेको छ ।

त्यसैगरी आज झापामा आठ र रुपन्देहीमा एक गरी नयाँ थप नौ जनामा कोरोना भाइरसको संत्रमण पुष्टि भएको छ । मन्त्रालयका प्रवक्ता देवकोटाका अनुसार झापाको लक्ष्मीप्रसाद देवकोटा माविको क्वारेन्टाइनमा रहनुभएका आठ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको हो ।

उहाँहरु १७, १८, १८, २०, २०, २३, ५२ र ५५ वर्षको गरी आठ जनाको रिपोर्ट कोरोना पोजेटिभ आएको हो । रुपन्देहीका २७ वर्षीय पुरुषमा पनि सङ्क्रमण पुष्टि भएको हो । यससँगै कूल सङ्क्रमितको संख्या ४५३ पुगेको छ भने ३८ जिल्लामा कोरोना भाइरसको सङ्क्रमण फैलिएको छ ।

नेपालमा कोरोना भाइरसको सङ्क्रमणबाट मृत्यु हुनेको संख्या तीन पुगेको छ । स्वास्थ्य मन्त्रालयका प्रवक्ता विकास देवकोटाका अनुसार रुपन्देहीको मणिग्रामस्थित क्रिमसन अस्पतालको सघन कक्षमा उपचाररत गुल्मीका ४१ वर्षीय पुरुषको आज बिहान मृत्यु भएको हो ।रासस

# लकडाउनमा कडाइः वनक्षेत्रमा चहलपहल घट्दै

जलेश्वर । बस्ती-बस्तीमा लकडाउन कडाइ गरिँदै लगिएसँगै महोत्तरीका वन क्षेत्रमा तस्कर हरूको चहलपहल घटेको छ।

पछिल्लो साता जिल्लाका सबैजसो बस्तीमा स्थानीयवासीको तदारुकतामा लकडाउन परिपालनाका लागि कडाइ हुन थालेपछि वन क्षेत्रमा तस्करको चहलपहल देखिन छाडेको हो । जेठ लागेयता वनमा शिकारी र काठ तस्कर नपसेका डिभिजन वन कार्यालय महोत्तरीको निष्कर्ष छ।

पछिल्लो साता वनका कुनै रूख नकाटिएका र वन्यजन्तुको विचरण पनि राम्रो रहेको डिभिजन प्रमुख हेमन्तप्रसाद साहले बताउनुभयो । "जिल्लाका बस्तीमा लकडाउनबारे आम मान्छेमा बढेको सकारात्मक सचेतनाले सवारी आवागमन एकदमै पातलिएको छ", उहाँले भन्नुभयो, "सवारी आवागमन हुन नदिन बढेको कडाइले वन सुरक्षामा पनि सकारात्मक प्रभाव पारेको छ।" वैशाख अन्तिमदेखि नै वनमा बाहिरी चहलपहल स्वात्तै घटेपछि वन्यजन्तु निश्चिन्त भएर विचरण गरिरहेका र कुनै रूख पनि नकाटिएको प्रमुख साहको भनाइ छ। यसैगरी जेठ लागिकन लगातार भइरहेको वर्षाले पनि बाह्य चहलपहल घटाएको देखिँदो छ।

यसबीचमा डिभिजन कार्यालय मातहतका जिल्लाका छ सवडिभिजन कार्यालयमध्ये सघन वन क्षेत्रसँग जोडिएका चार डिभिजन कार्यालयले आफ्ना क्षेत्रभित्रका सामुदायिक वन उपभोक्ता समितिको तत्परतामा वन संरक्षण समन्वय संयन्त्र गठनसमेत गरेका छन् । चार सव डिभिजनमातहतका करिब ७० सामुदायिक वन उपभोक्ता समितिले आ-आफ्ना क्षेत्रभित्र बनाएका संयन्त्रको खबरदारीले पनि तस्कर वन पस्न डराएका डिभिजन वन कार्यालयको निष्कर्ष छ। जिल्लामा २४ हजार हेक्टर क्षेत्रफलमा वन रहेको छ।

"कार्यालयकै विशेष तालिमप्राप्त तीन सुरक्षा गस्ती टोली पालोपालो गस्तीमा जाँदैछन्, सामुदायिक वन उपभोक्ता समितिले सवडिभिजन क्षेत्रमा संयन्त्र गठन गरेर सक्रियता बढाएपछि तस्करहरूमा झन् डर पसेको छ" । रासस

# स्वास्थ्य मन्त्रालयमा जागिर लगाइदिन्छु भनी ठगी गर्ने पक्राउ

काठमाण्डु । नेपाल प्रहरीले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको विभिन्न पदमा जागिर लगाइदिन्छु भनी ठगी गर्ने एक जनालाई पक्राउ गरेको छ।

प्रहरीको महानगरीय अपराध महाशाखाले आफू सशस्त्र प्रहरी बलको प्रहरी नायब उपरीक्षक भएको र स्वास्थ्य मन्त्रालयमा जागिर लगाउन सक्ने भन्दै ठगी गर्ने तारकेश्वरका ४५ वर्षीय राजकुमार चापागाईंलाई पक्राउ गरी आज सार्वजनिक गरेको हो।

महाशाखाका प्रहरी उपरीक्षक ईश्वर कार्कीले पक्राउ परेका चापागाईंले स्वास्थ्य मन्त्रालयको खरिदार, रिसेप्सनिष्ट, सहायक लेखापालजस्ता महत्वपूर्ण पदमा जागिर लगाइदिन्छु भनी विभिन्न व्यक्तिसँग लाखौं रुपैयाँ ठगी गरेको उजुरीका आधारमा पक्राउ गरिएको जानकारी दिनुभयो।

काठमाडौँ पेप्सीकोलाका सम्झना केसी भट्टराईसँग रु एक लाख २० हजार लिँदै गरेको अवस्थामा चापागाईंलाई पक्राउ गरेको महाशाखाले जनाएको छ। पक्राउ व्यक्ति यसअघि पनि ठगी गरेको कसुरमा चार वर्ष नखबु कारागारमा कैद भुक्तान गरेको अनुसन्धानमा खुल्न आएको छ, प्रवक्ता कार्कीले भन्नुभयो । यसअघि पक्राउ पर्दा चापागाईंले आफू उच्चपदस्थ व्यक्तिको पिए भनी कारागार तथा प्रमुख जिल्ला अधिकारीलाई फोन गरी कैदी रिहा गर्न आदेश दिने गरेको अनुसन्धानमा खुलेको छ । आर्मी स्कुलमा बच्चा भर्ना गराइदिन्छु भनी विभिन्न व्यक्तिलाई प्रलोभनसमेत दिने गरेका थिए।

पक्राउ परेका चापागाईंसँग प्रहरीले सशस्त्र प्रहरी बलको प्रहरी नायब उपरीक्षकको नक्कली परिचयपत्र एक थान, खरिदार पदको नक्कली परिचयपत्र एक थान, स्कुटर एक थान, मोबाइल एक थान, सिमकार्ड तीन थान र रु एक लाख २० हजार नगद बरामद गरेको छ ।रासस

# शिक्षकलाई अनलाइन तालिम

काठमाण्डु । बन्दाबन्दीका समयमा अनलाइन प्रविधिबाट शिक्षण सिकाइका लागि शिक्षकहरू विभिन्न तालिम र प्रशिक्षणमा जुटेका छन् । सूचना, सञ्चार र प्रविधिसँग अभ्यस्त हुँदै विद्यार्थीलाई सिकाइमा निरन्तर जोड्न शिक्षकका राष्ट्रिय संस्थाले प्रशिक्षण र सहजीकरण गरिरहेका छन्।

सहजीकरणका क्रममा नेपाल राष्ट्रिय शिक्षक सङ्गठन, ललितपुर जिल्ला समितिले २० दिने 'टिचिङ विथ आइसिटी कम्पेटेन्सी बेस्ड अनलाइन वर्कसप' सञ्चालन गरेको छ । कूल १६७ शिक्षक नियमित सहभागी उक्त अनलाइन प्रशिक्षणमा यही जेठ ९ गतेसम्म चल्नेछ। प्रशिक्षण गत वैशाख ३१ मा शुरु भएको सो सङ्गठनका जिल्ला अध्यक्ष सुरेन्द्रकुमार घिमिरेले जानकारी दिनुभयो । कार्यशालाको संयोजनविज्ञ शिक्षक दिनेशकुमार थापा तथा प्राविधिक सहयोग शिक्षक रामचन्द्र सुवेदी र हरि खड्काले गरिरहनुभएको छ ।

प्रशिक्षणकै सन्दर्भमा नेपाल शिक्षक महासङ्घका अध्यक्ष बाबुराम थापा, नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका अध्यक्ष लक्ष्मण शर्मा, महासचिव हंश शाही, केन्द्रीय सदस्य कमला थापालगायतले शुभकामना र प्रशिक्षण दिनुभएको छ । प्रशिक्षणमा विभिन्न विषयका विज्ञ र शिक्षाका केन्द्रीय निकायका अधिकारीले पनि सहजीकरण गरिरहनुभएको जनाइएको छ ।रासस

# अंपुन चक्रवात प्रभाव : हल्कादेखि मध्यम वर्षाको सम्भावना

काठमाण्डु । अंपुन चक्रवातको प्रभावले बिहीबार देशभर बदली रही काठमाण्डु उपत्यकासहित देशका अधिकांश भूभागमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ। बङ्गालको खाडीमा बनेको चक्रवात जमीनमा प्रवेश गरिसकेकाले यसको प्रभाव अझै दुई दिन कायम रहने मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । चक्रवात अंपुनको अप्रत्क्ष प्रभावले आज देशको पूर्वी भूभागमा पूर्ण बदली रही केही स्थान र पश्चिमी तथा मध्यका एकदुई स्थानमा मेघगर्जन, चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको मौसमविद् मीनकुमार अर्यालले बताउनुभयो ।

चक्रवात वेस्त बङ्गाल र बङ्गलादेशको तटीय क्षेत्र पार गरी लगाातार उत्तरपूर्वतर्फ अगाडि बढिरहेको छ । त्यसपछि यो चक्रवात क्रमशः कमजोर बन्दै उत्तर-पूर्वी दिशातर्फ मोडिने सम्भावना रहेको जनाइए छ । मौसमविद्का अनुसार चक्रवातको प्रत्यक्ष प्रभाव नरहे पनि यसको अप्रत्यक्ष प्रभावबाट देशको खासगरी पूर्व र मध्य क्षेत्रका केही स्थान प्रभावित भई आगामी दुई दिनसम्म केही स्थानमा वर्षाका साथै उच्च हिमाली क्षेत्रमा हिमपातसमेत हुन सक्ने तथा पूर्व र मध्यक्षेत्रमा खोलानालामा जलप्रवाहमा बढोत्तरी हुने भएकाले सतर्कता अपनाउन अनुरोध गरिएको छ।

राति देशको पूर्वी भूभागमा पूर्ण बदली रही बाँकी भूभाग बदली भई पूर्वी भूभागका केही स्थान र मध्य भूभागका एकदुई स्थानमा मेघगर्जन, चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको बताइएको छ। देशको पूर्वी भूभाग तथा मध्य पहाडी भूभागमा शुक्रबार सामान्य बदली रही पूर्वी भूभागका केही स्थान साथै मध्य र पश्चिमी पहाडी भूभागमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ ।

शनिबार देशको मध्य तथा पूर्वी भूभागमा सामान्य बदली रही पश्चिमी भूभागमा आंशिक बदली रही मध्य तथा पूर्वी भूभागका केही स्थान र पश्चिमी भूभागका थोरै स्थानमा मेघगर्जनसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको महाशाखाले जनाएको छ । महाशाखाको पछिल्लो विवरणानुसार काठमाण्डु उपत्यकाको न्यूनतम तापक्रम १६ दशमलव शून्य डिग्री र अधिकतम तापक्रम ३० दशमलव तीन डिग्री सेल्सियस रहेको छ। बिहीबार सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम छ दशमलव चार डिग्री र सबैभन्दा बढी नेपालगञ्जको अधिकतम तापक्रम ३८ दशमलव दुई डिग्री सेल्सियस रहेको छ ।रासस

# बाह्र सुरक्षाकर्मीमा कोरोनाः उच्च मनोबलका साथ अग्रभागमा

काठमाण्डु। कोभिड-१९ को सङ्क्रमण फैलिन नदिन सरकारले जारी गरेको बन्दाबन्दीको आदेश कार्यान्वय गर्न सुरक्षाकर्मी अग्रपङ्क्तिमा खटिएका छन् । सङ्क्रमको जोखिम कायमै हुँदा सुरक्षाकर्मीले उपलब्ध व्यक्तिगत स्वास्थ्य सुरक्षा अपनाउँदै कार्यस्थलमा काम गरिरहेका कतिपय सुरक्षाकर्मीलाई कोभिड-१९ को सङ्क्रमण देखिएको छ । प्राप्त विवरणअनुसार मुलुकमा ४५३ जनामा कोभिड-१९ सङ्क्रमण देखिदा त्यसबाट १२ जना सुरक्षाकर्मी समेत प्रभावित हुन पुगेका छन् । उनीहरुको आइसोलेशनमा राखेर उपचार जारी छ । नेपाल प्रहरीका छ, सशस्त्र प्रहरीका चार र नेपाली सेनाका दुई जनामा कोरोना भाइरस देखिएको हो । सबैको स्वास्थ्य अवस्था सामान्य रहेको जनाइएको छ।

आम सुमदायसँग नियमित रुपमा जोडिन पुग्ने सुरक्षाकर्मीमा रोग देखियो भने नागरिकमा सर्ने सम्भावना अधिक हुन्छ । त्यसतर्फ सचेत हुनुपर्ने आवश्कता सम्बद्ध सुरक्षा अधिकारीहरुले औँल्याएका छन् । स्वास्थ्य परीक्षण र उपचारमा खटिएका स्वास्थ्यकर्मीलाई जत्तिकै जोखिम सुरक्षाकर्मीलाई पनि छ। तर स्वास्थ्यकर्मीले झैं व्यक्तिगत सुरक्षा सामग्री र आवश्यक सावधानी अपनाउन सकिरहेका छैनन् ।

मानिसको भिडभाड रोक्नुपर्ने भएकाले चाहेर पनि उनीहरुले सामजिक दूरी कायम गर्न सक्दैनन् । कपडा कै मास्कमा सुरक्षा दिएर बस्नु परिरहेको छ । हाल उपलब्ध स्रोतसाधनका बीच उच्च मनोबलका साथ सुरक्षाकर्मीले सरकारको आदेश पालनासँगै आफ्नो कर्तव्य पूरा गरिरहेका छन् ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता नीरजबहादुर शाही सङ्क्रमण फैलिन नदिन सतर्कता अपनाएर उच्च मनोबलका साथ प्रहरीले काम गरिरहेको बताउनुहुन्छ । सङ्क्रमण फैलनबाट रोक्न नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीले आवश्यक क्वारेन्टिनको व्यवस्थापन गरेका छन् । घर बिदाबाट आएकालाई क्वारेन्टिनमा राखेर स्वास्थ्य मापदण्डअनुसार परिचालन गर्ने गरिएको छ ।

प्रवक्ता शाहीका अनुसार काठमाडौँको कालीमाटी वृत्तमा कार्यरत प्रहरी सहायक निरीक्षक र प्रहरी नायब निरीक्षकमा बुधबार सङ्क्रमण देखिएपछि वृत्तलाई नै सील गरेर स्वास्थ्य परीक्षण थालिएको छ । धनकुटा, बारामा एक/एक र कपिलवस्तुमा दुई प्रहरीमा सङ्क्रमण देखिएको छ । उपत्यका प्रहरीको नेतृत्व गर्ने महानगरीय प्रहरी कार्यालयका प्रमुख विश्वराज पोखरेल अग्रपङ्क्तिमा खटिने प्रहरीमा सङ्क्रमण हुनसक्छ भन्ने पूर्वानुमान रहेकाले केहीमा लाग्नु स्वभाविक भएकाले प्रहरी अझै सतर्कताका साथ हतोत्साही नभई कार्यस्थलमा खटिएको बताउनुहुन्छ ।

सीमा क्षेत्रमा खटिएको सशस्त्र प्रहरीका चार कर्मचारीमा समेत कोभिड-१९ को सङ्क्रमण भएको छ । सशस्त्र प्रहरीका केन्द्रीय प्रवक्ता नायब महानिरीक्षक प्रविणकुमार श्रेष्ठ उच्च जोखिम मोलेर मुलुकको शान्ति सुरक्षामा खटिएका सशस्त्र प्रहरीमा केही सङ्क्रमण देखिए पनि मनोबल नघट्ने बताउनुहुन्छ । आवश्यक सुरक्षा मापदण्ड अनुसार नै सशस्त्र प्रहरी परिचालन गरिएको उहाँले बताउनुभयो । नेपाली सेनामा दुई अधिकृतलाई समेत कोभिड-१९ देखिएको नेपाली सेनाका प्रवक्ता विज्ञानदेव पाण्डेले बताउनुभयो । उहाँका अनुसार विदेशमा थप एक जनालाई सङ्क्रमण भएको छ ।

मुलुकको शान्ति सुरक्षा कायम गर्न, आपराधिक घटना रोक्न होस् या अन्य घटना हुँदा आम नागरिकले पहिले सम्झने प्रहरीलाई हो । सामान्य भिडभाड, झै-झगडा, दुर्घटना चोरी, झडप, मुलुकका महत्वपूर्ण निर्णय कार्यान्वयनमा नेपाल प्रहरी अग्रपङ्क्तिमा हुन्छ । अर्को घेरामा सशस्त्र प्रहरी र त्यसपछि नेपाली सेना बसेको हुन्छ । अनुसन्धान विभागले आवश्यक सूचना सङ्कलन गरेर सरकारलाई मुलुकमा आइपर्ने चुनौतिबारे सूचना दिइरहेको हुन्छ ।

हरेक विषयमा अग्रभागमा रहने सुरक्षाकर्मीसामु अहिलेको विषम परिस्थितिमा कोभिड-१९ को सङ्क्रमण रोकथाममा पनि अहम भूमिका हुन्छ । सरकारले आदेश जारी गरेको बन्दाबन्दी कार्यान्वयनमा सडकमा सशस्त्र प्रहरी र नेपाल प्रहरी खटिएको छ ।

नेपाली सेना स्वाथ्योपचार लगायतका सरकारले तोकेका अन्य क्रियाकलापमा सहभागी भइरहेको छ । सीमा क्षेत्रमा हुने आवागमन रोक्न नेपाल प्रहरी र सशस्त्र प्रहरी सक्रिय छन् । उनीहरुलाई सरकारले आवश्यक बीमाको समेत व्यवस्था गरेको छ ।रासस

# लकडाउनको मौका छोपी तस्करी

राजविराज । लकडाउनको मौका छोपेर सप्तरीमा वन्यजन्तु शिकारी र काठ तस्करी बढेको छ। कोरोना भाइरस सङ्क्रमण रोकथाम तथा नियन्त्रणका लागि सरकारले देशमा लकडाउन जारी गरेका बेला सप्तरीको सामुदायिक तथा राष्ट्रिय वनमा वन्यजन्तु शिकारी र काठको चोरी तस्करी बढेको डिभिजन वन कार्यालय सप्तरीले जनाएको छ।

***डिभिजन वन कार्यालय सप्तरीका प्रमुख सन्तोषकुमार झाले लकडाउनको समयमा वन क्षेत्रमा काठ तस्करी र वन्यजन्तु शिकारमा वृद्धि हुँदै गएकाले नियन्त्रण प्रयास बढाइएको बताउनुभयो । झाका अनुसार लकडाउनको मौका छोप्दै अवैधरूपमा काठ कटानी तथा तस्करी बढेपछि वन गस्तीमा तीव्रता दिइएको छ । चुरेडाँडामा रहेको पानीढलो क्षेत्रसम्म गस्ती पुगेर वन्यजन्तु शिकारी गर्ने दुई जनालाई पक्राउ गरिएको र विभिन्न स्थानबाट ठूलो परिमाणमा लुकाइछिपाइ राखिएको काठ बरामद गरिएको झाले बताउनुभयो ।***

डिभिजन वन कार्यालय सप्तरीका प्रमुख सन्तोषकुमार झाले लकडाउनको समयमा वन क्षेत्रमा काठ तस्करी र वन्यजन्तु शिकारमा वृद्धि हुँदै गएकाले नियन्त्रण प्रयास बढाइएको बताउनुभयो ।

झाका अनुसार लकडाउनको मौका छोप्दै अवैधरूपमा काठ कटानी तथा तस्करी बढेपछि वन गस्तीमा तीव्रता दिइएको छ । चुरेडाँडामा रहेको पानीढलो क्षेत्रसम्म गस्ती पुगेर वन्यजन्तु शिकारी गर्ने दुई जनालाई पक्राउ गरिएको र विभिन्न स्थानबाट ठूलो परिमाणमा लुकाइछिपाइ राखिएको काठ बरामद गरिएको झाले बताउनुभयो।

गोली प्रहार गरी रतुवा मृग मारेको आरोपमा उदयपुरको त्रियुगा नगरपालिका-१ मैन्हाका अशोक राई र मिश्रीलाल चौधरी सप्तरीको महुली सवडिभिजन अन्तर्गतको वन क्षेत्रबाट पक्राउ परेका छन् । जङ्गलमै रतुवा मृगको छाला निकाल्न पानी तताइरहेका बेला दुई पक्राउ परे पनि मृग मार्ने कार्यमा संलग्न अन्य व्यक्ति फरार भएको सहायक वन अधिकृत धनराज मण्डलले बताउनुभयो । अग्निसाइर कृष्णसवरण गाउँपालिका-१ महुली र अमसोत खोलामा वन गस्ती टोली र काठ ओसारिरहेका तस्करहरूबीच भीडन्त भएको छ । वन गस्तीले लखेटेपछि चिरान काठ छाडी भागेकाहरू पछि ठूलो सङ्ख्यामा भेला भइ वन गस्तीलाई नै घेरा हाली आक्रमण गर्ने र काठ लुट्ने प्रयास गरेपछि भिडन्त भएको डिभिजन वन कार्यालयले जनाएको छ।

आत्मरक्षाका लागि वन गस्तीले दुई राउण्ड हवाईफायर गरेपछि तस्कर भागेको र उनीहरूबाट बरामद ६.०५ क्यूफिटको छ थान चिरान काठ बरामद भएको डिभिजन वन कार्यालय सप्तरीका प्रमुख झाले जानकारी दिनुभयो ।

अन्य समयमा पनि चोरी तस्करी हुने गरेकामा यो अवधिमा भने झनै बढेको देखिएपछि वन क्षेत्र संरक्षणमा सक्रियताका साथ लागेको रेञ्जर लक्ष्मण साफीले दाबी गर्नुभयो ।

"लकडाउनको समयमा चोरी तस्करी नहोला भन्ने सोचेका थियौं", साफीले भन्नुभयो, "वन कर्मचारीसँगै स्थानीयवासीको पनि आवातजावत रोकिएपछि कतिपय स्थानबाट काठ तस्करी भइरहेको सूचना पाएपछि नियमित रूपमा निगरानीसँगै गस्ती गरिरहेका छौं ।" गरिबी र अशिक्षाका साथै लकडाउनले बेरोजगारी बनाएर मानिस फुर्सदिला भएकाले वन तस्करी मौलाएको उहाँले बताउनुभयो।

वन गस्तीले विभिन्न ठाउँबाट तस्करी हुन लागेको १११.६० क्यूफिट बराबरको ५३ थान साल गोलिया बल्लाबल्ली र २९.३५ क्यूफिटको ३९ थान सालको चिरान काठ पनि बरामद गरेको जिल्ला वन अधिकृत झाले बताउनुभयो ।

झाले दिनुभएको जानकारीअनुसार कञ्चनरूप बलार्दह सामुदायिक वनभित्र सालको रूख काटी लुकाइछिपाइ राखेको साल गोलिया १८ थान १९.३३ क्यू फिट र सल्ला चिरान पाँच थान ०.९३ क्यूफिट बरामद भएको छ । रूपनी गाउँपालिका-६ त्रिशक्ति सामुदायिक वनभित्र लुकाइ राखेको सालको चिरान ११ थानको ८.०२ क्यूफिट बरामद भएको छ।

त्रिशक्ति र शनिदेव सामुदायिक वनको सिमानामा पर्ने दुधैलाखोलाबाट काटेर ल्याइरहेको २० भारी दाउरा, शम्भुनाथ नगरपालिका-७ स्थित सामुदाायिक वनबाट काटी ल्याइरहेको अवस्थामा बल्लाबल्ली थान ९ को ५.०१ क्यूफिट बरामद भएको छ । यो अवधिमा विभिन्न वनहरूका साथै घर बरिपरी लुकाइ राखिएको काठ पनि बरामद भएको छ । कञ्चनरूप नगरपालिका-१२ स्थित जितबहादुर श्रेष्ठको घर पछाडि ९.०९ क्यूफिटको गोलिया सालको काठ छ थान, सुरुङ्गा नगरपालिका-३ मा लुकाइछिपाइ राखेको साल ११ थान २०.२३ क्यूफिट र एक हजार ५०० किलो दाउरा, शम्भुनाथ नगरपालिका-७ भगवतपुरका लम्बु सरदारको घरबाट साल चिरान थान दुईको २.३३ क्यूफिटसमेत बरामद भएको छ ।रासस

## भूल सुधार

जनकपुर टुडेको मिति २०७७/०२/०८ गते विहिवारको अंक पृष्ठ ३ मा प्रकासित भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, प्रदेश २, जनकपुरधामको सुचनामा मिति २०७७/०२/२२ गते भित्र हुनुपर्नेमा अन्यथा हुन गएकोले भूलसुधार गरिएकोछ ।

प्रकाशक


## बढुवा समितिको सचिवालय
## जिल्ला प्रशासन कार्यालय धनुषा

**सूचना! सूचना!! सूचना!!!**

लोकसेवा आयोगको देहायको बढुवा विज्ञापन नं., सेवा, समुह, श्रेणीको रिक्त पदहरुमा कार्य क्षमताको मूल्याङ्कन द्वारा बढुवा गर्न बढुवा समितिको मिति २०७७/०२/०७ गते बसेको बेठकको निर्णय अनुसार देहाय बमोजिम योग्यताक्रमका उम्मेदवारहरुलाई बढुवाको लागि सिफारिस गर्ने निर्णय भएकोले निजामती सेवा ऐन, २०४९ को दफा २०(४) को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

बढुवा सूचना नं. ५४८/०७६/०७७ नेपाल ईन्जिनियरिङ्ग सेवा, मेट्रोलोजी समूह, रा.प.अनं. प्रथम श्रेणी पद सहायक निरीक्षक माग संख्या-१ (एक)

| योग्यता क्रम नं. | कर्मचारीको संकेत नं. | उम्मेदवारको नाम, थर | कुल प्राप्ताङ्क |
|---|---|---|---|
| १ | २०९४४४ | श्री सुसान्त चोधरी | ८०.७५ |

प्रशासकिय अधिकृत



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# जथाभावी क्वारेन्टाइन नबनाउ

कोरोना भाइरस संक्रमितहरुको संख्या देशमा बढ्दै गएकोछ ।अन्तर जिल्ला र छिमेकी भारतबाट ठूलो संख्यामा मानिसहरुको ओहरदोहर भइरहेकोछ ।त्यसरी अन्यत्रबाट आउने मानिसहरुलाई अनिवार्य रुपमा क्वारेन्टाइनमा राख्नुपर्नेछ ।प्रदेश २ मा हाल रहेको क्वारेन्टाइनको संख्या र त्यसमा भएको बेडको क्षमता भन्दा मानिसहरुको संख्या करिब आधीजति छ ।तर कतिपया क्वारेन्टाइनमा अधारभूत सुविधाहरु समेत उपलब्ध नरहेको गुनासोपनि बढन थालेकोछ ।केहि क्वारेन्टाइन संक्रमितहरुको कारण सिलपनि गरिएकोछ ।क्वारेन्टाइन जथाभावी बनाउन हुँदैन् ।अहिले प्रदेश २ मा प्रहरी प्रशासनले बस्तीको बीचमा रहेका होटेलहरुलाई क्वारेन्टाइन बनाउन चाहेका छन् ।जनकपुरधामको मारवाडी सेवा समितिलाईपनि क्वारेन्टाइनका लागि प्रयोग गर्न प्रशासने चाहेकोछ ।बीरगञ्ज महानगरको नगवामा प्रहरीले एउटा होटेललाई क्वारेन्टाइन बनाउन खोज्दा स्थानीयहरुले लकडाउन तोड्दै बिरोध प्रदर्शन गरे ।उनीहरुले वस्तीमा क्वारेन्टाइन बनाउन नदिने अडान लिएपछि प्रशासन पछि हटेका छन् ।क्वारेन्टाइन र आइसोलेशन राख्ने स्थान फराकिलो र खुल्ला ठाउँमा हुनुपर्छ ।त्यसमा रहने मानिसहरुले आराम र शान्ति महसुस गर्नुपर्छ ।मानसिक रुपमा उनीहरुलाई ताजा बनाइराख्नुपर्छ ।जनकपुरधामको गोपाल धर्मशालामा जनकपुरधाम उपमहानगरपालिकाले बनाएको क्वारेन्टाइन अत्यन्त उपयुक्त स्थलमा रहेकोछ ।अत्यन्त फराकिलो र प्रयाप्त क्षेत्रफल, वस्तीसित नजोडिएको र मानिसहरुले मानसिक र शारिरिक रुपमा ताजापन महसुस गर्ने क्वारेन्टाइन हो ।त्यसमा सबै सुविधाहरु उपमहानगरपालिकाले उपलब्ध गराएकोछ ।योगाभ्यासदेखि वाईफाईको सुविधा, काढा, फलफुल, तातोपानी लगायतका सुविधाहरु छन् ।दम्पतीका लागि छुट्टै कोठाहरुको व्यवस्था गरिएकोछ ।तर कयौं क्वारेन्टाइनमा अत्यावश्यक सुविधाहरु नहुँदा त्यहाँ राखिएका मानिसहरु भाग्न थालेका छन् ।सप्तरी जिल्लाको भारदहस्थित क्वारेन्टाइनबाट १७ जना मानिस भागे ।त्यसको प्रमुख कारण त्यहाँ अत्यावश्यक सुविधाको कमि र कमजोर सुरक्षा व्यवस्था थियो ।हरेक क्वारेन्टाइनमा सुरक्षाको कडा व्यवस्था मिलाउने काम जिल्ला विपद् व्यवस्थापन समितिको हो ।अस्पतालले स्वास्थ्यको व्यवस्था र पालिकाहरुले आवास, भोजन लगायतका अत्यावश्यक सेवाहरु उपलब्ध गराउनु पर्ने हो ।क्वारेन्टाइनबाट मानिसहरु भाग्न थालेपछि त्यहाँ रहेका कमजोरी हटाउने काम पालिका र सुरक्षा बढाउने काम प्रहरीको हो ।तर प्रहरीले संघसंस्थाका राम्रा धर्मशालाहरुलाई क्वारेन्टाइनका लागि प्रयोग गर्नु उपयुक्त होइन् ।जनकपुरधामको मारवाडी सेवा समिति वस्तीको बीचमा रहेको छ ।समितिको प्रांगनमा भगवान श्यामको मन्दिर छ ।महँगा ओछ्यान, एसी जडान गरिएको, समितिमा कार्यरत्त कर्मचारीहरुको परिवार समेत बस्ने गरेका छन् ।त्यस्ता स्थलहरुलाई क्वारेन्टाइनको रुपमा प्रयोग गर्न खोज्नु उपयुक्त होइन् ।विषम परिस्थितिमा अत्यन्त सजग भएर निर्णयहरु गर्नुपर्छ ।भविष्यमा कुनै प्रकारले हानी नहुने दीर्घकालिन सोंच बनाएर अगाडी बढनुपर्छ ।हतारमा निर्णय लिएर फुर्सदमा पछुताउने काम गर्नु हुँदैन् ।मारवाडी सेवा समिति जस्ता संस्थालाई क्वारेन्टाइन अथवा आइसोलेशन बनाउनु कुनै दृष्टिकोणले उपयुक्त हुँदैन् ।

# समाज मनोविज्ञानले किन भन्छ – 'जाबो शिक्षक !'



रमेश भट्टराई

कोरोना भाईरस कोभिड १९ को महामारीको बेला शिक्षाका कुरा बेमौसमी जस्तो लागे पनि यो विषय गम्भिर हो । अहिलेको संकट सँधै भरी त पक्कै रहँदैन ! अहिले देखि नै शिक्षाका विषयमा पर्याप्त ध्यान नदिने हो भने संकट सकिएका दिनमा हाम्रा अघिल्तिर सम्हाली नसक्नु गरी समस्याको थुप्रो लाग्ने छ ।

विषयमा प्रवेश गर्नु अघि समाजको चरित्र हेरौं - हाम्रो समाजमा तिनै मानिसको इज्जत हुन्छ जसको पेशामा शक्ति, सम्मान र सम्पत्ति (पावर, प्रेस्टिज र प्रोपटी) हुन्छ ।यसको भुक्तमान शिक्षकले सँधै भरी भोग्दै आएको छ ।

समाजमा हुने विभिन्न कार्यक्रममा शिक्षकलाई प्रमुख अतिथि या सभापति बनाएको देख्नु भएको छ ? कुनै विशेष कार्यक्रमको उद्घाटन शिक्षकले गरेको देख्नु भएको छ ?कुनै शिक्षकको राम्रो काम समाचारमा किन प्राथमिकतामा पर्दैन ?कलाकार, नेता, डाक्टर, पाइलट, खेलाडी जसरी शिक्षक किन चर्चित बन्न सक्दैन ?समाज मनोविज्ञानले भन्छ - 'जाबो शिक्षक !'

राजनीतिक छवि भएका या कुनै सेलिब्रेटी, फिल्मस्टार, कलाकारलाई जति धेरै सम्मान गरिन्छ, शिक्षकलाई समाजले त्यसरी किन हेर्दैन ? किन हुँदैन कदर ?

असल शिक्षकले हरेक मान्छेलाई कदर गर्न सिकाउँछ र आफूले पनि गर्छ । तर, सबैका लागि सबैभन्दा उत्तम पेशा शिक्षण हो भन्ने आँट कसैले गर्दैन किनकि पेशाका बारेमा विभेदीकृत सोचले समाजमा उँचो निचो ठहर्याइदिन्छ । आखिर यो देशमा गाडीको लेखापाल (खलासी) को पनि आवश्यकता छ । उसले पैसाको कारोबार बैंकको कर्मचारीले जसरी नै गरेको हुन्छ, प्रकृति फरक हो । सडक बढार्ने मित्रहरू पनि चाहिन्छ या त भनौं सबैको इज्जत सबैले गर्न जान्नुपर्छ ।

यदि शिक्षक विना पाइलट, इञ्जिनियर, डाक्टर, कृषक या कोही प्राविधिक, अप्राविधिक उत्पादन हुन सक्दैन भने शिक्षकले किन तल्लो दर्जाको मनोविकारमा ग्रसित हुनुपर्छ ? जसले कलिलो हातलाई समातेर कखरा सिकाउँछ, तातेताते गर्न सिकाउँछ, जीवन सिकाउँछ अनि शिक्षक नै त्यस्तो मार्गदर्शक हो जसले आफ्नो प्रतिद्वन्द्वी जन्मिँदा गर्व गर्छ । आफू भन्दा सक्षम शिष्य देखेर छाती फुलाउँछ ।

देशले शिक्षामा लगानी गर्न खुट्टा कमाएर शिक्षाको जग बलियो हुन सक्दैन । शिक्षित-प्राज्ञिक समुदायलाई पार्टीको झोला भिराएका विगतका इतिहास पुराना नभए जसरी नै शैक्षिक गुणस्तरका सपना समृद्ध मुलुकको जसरी अघि बढेन । आज अक्सफोर्ड, क्याम्ब्रिज, सालामाङ्का, ओस्लो जस्ता विश्वविद्यालयका गरिमालाई विश्वले सम्मान गर्छ । भनौं अफ्रिका, दक्षिण एसियाकै कतिपय देशहरूमा शिक्षकलाई महत्व दिइन्छ ।

त्यहाँ एउटा प्राध्यापकले बोल्दा देश र संसारमा एउटा तरङ्ग उठ्छ । आर्थिक र बौद्धिक उच्चता पनि त कम हुँदैन । तब त विश्वका उच्च बौद्धिक र आर्थिक क्षमता भएका मान्छे त्यहाँ पुग्दा आफूलाई भाग्यमानी सम्झन्छन् ।

हामी हाम्रो मुलुकमा पर्यटकीय, कृषि या अन्य कुनै मौलिक आधार भित्र सम्भावित पूर्वाधारलाई विकास गरेर विश्वमा पहिचान स्थापित गर्ने शैक्षिक निकायलाई जन्माउन खोज्दैनौं । देशको कूल बजेटको २० प्रतिशत शिक्षामा लगानी गर्ने, शिक्षा र शिक्षकलाई कमसेकम शिक्षण विधि, मूल्याङ्कन, नवीन शिक्षण प्रविधिसँग आजको युगसम्मत समुन्नतिको बाटोमा लेजानेबारे सोच्दैनौं । अकोर्तिर सरकारले 'राष्ट्रपति विद्यालय सुधार कार्यक्रम' भन्दै छुट्याएको बजेटलाई हतारहतार खर्च गर्न भन्दै शिक्षा तथा मानव स्रोत विकास केन्द्रले देशका सामुदायिक विद्यालयसँग अपिल गर्नुपरेको देख्दा मुलुकमा बजेट नै धेर भएछ जस्तो पनि लाग्छ । यसमा पनि कोरोनाले प्रहार गर्‍यो ।

**कहाँ छ समस्या ?**

स्थानीय र प्रदेश सरकारसँग केन्द्रीय सरकारको जिम्मेवारीका बारेमा स्पष्ट अवधारणा नहुँदा बजेट फ्रिज हुने कुरालाई कोरोनाको समस्याका कारण कसरी संयोजन गर्ने भन्ने एउटा शैक्षिक-आर्थिक विचार-विमर्श आवश्यक छ । हाम्रो देशका धेरै विद्यालयमा भवन, खेलमैदान, भौतिक संरचनामा धारा, चर्पी व्यवस्थित छैनन् । भूकम्पीय पुनर्निर्माणका काम अधुरै छन् । कक्षा कोठा नभएर अझै पनि देशका कतिपय स्थानमा विद्यार्थी खुला आकाश मुनि बसेर पढ्छन् ।

जारी लकडाउनमा अनलाइन कक्षाको सञ्चालन गर्ने कुरा दूरदराजका बालबालिका प्रति वर्ग विभाजनको मनोवैज्ञानिक खाडल निर्माण गर्ने हतियार मात्र हुन्छ । विज्ञान प्रयोगशाला, कम्प्युटर व्यवस्थापन, सूचना प्रविधियुक्त कक्षा देखि छात्र-छात्राका छुट्टै शौचालयको निर्माणका कुरा त दोस्रो कुरा हो । हरित विद्यालय, एक विद्यालय एक नर्सको अवधारणा देखि सेनेटरी प्याड वितरण गर्ने विषय, पाठ्यपुस्तकका उलब्धता जस्ता थुप्रै समस्या छन् । यसो गाउँतिरका विद्यालय, कक्षा कोठा अनि विद्यार्थीलाई हेर्ने हो भने यो दर्दनाक यथार्थ छ ।

नेपालमा शैक्षिक रूपान्तरणको बलियो नीति बनाएर शिक्षाको विकासलाई रूपान्तरणको बाटोबाट चासो बढाउने संयन्त्र नै कटिबद्ध हुन सकेको छैन भन्दा अन्यथा नहोस् ।

अहिले शिक्षक दरबन्दीमा करार भन्दै अथवा स्वयम्सेवक शिक्षक भनेर खटाइरहेको अवस्थालाई हेर्दा नेपालमा शिक्षक हुन योग्य मान्छेको अभाव त नहोला नै । सेवा आयोगले आवेदन खुलाए देखि युवाले काम पाउँथे । देशमा स्थायी शिक्षकको सङ्ख्या बढ्थ्यो । शिक्षकलाई पोसाक र अन्य नियमका कुरा आएका छन् । अझ त्यो भन्दा पनि धेरै निष्पक्षता, शिक्षणीय स्वतन्त्रता र अनुसन्धानात्मक शैक्षणिक उन्नयनमा अवसर दिइनु पर्छ । राजनीतिक दबदबाबाट टाढा राखिनुपर्छ । वास्तवमा राजनीतिले प्राज्ञिक वर्गलाई नोकर बनाउनु हुँदैन ।

> लकडाउनमा अनलाइन कक्षाको सञ्चालन गर्ने कुरा दूरदराजका बालबालिका प्रति वर्ग विभाजनको मनोवैज्ञानिक खाडल निर्माण गर्ने हतियार मात्र हुन्छ । विज्ञान प्रयोगशाला, कम्प्युटर व्यवस्थापन, सूचना प्रविधियुक्त कक्षा देखि छात्र-छात्राका छुट्टै शौचालयको निर्माणका कुरा त दोस्रो कुरा हो । हरित विद्यालय, एक विद्यालय एक नर्सको अवधारणा देखि सेनेटरी प्याड वितरण गर्ने विषय, पाठ्यपुस्तकका उलब्धता जस्ता थुप्रै समस्या छन्। यसो गाउँतिरका विद्यालय, कक्षा कोठा अनि विद्यार्थीलाई हेर्ने हो भने यो दर्दनाक यथार्थ छ। नेपालमा शैक्षिक रूपान्तरणको बलियो नीति बनाएर शिक्षाको विकासलाई रूपान्तरणको बाटोबाट चासो बढाउने संयन्त्र नै कटिबद्ध हुन सकेको छैन भन्दा अन्यथा नहोस् । अहिले शिक्षक दरबन्दीमा करार भन्दै अथवा स्वयम्सेवक शिक्षक भनेर खटाइरहेको अवस्थालाई हेर्दा नेपालमा शिक्षक हुन योग्य मान्छेको अभाव त नहोला नै। सेवा आयोगले आवेदन खुलाए देखि युवाले काम पाउँथे। देशमा स्थायी शिक्षकको संख्या बढ्थ्यो। शिक्षकलाई पोसाक र अन्य नियमका कुरा आएका छन्। अझ त्यो भन्दा पनि धेरै निष्पक्षता, शिक्षणीय स्वतन्त्रता र अनुसन्धानात्मक शैक्षणिक उन्नयनमा अवसर दिइनु पर्छ। राजनीतिक दबदबाबाट टाढा राखिनुपर्छ। वास्तवमा राजनीतिले प्राज्ञिक वर्गलाई नोकर बनाउनु हुँदैन।

हरेक विषयमा विषयगत शिक्षक हुन कम्तिमा ज्ञानका साथमा शिक्षण विधि र शिक्षण मनोविज्ञान पनि जान्नु आवश्यक छ । आफ्नो पेशामा असन्तुष्ट शिक्षकले विद्यार्थीको पढाइमा सकारात्मक परिवर्तन ल्याउने सक्दैन । यसमा अध्ययन, अनुसन्धान, सम्मानजनक कार्य, शिक्षा र विकासको सह सम्बन्धको बोध तथा राज्यले उच्च प्रतिष्ठा नदिई शिक्षाको गुणस्तर उठ्न सक्दैन । असल शिक्षक त्यो हो जसले विद्यार्थीरूपी किताबका पाना-पानाको अध्ययन गर्छ । हाम्रो शिक्षाको पद्धतिमा विविधतामय शिक्षकको प्रकृति छ । एउटै विद्यालयमा उत्तिकै काम गरेर थरीथरी तलब खाने शिक्षक हुन्छन् । घरको क्रोध, साथीसँगको आक्रोश वा विद्यालयका कुनै कर्मचारीसँग भएका द्वन्द्वलाई विद्यार्थी सामु देखाएर अनाहकमा विद्यार्थीलाई दण्ड दिने स्वभावका व्यक्ति असल शिक्षक हुँदैनन् । शिक्षक असल हुन उसमा व्यक्तिगत, प्राज्ञिक तथा शैक्षिक गुण हुनु अनिवार्य छ अनि शिक्षक हुनुमा गर्व गर्ने सोच व्यक्तिमा पनि हुनुपर्छ ।

**आयोगको पाठ्यक्रमको अपेक्षा के हो ?**

शिक्षकलाई उत्पादन गर्ने पाठ्यक्रमले त शिक्षण पेसालाई पेसामुखी बनाउनु, व्यावहारिक बनाउनु आवश्यक होला । यसमा शिक्षक प्रति समाजले हेर्ने दृष्टिकोणलाई बदलिएको छैन । संसारको ज्ञानसँग विद्यार्थी मैत्री भावमा अद्यावधिक हुनु आवश्यक हो भने शिक्षकले लोकसेवाकै जसरी सबै कुरा जान्नुपर्ने भन्ने त नहोला नि ? अभिभावकको सोच, विद्यार्थीको पृष्ठभूमि, कक्षाको वातावरण, समाजको शैलीलाई पो जान्नुपर्ने होला । अर्को पक्ष शिक्षकले म गर्व गरौं भन्ने कि समाज र राज्यले गर्व गर्ने बाटो दिने हो ? वर्तमान शिक्षक सेवा आयोगले तय गरेको पाठ्यक्रमले त शिक्षकले संसारका बटुलबाटुल ज्ञान जान्नुपर्ने विषयलाई अनावश्यक रूपमा लाद्दै छ ।

त्रिभुवन विश्वविद्यालयमा डा. राजेन्द्र खनाल भन्नुहुन्छ : 'एकाध कुरालाई हेरेर, शिक्षकले के विश्व ब्रह्माण्डको कुरालाई जान्नुपर्छ ? शिक्षकले त शिक्षार्थीको वास्तविकतालाई जान्नु आवश्यक छ । उनीहरूको सिकाइ उपलब्धि, तिनका अभिभावक, शैक्षिक पृष्ठभूमिका पक्षसँग सम्बद्ध राख्नु जरुरी हुन्छ । कक्षा व्यवस्थापन र विद्यालयीय प्रणालीसँग सम्बद्ध कुरामा शिक्षक जानकार हुनु आवश्यक छ । ..शिक्षक सेवा आयोगले लोकसेवा आयोगका सामग्रीमा अलिकति मात्र शिक्षाका विषवस्तुलाई समेटेकाले वर्तमान शिक्षक सेवा आयोगको पाठ्यक्रम उचित छैन ।'

वास्तवमा त शिक्षा र शिक्षणका लागि विश्वविद्यालयको शिक्षा शास्त्र सङ्काय तथा शिक्षक सेवा आयोगको समन्वयबाट पाठ्यक्रम तय हुनुपर्थ्यो । नितान्त शिक्षा शास्त्रीय कोणबाट हेर्ने हो भने पनि शिक्षालयमा राज्य स्वयम्को नीति यति उपेक्षित छ- नीतिमा जे भने पनि विज्ञान, इञ्जिनियरिङ जस्ता विषय पढाउने कलेजले ए प्लस, ए ग्रेडका विद्यार्थी मात्र लिन्छन् तर अन्त कुनै तहमा नसक्नेहरूले शिक्षा विषय पढ्न पाउने पद्धति अर्को यसको कारण बन्छ । तिनै कमजोर ग्रेडका शिक्षकले विद्यालयमा गएर भोलिका भविष्य निर्मातालाई जन्माउने सपना बुनिरहन्छ । हाम्रो मुलुकले शिक्षाको उन्नयनका विषयमा साँच्चै कटिबद्धता देखाएको छ भन्ने कुरा शिक्षा दिवस र केही शैक्षिक विषयक पर्व बाहेकमा देख्न सकिँदैन । समान वर्गले कमाएको पैसा र आर्थिक उन्नति अर्थात् भ्रष्टचार गर्न मिल्ने र सक्ने पेशालाई सम्मान गर्ने परिपाटीले आज शिक्षक प्रति उपेक्षा भावले विरासत जोगाएको हो ।

**अन्त्यमा**

एउटा निजामति कर्मचारी अधिकृत स्तरको छ भने उसले पाउने सुविधा, देश-विदेशसम्मका तालिममा सहभागी हुन पाउने अवसर, समाजमा हुने इज्जतका तहमा उही स्तरको माध्यमिक स्थायी शिक्षकले किन आफ्नो पेशा प्रति गर्व गर्न सक्दैन ? अन्त कतै नसक्नेका लागि अन्तिम विकल्पको पेशा नै शिक्षक हो भन्ने गलत मानसिकता समाजमा छ । फलतः देशका लाखौं बालबालिकाको भविष्यमा अप्रत्यक्ष रूपमा खेलबाड हुन्छ । मुखले भनिए जसरी कक्षाको वातावरण पनि हुँदैन । न त सिद्धान्तमा पढिएको जसरी आजको कक्षा सञ्चालनको पक्ष सजिलो हुन्छ ।***सौजन्य :एडु खबर***

***bhattarairamesh353@gmail.com***

# जनतालाई छुने बलियो स्वास्थ्य निकाय हुनुपर्छ



डा सुवास प्याकुरेल

राष्ट्रपतिबाट जारी नेपाल सरकारको यस वर्षको नीति तथा कार्यक्रममा कृषि तथा स्वास्थ्य क्षेत्रले प्राथमिकताको भर्याङमा माथिकै खुड्किलो उक्लिन पाएका छन्। राष्ट्रप्रमुखबाट संसदमा प्रस्तुत गरिसकिनुको अर्थ त्यस कार्यक्रमले गर्भधारण गर्यो, अब प्रक्रियासम्मत हुर्कंदै बढ्दै सो कार्यक्रमले परिपक्व स्वरुप ग्रहण गरेर 'नर्मल डेलिभरी' गर्छ भनी बुझ्न सकिन्छ ।

यस पटकको नीति तथा कार्यक्रममा स्वास्थ्य क्षेत्रभित्र परेका केही त्यस्ता बुँदा छन्, जस्तो खाद्द्य तथा औषधि प्राधिकरण (एफडिए), उच्चस्तरीय रोग नियन्त्रण केन्द्र (सिडिसी), राजमार्गमा ट्रमा सेन्टरको नेटवर्क, तीन अंक थिचेर जहाँबाट पनि बोलाउन सकिने एकीकृत एम्बुलेन्स सेवा, अस्पतालहरुको सेवास्तर माथि उठाउन सक्ने स्वास्थ्य गुणस्तर तथा प्रत्यायन प्राधिकरण, सातै प्रदेशमा सरुवा रोग अस्पताल आदि ।

कल्पना गरिएका यी संस्था र सोचाइको यथोचित विकास र प्रभावकारी कार्यान्वियन हुन सक्दा नेपालको स्वास्थ्य क्षेत्रले 'जनता यस्तो चाहन्छन्' शैलीको परिवर्तन बोध गराउँदै लाने निश्चितप्रायस् छ। त्यसमध्ये यहाँ खाद्द्य तथा औषधि प्राधिकरणको सेरोफेरोमा पाँच प्रश्नोत्तरभित्र रही केही चर्चा हुनेछ।

**के हो खाद्य तथा औषधि प्राधिकरण र किन चाहिन्छ ?**

जनताको स्वास्थ्यमा सिधै प्रभाव पार्ने उत्पादन र वस्तु जस्तै खाद्यान्न, पकवान्न, एलोप्याथी लगायत आयुर्वेदिक वा अन्य प्रकारका औषधि, स्वास्थ्य सामग्री, अस्पतालमा प्रयोग हुने उपकरण र अन्य भौतिक सामग्री, उपचारका सिलसिलामा खपत हुने सामग्री (कन्ज्युमेबल आइटम), शरीर (भित्र र बाहिर) मा प्रयोग हुने कुनै पनि उपभोग्य वस्तु, सौन्दर्य सामग्री आदि प्रोडक्ट अर्थात् एक वाक्यमा भन्नुपर्दा जनताको स्वास्थ्य जोडिने जुनसुकै वस्तु (प्रोडक्ट) को अनुसन्धान, उत्पादन, बिक्री(वितरण सहित त्यसको असर र प्रतिअसर (इफेक्ट तथा साइड इफेक्ट) माथि नीति कोर्ने, निर्देश गर्ने र नियमन गर्ने हैसियत राख्ने अर्ध न्यायिक प्रकृतिको निकाय नै 'खाद्य तथा औषधि प्राधिकरण' हो। स्वभाविक रुपले यो आफैमा स्वायत्त र शक्तिशाली हुनुपर्छ। शरीरभित्र र बाहिर प्रयोग हुने उपभोग्य वा स्वास्थ्य जोडिने कुनै पनि वस्तु र उपकरणको नियमन गरी उपभोक्ता अर्थात् सर्वसाधारण एवं बिरामीलाई हरहिसाबले आश्वस्त र विश्वस्त तुल्याउँदै सुरक्षित राख्नु नै यसको मूल उद्देश्य रहन्छ ।

कस्तो हुनुपर्छ यसको इम्ब्रियोलोजी, एनाटोमी र फिजियोलोजी (बन्ने प्रक्रिया, बनोट र कार्यविधि)?

यो कुनै मन्त्रालय र निकाय भित्रको विभाग र महाशाखा होइन, उच्चस्तरीय संयन्त्र हो, यसको संरचना सुगठित, सञ्चालन विधि रोग(ब्याधी विहीन हुनुपर्ने भएकाले यसका प्रत्येक कोषिका, तन्तु र अंग बलियो हुनु जरुरी हुन्छ। यसको सोच्ने तरिका नै फरक र तथ्यपरक हुनुपर्छ अर्थात् ब्रेन बलियो हुनुपर्छ, यसले निडर भएर काम गर्नुपर्छ अर्थात् बोलीचालीको भाषामा बोल्नुपर्दा मुटु बलियो हुनुपर्छ।

यसमा नियुक्ति र निषेध महत्वपूर्ण विषय रहन्छ अर्थात् यसको 'मेटाबोलिज्म' बलियो हुनुपर्छ। यी सबै सम्भव हुनका लागि स्वतः भ्रुणावस्थादेखि नै यो स्वस्थ्य रहनुपर्छ। नीति र राजनीतिका हस्तीबाहेक पनि कानुनबेत्ता, स्वास्थ्य र खाद्यका विज्ञ, ग्लोबल हेल्थका जानकारबाट पहिलेदेखि नै चेकजाँच गर्ने र राय लिने गरिरहनुपर्छ ताकि यो संस्था जन्मिँदै गतिलो रुप र तागतिलो शरीर लिएर जन्मियोस्।

सिधा भन्नुपर्दा अहिले भइरहेको औषधि व्यवस्था विभाग अर्थात् 'डिडिए' को नाम मात्रै फेरिएर 'एफडिए' भएजस्तो नहोस। शक्ति, साधन र स्रोतले परिपूर्ण होस्।

**कुन देशमा के सिस्टम र के नाम छ?**

सन् १९३० देखि सञ्चालनमा रहेको संयुक्त राज्य अमेरिकाको 'फुड एण्ड ड्रग एडमिनिस्ट्रेसन (एफडिए)' यस विषयको उदाहरण लिन योग्य विश्वसनीय र प्रतिष्ठित निकाय हो। यसमा कमिश्नर रास्ट्रपतिबाटै नियुक्त हुन्छन्, जसका कारण 'लाइन मिनिस्ट्री' त्यहाँको स्वास्थ्य सचिवालय (यहाँको स्वास्थ्य मन्त्रालय भने जस्तै) प्रति 'रिपोर्टेबल' रहे तापनि स्वभावत राष्ट्रपति रे संसदप्रति नै उत्तरदायी रहन्छन् र चेक एण्ड ब्यालेन्सको सिद्धान्तले अटोमेटिक सिस्टम बनाउँछ ।

'जस्तो मुखिया उस्तै गाउँ' भनेझैं कमिश्नर छान्ने क्राइटेरिया र विधि नै बलियो भएपछि संस्था र त्यसको कामगराइ परिणाममुखी हुने नै भयो। कमिश्नरको अन्तर्गतमा 'ड्रग इभ्यालुएसन एण्ड रिसर्च', 'फुड सेफ्टी एण्ड एप्लाइड न्युट्रिसन' भनेको जस्तैगरी आठ वटा निर्देशनालय र निर्देशक रहने व्यवस्था गरिएको छ ।

त्यसैगरी बेलायतमा 'मेडिसिन एण्ड हेल्थकेयर प्रोडक्ट रेगुलेटरी एजेन्सी (एमएचआरए)' क्रियाशील छ, जसमा चेयर पर्सन र कार्यकारी प्रमुख बाहेक दस विधामा रहेर निर्देशक हुने व्यवस्था छ। अमेरिकाभन्दा यसमा इलेक्ट्रोनिक मेडिकल रेकर्ड, हेल्थ सफ्टवेयर र हेल्थ डेटाका लागि छुट्टै निर्देशक राखिएको छ, जुन नेपालले पनि अङ्गिकार गर्नु बान्छनीय देखिन्छ ।

चाइनामा पहिलेको स्टेट फुड एण्ड ड्रग एडमिनिस्ट्रेसन (एसएफडिए) दुई वर्षयता नाम र थोरै स्वरुप फेर्दै बनेको 'नेसनल मेडिकल प्रोडक्सन अथरिटी (एनएमपिए)' पनि उत्तिकै बलियो र प्रभावशाली निकाय हो। अस्ट्रेलियाको 'थेराप्युटिक गुड्स एडमिनिस्ट्रेसन (टिजिए)', क्यानडाको 'हेल्थ क्यानडा' लगायत प्रायजसो देशमा खास गरेर स्वास्थ्य सेवा बलियो भएको र उच्च प्राथमिकतामा परेको देशमा यस्ता निकाय रहेका छन् ।

भारतको 'सेन्ट्रल ड्रग्स स्ट्यानडर्ड कन्ट्रोल अर्गनाइजेसन (सिडिएससिओ)' पनि उस्तै प्रकृतिको संस्था हो यद्यपि यसको स्वायत्तपन नपुगेको भनी कानुन परिमार्जन गर्ने चर्चा चलिरहेको छ।

**जनतालाई र राज्यलाई यसबाट के फाइदा हुन्छ?**

कुनै पनि सोच र संस्था र त्यो पनि आम नागरिकलाई सेवा वा वस्तु पस्कने प्रकृतिको सार्वजनिक संस्थाको ध्येय भनेकै तीन वटा अंग्रेजी 'सी' अर्थात् सिटिजन, कम्युनिटी र कन्ट्रीप्रति बफादार हुनु हो, उनीहरुलाई यथासक्य धेरै फाइदा पुर्याउँदै उक्त सेवा वा वस्तुका कारण हुनसक्ने सम्भावित हानिबाट यथाशक्य सुरक्षित राख्नु हो।

स्वभावतस् आम सर्वसाधारणले बजारमा छोडिएका वा उनीहरुमाथि प्रयोगमा ल्याइएका वस्तुहरुको सुरक्षितपना (सेफ्टी), प्रभावकारिता (इफिकेसी) र गुणस्तर (क्वालिटी)का बारे आफ्नै बुताले तथ्यपरक मूल्यांकन गर्न सक्देनन् नै। त्यसैगरी यसलाई उपयोगमा ल्याइदिने सिफारिसकर्ता डाक्टर, अस्पताल वा स्वास्थ्यकर्मी, बिक्रीकर्ता, वितरक र थोक खरिदकर्ता (जस्तैस् बिमा क्षेत्र) लाई पनि कुन लेख्ने, कुन नलेख्ने, कुन किन्ने, कुन नकिन्ने, कुन बेच्ने, कुन नबेच्ने छुट्याउन हम्मे नै पर्छ।

यस्तो निकायले योसँग जोडिन पुग्ने सबै पक्षलाई यी सबै कुरामा ढुक्क बनाइदिन्छ। कस्तो खानेकुरा बेच्न पाइने(नपाइने, माछा(मासु कसरी र कस्तो मात्रै बेच्न पाइने, कुन भ्याक्सिन बजारमा आउन दिने, कुन क्रिम मात्र उपभोक्तालाई लाउन दिनेदेखि यावत् विषयमा यसले निर्देशित गर्छ। हाइवेमा राम्री सुन्दरीलाई यात्रु बोलाउन लगाएर बढी पैसामा बासी खाना खुवाउने नमज्जाको चलन धेरै अघिदेखिकै हो। यस्ता पात्र र प्रबृत्तिलाई निरुत्साहित गर्नेदेखि कारबाही गर्ने हेसियत पनि यस्तै बलियो संस्थासँग मात्र हुन्छ।

**अहिलेदेखि नै सतर्क हुनुपर्ने केके बुँदा हुन?**

निम्न पाँच बुँदामा अहिलेदेखि नै सजग र सतर्क रहनुपर्छ। पहिलो, कानुनी मेरुदण्ड फितलो नबनोस् किनकि कानुन बलियो भएपछि मात्रै त्यसमा जोडिएर आउने अन्य पक्षहरु पनि बलिया हुन पुग्छन् अर्थात् 'फ्लेसिङ अफ द बोन' प्रक्रिया दरिलो हुन्छ। अर्को कुरा, नियमनको फितलोपनबाट फाइदा लिइरहेका 'स्वार्थ समुह' सल्बलाएर यस्तो निकाय बन्ने नदिने चलखेल हुनसक्छ र गर्भ बीचैमा तुहाउने खेल हुनसक्छ।

दोस्रो, बहुपक्षीय प्रकृतिको निकाय बन्नुपर्नेमा एउटा मात्रै मन्त्रालयको छाता ओढ्ने किसिमको संस्था बन्यो भने त्यस निकायले आशातित काम गर्न र धेरै जनतालाई रक्षा कवचको काम गर्न सक्दैन।

तेस्रो, यसले अबका दिनमा नयाँ औषधि बनाउने र टेस्ट गर्ने क्लिनिकल ट्रायलदेखि विश्वसापेक्ष नयाँ विधि, आइडिया र सूचना प्रविधिलाई नियमनका नियम पूरा गर्दै तर्कसम्मत बढोत्तरी गर्ने आसय राख्नुपर्छ ताकि केही केही उत्पादन परनिर्भरतालाई छिचोल्दै आत्मनिर्भरताको स्टेसन समेत काटेर निर्यातको खुला फाँटमा यात्रा गर्न सक्छन्। चौथो, कमिश्नर र निर्देशकका रुपमा लगिने व्यक्ति हर तरहले क्षमतावान र चोखो प्रोफाइल भएको हुनुपर्छ, जसको अगाडि पर्दा त के नाममात्रै सुन्दा पनि हाई भोल्टेज तरंग आओस्। र, पाँचौं, यसको चेक एण्ड ब्यालेन्स राम्रो होस्। यसका काम(कारबाहीलाई पारदर्शी राख्दै वर्षको एकपटक संसदीय सुनुवाइ र दुई वर्षको एकपटक सार्वजनिक सूचनामार्फत देशका सबै प्रान्तमा सार्वजनिक सुनुवाइ हुने व्यवस्था होस्। आशा गरौं, अहिले भइराखेका र अब बन्ने स्वास्थ्यका हर निकाय काममा 'राम्रो' बनोस् र भावमा 'हाम्रो' बनोस्।

***(सौजन्य स्वास्थ यखबर)***

# हानानो ओशिआना अर्थात् झारपातबाट जीवन्त कला



चिप्लेढुङ्गा । पोखराको माछापूच्छ्रे मार्गस्थित एक घरको आँगनमा टन्न झारपात सुकाइएको छ । छेउमा ढिकुर र भँगेरा चारो टिप्दै छन् । हरियो दूबोसहित रङ्गीबिरङ्गी फूलको सजावट उस्तै आकर्षक छ । ढोका छेउको सानो कुनामा बाँसको थाँक्रामा लौका झुण्डिरहेको छ । बन्दाबन्दीलाई उपयोग गर्दै आँगनमा रङ्ग्याइएका झारपातसँग कलाकार मिलन शेरचन खेल्दै हुनुहुन्छ ।

पोखराका एक सिद्धहस्त कलाकारका रुपमा आफ्नो पहिचान बनाउन सफल शेरचनले जापानी शैलीको हानानो ओशिआना अर्थात् झारपातबाट चित्र बनाउने कलाकारका रुपमा आफ्नो छवि बनाउनुभएको छ । आफूले समयसमयमा सङ्कलन गरेर बोरामा राखिएका झारपात रङ्ग्याउनु, सुकाउनु, उठाउनु अनि जीवन्त कलामा उतार्नु उहाँको पछिल्लो दिनचर्या हो । आँगनमा रङ्ग्याइएका झारपातलाई हातमा उठाउँदै शेरचनले भन्नुभयो, बन्दाबन्दीमा साथीभाइले समय बिताउन निकै गाह्रो भयो भनेको सुन्छु तर मलाई दिन कति छिटो बित्छ पत्तै हुँदैन । सोच गरे, मोज हुन्छ भन्थे बूढापाका, हो रहेछ, बन्दाबन्दीअगावै बटुलेका झार अहिले केलाएर रङ्ग्याउन पाएकी छु, निकै प्रफुल्ल मुद्रामा उहाँले भन्नुभयो ।

पोखरा महानगरपालिका -७ का उहाँ आफूले तयार गरेका चित्र सामाजिक सञ्जालमा पनि राख्ने गर्नहुन्छ । "मैले केही चित्र सामाजिक सञ्जालमा राख्ने गरेको छु, देशविदेशबाट पनि अर्डर आउँछ, हातमा आफूले बनाएको चित्र देखाउँदै उहाँले भन्नुभयो, यो अमेरिकाबाट साथीले अर्डर गरेको हो, उनले पुरानो घर, टौवा, हिमाल भएको चित्र बनाइदिन भनेपछि यसलाई उतारेँ । उहाँले पोखरा फेवातालको शिरानतिर पर्ने पामेको दृश्य पनि साथीको अर्डर पाएपछि बनाइसक्नुभएको छ । शेरचन चित्रमा हिमाल राख्न खुब मन पराउनुहुन्छ ।

प्रकृतिसँग डुबेर सिर्जनामा तल्लीन हुँदा मानसिक रुपमा पनि समेत स्फूर्ति पाइने उहाँको अनुभव छ । पोखरा आफैँमा सुन्दर शहर हो, तालतलैया, हिमाल, डाँडाँकाँडा मठमन्दिर यहाँको विशेषता हो, म यसलाई मेरो कलामा पनि उतार्छु, आनन्द लाग्छ सिर्जनामा रमाउँदा, उहाँ भन्नुहुन्छ । कहिलेकाहीँ उहाँ महिला हिंसाका रुपहरुलाई पनि कलामार्फत उतार्ने गर्नुहुन्छ ।

पाँचवर्षे जापान बसाइमा जापानी साथी नोहोरा उमीबाट सिकेको यो कलालाई सन् १९९८ मा नेपाल भित्र्याउने आफू एक्लो महिला भएको जिकिर उहाँको छ । विसं २०३४ मा मकैको भुत्लाबाट बनाइएको पुतलीको चित्रलाई पोखरेली युवा साँस्कृतिक परिवारले महिला तथा बालबालिका हस्तकला प्रदर्शनीमा उत्कृष्ट ठानेर पुरस्कृत गऱ्यो । यसले व्यावसायिक रुपमा अघि बढ्न उहाँलाई प्रेरणा मिल्यो । हानानो ओशिआना सुकाइएको झारपातको उचित सम्मिश्रण गरी जीवन्त कला सिर्जना हो ।

घरआँगन, करेसाबारी, यताउता डुल्दा मौसमी फूल तथा घाँसपात नै कला सिर्जनाका लागि उहाँका लागि उपयुक्त सामग्री बन्छ । प्रकृतिमा थुप्रै घाँसपात छन्, लामो समय टिक्ने, सुकेपछि पनि कपडाजस्तै झट्ट नच्यातिने चिउरे घाँस, बाबियो, सिरु, बाह्रमासे फूलका पातहरु बढी उपयोगी हुन्छन्, रङ, गम र अन्य कुराको सहायताले यसलाई चित्रमा ढाल्न सकिन्छ । उहाँले आफ्ना सिर्जनालाई रु दुई सयदेखि १० हजारसम्म बिक्री गर्ने गरेको बताउनुभयो ।

चार्टर्ड एकाउण्टेण्ट अध्ययनरत उहाँकी छोरी समृद्धि पनि आमाको कला निकै सुन्दर हुने बताउनुहुन्छ । "मम्मी निकै सिर्जनामा दत्तचित्त भएर काम गर्नुहुन्छ, कहिलेकाहीँ आर्ट सकिएपछि सुझाव पनि माग्नुहुन्छ, मेरो धारणा राख्छु, मम्मीको काम त्रियटिभ लाग्छ । अहिलेको समय 'पर्फेक्ट युटिलाइजेशन अफ टाइम' हो । उहाँका सिर्जना अधिकांश प्राकृतिक एवं सांस्कृतिक विषयवस्तुसँग सम्बन्धित छ ।

छोरीलाई भने महिला हिंसाका विषयमा सन्देश दिने चित्र बढी मन पर्दोरहेछ । छोरा समीप पनि भित्री बाहिर काममा सघाएर आमाको सिर्जनामा समय थपिदिनुहुन्छ । तरकारी बारीमा रमाउन मन पराउने उहाँका श्रीमान् सत्यनारायणले पत्नीको मेहनत र सिर्जनाको आफू एक प्रशंसक भएको बताउनुभयो । "उनको मेहनत लोभलाग्दो हुन्छ, उनले बनाएको चित्रहरु हेर्छु निकै राम्रो लाग्छ ।रासस

# अन्योलमै कोरोना परीक्षण केन्द्र

सुर्खेत । प्रदेश सरकारले छिञ्चुमा स्थापना गर्ने तयारी गरेको कोरोना परीक्षण केन्द्र स्थान विवादका कारण अन्योलमा परेको छ । भारतबाट फर्किएकाहरूको पिसिआर विधिबाट कोरोना परीक्षण गर्ने उद्देश्यले भेरीगङ्गा नगरपालिकामा स्थापना गर्ने भनिएको परीक्षण केन्द्रको अझै टुङ्गो लाग्न सकेको छैन ।

प्रदेश सरकारले कर्णाली भित्रिने मुख्य नाका सुर्खेतका बबई र कुइने तथा सल्यानको कपुरकोटमध्ये पहिलो चरणमा बबई हुँदै छिञ्चु आउनेहरूका लागि परीक्षण केन्द्र निर्माण गर्ने निर्णय गरेको थियो । हालसम्म बबईबाट भित्रिनेको ज्वरो मापन गरेर पठाउने गरिएको छ । पछिल्लो समय भारतले रेल सेवा सञ्चालन गरेपछि स्वदेश फर्किने नेपालीको सङ्ख्या बढेको छ । यसले गर्दा सीमानाकामा नेपालीको भीड लाग्ने गरेको छ ।

प्रदेश सरकारका सामाजिक विकासमन्त्री दल रावल, आन्तरिक मामिला तथा कानूनमन्त्री नरेश भण्डारीसहित स्वास्थ्यकर्मी र सुरक्षाकर्मीको टोलीले बबई, छिञ्चुलगायत सम्भावित स्थानको अवलोकन गरेको थियो । बबईमा जग्गाको अभाव भएकाले उक्त टोली छिञ्चुमा कोरोना परीक्षण केन्द्र स्थापना गर्ने टुङ्गोमा पुगेको थियो । छिञ्चुका मदानेचौर र शारदा माविमा स्थापना गरिने केन्द्रबाट स्वाब सङ्कलन गरी पिसिआर विधिबाट परीक्षण गर्ने सरकारको तयारी भए पनि भेरीगङ्गाले बजारको मुख्य केन्द्रमा कोरानो परीक्षण तथा भारतबाट भित्रिएकालाई व्यवस्थापन गर्नु उपयुक्त नहुने सुझाव दिएको थियो ।

सामाजिक विकासमन्त्री रावलले परीक्षण गरेर रिपोर्ट नेगेटिभ आएकालाई मात्र सम्बन्धित स्थानीय तहसँगको समन्वयमा क्वारेन्टिनमा पठाइने बताउनुभयो । उहाँका अनुसार रिपोर्ट पोजिटिभ आएमा सीधै प्रदेश अस्पताल सुर्खेत लगिनेछ । बबईमा जग्गा नभएपछि आफूहरूले वैकल्पिकरूपमा छिञ्चुमा रहेको शारदा मावि र मदानेचौरलाई छनोट गर्नुपरेको उहाँले बताउनुभयो ।

कर्णाली सरकारले छिञ्चुमा कोरोना परीक्षण कक्ष बनाउने तयारी थालेसँगै नगरपालिकाले विरोध जनाएको छ । छिञ्चुबजारका बीचमा अवस्थित विद्यालय र मदानेचौर जङ्गलमा कक्ष बनाउने तयारीको नगरपालिकाले विरोध जनाएको हो ।

नगरपालिकाका उपप्रमुख रेणु आचार्यले बजारका बीचमा भारतबाट आएकाहरूलाई राखेर कोरोना परीक्षण गर्दा समुदायमा सङ्क्रमण फैलिन सक्ने चिन्ता व्यक्त गर्नुभयो ।

"बबई नदीको किनारामा चौर खनेर भए पनि कोरोना कक्ष बनाउनु उपयुक्त हुन्छ", उहाँले भन्नुभयो, "आफूखुशी स्थानीय तहसँग समन्वय नगरी बजारभित्र भारतबाट आएकालाई राख्नु न्यायसङ्गत हुँदैन ।" रासस

# स्वदेश फर्कन चाहने नेपालीलाई सरकारले सहयोग गर्नुपर्छ : नेता निधि



काठमाण्डु । नेपाली काँग्रेसका उपसभापति विमलेन्द्र निधिले कोरोनाका कारण विदेशमा संकटमा परेका नेपालीलाई स्वदेश फर्कन सरकारले सहयोग गर्नुपर्ने विचार व्यक्त गर्नुभएको छ । अनलाइन जुम प्रविधिबाट भएको पार्टीको केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको बैठकमा उहाँले महामारीका समयमा नागरिकको स्वास्थ्यप्रति सरकार जिम्मेवार हुनुपर्ने र जहाँ बसेका भए पनि स्वदेश फर्कन चाहने नेपालीलाई स्वदेश फर्कन सहयोग गर्नुपर्ने बताउनुभयो ।

प्रतिष्ठानका प्रमुख निधिले कोरोनाको कठीन समयमा अग्रस्थानमा रहेका चिकित्साकर्मी, सहयोगी स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सफाइकर्मी र सञ्चारकर्मीको कार्यको प्रशंसा गर्दै उनीहरूको स्वास्थ्यको सुरक्षाका साथ सरकारले विशेष प्रोत्साहन प्याकेज ल्याउनुपर्ने धारणा उहाँले व्यक्त गर्नुभयो । बैठकमा कोरोना संक्रमण र त्यसले पारेको असर, पोष्ट कोरोना, आगामी दिनमा प्रतिष्ठानले गर्ने प्रशिक्षण शैली, प्रविधिको प्रयोग, पाठ्यसामग्री प्रकाशन, नेपाली राजनीतिमा उत्पन्न परिस्थिति, सिमानाको प्रश्न, सरकारका नीति तथा कार्यक्रमलगायत विषयमा विमर्श भएको थियो । प्रतिष्ठानले यही जेठ १५ गते गणतन्त्र दिवसलाई सबै समस्या समाधानको मार्ग लोकतन्त्र भन्ने नाराका साथ मनाउने निर्णय गरेको प्रतिष्ठानका कार्यकारी निर्देशक पुरुषोतम दाहालले जानकारी दिनुभयो ।

बैठकमा काँग्रेस प्रवक्ता एवम् सूचना, सञ्चार तथा प्रचार विभाग प्रमुख विश्वप्रकाश शर्माले समसायमयिक विषयसहित पार्टीका गतिविधिबारे जानकारी दिनुभएको थियो । प्रतिष्ठानले सरकारको नीति तथा कार्यक्रममा कृषि, पर्यटन, उद्योग, स्वास्थ्य, शिक्षालगायत महत्वपूर्ण क्षेत्रका लागि कुनै ठोस योजना नआएको भन्दै आगामी वर्ष बेरोजगारीको समस्या अझ विकराल हुने चिन्ता व्यक्त गरेको छ । बैठकले कोरोनाबाट उत्पन्न स्वास्थ्य खाद्यान्न र अर्थव्यवस्थामा संकट तथा शिक्षा र रोजगारीमा व्यापक असर गर्ने, सुरक्षित मातृत्व, महिला बालबालिकासहित आमरूपमा परेको मनोवैज्ञानिक प्रभाव तथा वातावरणमा आउने असन्तुलनबारेमा छलफल गरेको थियो ।

साथै बैठकले सरकारद्वारा जारी सूचना, जानकारी तथा पथप्रदर्शनको पूर्ण पालन गर्दै काँग्रेसका सदस्यलाई यसबारे प्रशिक्षित गर्ने र सचेत तुल्याउने एवं विभिन्न माध्यमबाट व्यापक जनचेतना फैलाउने निर्णय गरेको छ । स्वदेश फर्कन चाहने नेपालीको उचित व्यवस्थापन गरी नेपाल आउन सहजीकरण गर्न सरकारलाई आग्रह गर्ने र यस विषयमा काँग्रेसले जारी गरेका दृष्टिकोणलाई अध्ययन तथा अनुशीलन गर्न सदस्यलाई प्रेरित गर्ने बैठकले निर्णय गरेको छ । बैठकले कोरोनाको पिसिआर परीक्षणको दायरा विस्तार गर्न सरकारसँग आग्रह गरेको छ ।रासस

# ४७ जनाको पिसिआर रिपोर्ट नेगेटिभ, घरटोल सिल

सिन्धुली । जिल्लामा आरडिटी विधिबाट कोरोना भाइरस परीक्षण गर्दा पोजेटिभ आउनेको पिसिआर विधिबाट जाँच गरिएको छ । पिसिआर विधिबाट जाँच गर्न स्वाब सङ्कलन गरी ५० जनाको प्रादेशिक अस्पतालमा पठाइएको थियो । तीमध्ये ४७ मा कोरोना भाइरस नेगेटिभ आएको सिन्धुली अस्पतालका कोभिड-१९ फोकल पर्सन डा प्रसन्नजङ्ग राजभण्डारीले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "आरडिटी विधिबाट जाँच गर्दा पोजेटिभ आउने २७ र अरु केही व्यक्तिको गरी ५० जनाको मङ्गलबार थ्रोट स्वाब पठाइएकामध्ये ४७ जनाको रिपोर्ट आएको छ ।" अग्रपङ्क्तिमा काम गर्ने स्वास्थ्य र सुरक्षाकर्मी, पत्रकार, नागरिक, प्रतिनिधि, कर्मचारीको परीक्षणमा गरिएको थियो । पिसिआर विधिबाट जाँच गर्दा अब बाँकी तीन जनाको रिपोर्ट आज आउने बताइएको छ ।

**घरटोल सिल**

कमलामाई नगरपालिका-९ पन्नेसीमा पाँच घर सिल गरिएको छ । मङ्गलबार काठमाडौँमा कोरोना भाइरस सङ्क्रमित २७ वर्षीया महिलामा कोरोना भाइरस देखिएपछि उहाँको छिमेकी घर पनि सिल गरिएको हो । बन्दाबन्दीका समयमा केही दिनअघि महिला घरबाट काठमाडौँ गएको कन्टयाक्ट ट्रेसिङमा खुलेपछि घर सिल गरिएको जिल्ला स्वास्थ्य कार्यालय सिन्धुलीका प्रमुख जीतेन्द्रकुमार साहले जानकारी दिनुभयो ।

सिल गरिएका क्षेत्रमा सुरक्षा सतर्कतासमेत अपनाइएको छ । कन्टयाक्ट ट्रेसिङ गरिएको र महिलाका परिवारका नौसहित ४१ जनालाई होम क्वारेन्टाइनमा सुरक्षित बस्न आग्रह गरिएको उहाँले बताउनुभयो । रासस

# मुख्यमन्त्री सहित १६४ को स्वाब सङ्कलन



सुर्खेत । कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाही, मन्त्रीहरू तथा प्रदेशसभा सदस्यसहित मातहतका कर्मचारी गरी १६४ जनाको 'नोजल स्वाब' सङ्कलन गरिएको छ ।

प्रदेशसभाको बैठकमा कोरोना भाइरसको जोखिम हुन नदिन स्वाब सङ्कलन गरिएको हो । बैठक अगामी जेठ ११ गते आह्वान गरिएको छ । प्रदेश सरकारका मुख्यमन्त्री शाही, आर्थिक मामिला तथा योजनामन्त्री प्रकाश ज्वाला, आन्तरिक मामिला तथा कानूनमन्त्री नरेश भण्डारी, सामाजिक विकासमन्त्री दल रावल, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री विमला केसी र उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री नन्दसिंह बुढाको 'नोजल स्वाब' सङ्कलन गरिएको स्वास्थ्य सेवा कार्यालयका प्रमुख चेतननिधि वाग्लेले जानकारी दिनुभयो ।

त्यसैगरी प्रदेशसभाका सभामुख राजबहादुर शाही, उपसभामुख पुष्पा घर्तीलगायत ४० प्रदेशसभा सदस्य, सुरक्षाकर्मी, मर्यादापालक कर्मचारी, सवारी चालक र केही सञ्चारकर्मीको पनि सङ्कलन गरिएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो "स्वाब सङ्कलन गरिएका सबैको पिसिआर विधिबाट कोरोना परीक्षण गरिने छ । "

प्रदेशसभा सचिव जीवराज बुढाथोकीले सबैको कोरोना परीक्षणको रिपोर्ट प्राप्त भएपछि निर्धारित मितिमा बैठक शुरु हुने जानकारी दिनुभयो । बैठकमा मुख्यमन्त्रीसहित प्रदेश मन्त्री तथा प्रदेशसभाका सदस्यमात्र बैठक कक्षमा प्रवेश गर्न पाउने जनाउँदै उहाँले सञ्चारकर्मी, मन्त्रालयका कर्मचारी र दर्शकलाई बैठकको दृश्य बाहिर भिडियोबाटै देखाइने बताउनुभयो ।

उहाँले भन्नुभयो, "प्रदेशसभाभित्र प्रवेश गर्ने सबैले अनिवार्य मास्क तथा पञ्जा लगाउनुपर्नेछ । सामाजिक दूरी कायम गरेर आसन ग्रहण गराउने व्यवस्थापनमा जुटेका छौँ ।" सामाजिक विकासमन्त्री दल रावलले प्रदेशसभा सचिवालयलाई विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसार कोभिड-१९ विरुद्ध अपनाउनुपर्ने सबै सावधानीमा सहयोग गर्ने बताउनुभयो ।रासस

# सीमा अतिक्रमणविरुद्ध एक हुन आह्वान

काठमाण्डु । भारतद्वारा गरिएको सीमा अतिक्रमणसँगै विभिन्न पक्षबाट हुने हस्तक्षेपविरुद्ध सबै नेपाली एकजुट हुन काठमाण्डुमा रहेका प्राध्यापक र बौद्धिक वर्गले आह्वान गरेको छन् ।

सुदूरपश्चिम घर भइ काठमाण्डुमा विभिन्न क्षेत्रमा संलग्न ३९ व्यक्तिले बिहीबार जारी गरेको विज्ञप्तिमा सन् २०१५ मा भारत र चीनबीच नेपाली भूमि लिपुलेक नाकाबाट सीमा व्यापार, धार्मिकयात्रा तथा अन्य सीमा सहयोग बढाउनका लागि भएको सम्झौता खारेजीसँगै कालापानी क्षेत्रबाट भारतीय सुरक्षाकर्मी फिर्ता गर्न माग गरिएको सुदूरपश्चिम विश्वविद्यालयका पूर्वउपकुलपति प्रा डा जयराज अवस्थीले जानकारी दिनुभयो ।

विज्ञप्तिमा उहाँहरूले वर्षौंदेखि भारतद्वारा अतिक्रमित लिम्पियाधुरा, लिपुलेक, कालापानीसहित नेपालको नक्सा सार्वजनिक गरेकामा उक्त कदमको स्वागत गर्दै समाजले ऐतिहासिक तथ्य र सामग्रीका बाबजुद नेपालको सहमतिबिना चीन र भारतबीच कुनै पनि प्रकारको सन्धि, सम्झौता र सहमति हुनु अन्तर्राष्ट्रिय कानून तथा अभ्यासविपरीतको कदम भएको जनाउनुभएको छ ।

सरकारले कुनै पनि परिस्थितिबाट प्रभावित नभइ सीमा अतिक्रमणको विषयलाई सम्मानजनकरूपमा द्विपक्षीय, बहुपक्षीय वा अन्य आवश्यक कूटनीतिक माध्यमबाट समस्याको समाधान पहिल्याउन सफल हुने विज्ञप्तिमा जनाइएको छ । विज्ञप्तिमा चीन र भारतबीच सम्पन्न सन् २०१५ को सम्झौता खारेजी र अतिक्रमित भूमि लिम्पियाधुरा, लिपुलेक, कालापानी क्षेत्रबाट भारतीय सीमा सुरक्षा बल यथाशीघ्र हट्ने वातावरण निर्माण गर्नसमेत माग गरिएको छ ।रासस

# मस्जिदमा गुञ्जन छाडे अजानको धुन



भैरहवा । रुपन्देहीको ओमसतिया गाउँपालिका वडा नं ४ बस्ने ताहिर अली अहिले घरभित्रै नमाज पढ्न बाध्य हुनुभएको छ । घर नजीकको असर्फी जामे मस्जिदमा दिनको पाँच पटकसम्म नमाज पढ्ने अलीको परिवारले अहिले घरमा नै नमाज पढ्ने गरेको छ । बाह्र वर्षका उमेरदेखि सधैँ मस्जिदमा गएर नमाज पढ्ने उहाँ अहिले ५८ वर्षको हुनुभयो ।

अली मात्र नभएर उनका छिमेकी अलिजान मुसलवानको परिवारले पनि बन्दाबन्दीका कारण मस्जिद जान छाडेर घरमा नमाज पढ्ने गरेको छ । इस्लाम धर्मावलम्बी दिनको पाँच पटक मस्जिदमा पुगेर सामूहिक रूपमा नमाज पढ्ने गर्छन् । बिहान ४:३० बजे, अपराह्न १:३० बजे र ५:०० बजे तथा सूर्यास्तपछि र सूर्यास्तको दुई घण्टापछि नमाज पढ्ने प्रचलन भएको मुसलवान बताउनुहुन्छ ।

गत वैशाख १३ गतेदेखि शुरु भएको रमजानमा रोजा बसी मस्जिदमा गएर नमाज पढ्दा बढी पुण्य पाइने धार्मिक विश्वास भए पनि बन्दाबन्दीले मस्जिद जान रोकिएको मुसलमान समुदायका अगुवा बताउँछन् । इस्लाम धर्मग्रन्थ 'कुरआन'का अनुसार रमजानका बेलामा घरमा नमाज पढ्दा एक प्रतिशत तथा मस्जिदमा पुगेर नमाज पढ्दा ७० गुणा बढी पुण्य पाइन्छ भन्ने चलन रहेको अलीले बताउनुभयो ।

अरुभन्दा रमजानका समयमा मस्जिदमा पुगेर नमाज पढ्नेहरूको सङ्ख्या धेरै हुने गरे पनि अहिले यो बन्द भएको छ । बन्दाबन्दी भएपछि जिल्लामा रहेका १८० भन्दा बढी मस्जिदमा नमाज पढ्न सूचना दिने अजानको धुनसमेत बज्न छाडेको छ । मस्जिदमा बज्ने अजानको धुन बस्तीबस्तीमा पुगेपछि नमाज पढ्ने प्रचलन भए पनि अहिले आफैँ समय हेरेर नमाज पढ्ने गरिएको मुसलमान धर्मावलम्बी बताउँछन् ।

मुसलमान समुदायमा पुरुषले मस्जिदमा गएर नमाज पढ्ने चलन छ भने महिला घरमा नै नमाज पढ्ने गर्छन् । मस्जिदमा पुगेर नमाज पढ्न नसक्ने र नभ्याउने पुरुषले अजानको धुन बजेपछि आफू जुन स्थानमा रहेका छन् त्यहीँ नमाज पढ्नुपर्ने चलन रहेको उनीहरू बताउँछन् ।

दिनमा पाँच पटकसम्म अजानको धुन बज्ने मस्जिदहरू अहिले सुनसान रहेको बताउँदै सिद्धार्थनगर नगरपालिका वडा नं १२ बस्ने कुमार गुरुङ भन्नुहुन्छ, 'नमाज पढ्ने बेलामा मस्जिदमा भिड गर्ने मुस्लिम समुदाय समेत अहिले देखिन छाडेका छन् ।' वर्षौँदेखि मुसलमानको आवाज गुञ्जिने रुपन्देहीमा प्रायः मुसलमान बसोबास हुने बस्तीका मस्जिद अहिले सुनसान भएका छन् । जिल्ला प्रशासन कार्यालय रुपन्देहीका प्रमुख जिल्ला अधिकारी महादेव पन्थले पनि कोराना भाइरस सङ्क्रमण रोकथाम तथा नियन्त्रणका लागि मुसलमान समुदायलाई बढीमा दुई जना मात्र मस्जिदमा गएर नमाज पढ्न र अरुलाई घरमा नै पढ्नका लागि निर्देशन दिइएको जानकारी दिनुभयो । सो निर्देशन उक्त समुदायले पालना गरेको बताउँदै प्रजिअ पन्थले यहाँका मस्जिदमा अनुगमन पनि भइरहेको जानकारी दिनुभयो ।

मुसलमान अगुवाले स्थानीय प्रशासनको सहयोगमा मस्जिद तथा मुसलमान बस्तीमा पुगेर कोरोना भाइरसको सङ्क्रमण रोकथामका लागि अपनाउनुपर्ने सजगता र सचेतनामूलक कार्यक्रम गरिरहेको देखिन्छ । जिल्लामा रहेका मुसलमानले अध्ययन गर्ने मदरसा र लगभग १७१ मस्जिद बन्द गरिएको मुसलमान अगुवा बताउँछन् ।

जिल्लामा एक जना भारतबाट आएर क्वारेन्टाइनमा बसेका युवकलाई कोरोना भाइरस संक्रमण देखिए पनि अरुमा यसको संक्रमण नदेखिएकाले अझ केही समय सामाजिक दूरी कायम राख्नका लागि सबै समुदायलाई सचेत गराइएको जिल्ला प्रशासन कार्यालय रुपन्देहीले जनाएको छ ।

जिल्लाका प्रायः सबै बस्तीमा मुसलसमान समुदायको बसोबास रहे पनि बुटवल, भैरहवा, मर्चवार, लुम्बिनी, देवदह, रोहिणीहवा र ओमसतिया क्षेत्रमा बढी जनसङ्ख्या छ । रासस

# राखेप सदस्य सचिवको छिनोफानो मन्त्रिपरिषद्ले गर्नें



काठमाण्डु । राष्ट्रिय खेलकूद परिषद् (राखेप)को सदस्य सचिवको छिनोफानो अब मन्त्रिपरिषद्ले गर्ने व्यवस्था गरिएको छ । 'राष्ट्रिय खेलकूद विकास विधेयक, २०७५' लाई बुधबार राष्ट्रियसभाले पारित गरेपछि सदस्य सचिव नियुक्तिको नयाँ प्रावधान आएको हो । यसअघि सदस्य सचिवको नियुक्ति सोझै युवा तथा खेलकूदमन्त्रीको सिफारिसमा गरिँदै आएको थियो ।

राष्ट्रियसभाको बुधबार बसेको बैठकमा युवा तथा खेलकूदमन्त्री जगतबहादुर विश्वकर्माले राष्ट्रियसभाबाट पारित भई प्रतिनिधिसभामा पठाइएको विधेयक प्रतिनिधिसभाबाट भएको संशोधन स्वीकारसहित पुनः पारित गरियोस् भनी प्रस्ताव पेश गर्नुभएको थियो । विधेयक राष्ट्रियसभामा सर्वसम्मत पारित भएको छ । यसअघि गत वर्ष साउनमा राष्ट्रियसभाबाट पारित सो विधेयक फागुन तेस्रो साता प्रतिनिधिसभाको बैठकले पारित गरेको थियो । राष्ट्रियसभाबाट पारित विधेयकानुसार अब राखेपको सदस्य सचिव हुनका लागि ३० वर्ष उमेर पुगेको हुनुपर्ने छ । यस्तै उक्त व्यक्तिले खेलकूदका क्षेत्रमा कम्तीमा पाँच वर्ष काम गरेको तथा स्नातक तह उत्तीर्ण गरेको हुनुपर्ने पारित विधेयकमा व्यवस्था गरिएको छ । प्रतिनिधिसभा र राष्ट्रियसभाबाट पारित उक्त खेलकूद विधेयक अब राष्ट्रपतिले प्रमाणीकरण गरेपछि ऐनका रूपमा लागू हुनेछ ।

विधेयकमा राखेप सदस्य सचिव सिफारिसका लागि तीन सदस्यीय समितिको व्यवस्था गरिएको छ । समितिका संयोजकमा युवा तथा खेलकूद मन्त्रालयका सचिव तथा सदस्यमा एक खेलकूदविज्ञ र एक महिला रहने छन् । उक्त समितिले एक महिलासहित तीन उपयुक्त व्यक्तिको नाम युवा मन्त्रालयमा सिफारिस गर्नेछ ।

मन्त्रालयले समितिले सिफारिस गरेका मध्येबाट एक जनाको नाम सदस्य सचिवका लागि मन्त्रिपरिषद्समक्ष पेश गर्नेछ । मन्त्रिपरिषद्ले उचित ठानेको व्यक्तिलाई राखेप सदस्य सचिवमा नियुक्त गर्ने विधेयकमा व्यवस्था गरिएको छ । सदस्य सचिवको पदावधि चार वर्षको हुनेछ । निजलाई अर्को एक पटकका लागि पुनः नियुक्त गर्न सकिने प्रावधान छ ।रासस

# विश्वभर कोरोना संक्रमितको संख्या डरलाग्दो बनेको डब्लुएचओको भनाई

एएफपी

वासिङ्टन । विश्व स्वास्थ्य संगठनले कोरोनाभाइरसबाट संक्रमितको संख्या एकै दिन ठूलो संख्यामा भेटिएको जनाएकै दिन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले "सामान्यीकरण" को सङ्केतका रूपमा वार्षिक जी७ शिखर सम्मेलनका लागि नेताहरूको बैठक गर्न प्रस्ताव राख्नु भएको छ। डब्लुएचओले बुधबार एकै दिन १ लाख ६ हजारभन्दा बढी भाइरसका बिरामी भेटिएको जनाएको छ।



गत डिसेम्बरमा चीनको उहानमा कोरोना संक्रमण देखिएपछि पहिलोपटक यो सबैभन्दा ठूलो संख्या देखिएको हो। डब्लुएचओका प्रमुख टेड्रोस अधानोम गेब्रेयियससले आफू निम्न र मध्यम आय भएका देशहरूको अवस्थाबाट "धेरै चिन्तित" भएको बताउनुभएको छ। दक्षिण अमेरिकी देशहरूमा पछिल्ला दिनहरूमा संक्रमणको दर निकै बढेको छ। केही मुलुकले लकडाउन खुकुलो बनाए पनि संक्रमण बढेसँगै पुनःस्थापित गरेका छन्। ब्राजिलमा सबैभन्दा बढी बिरामी भेटिएका छन्। यहाँ विश्वमै तेस्रो सर्वाधिक संख्यामा संक्रमित देखिएका छन्। पेरू, मेक्सिको र चिलीमा पनि संक्रमण लगातार वृद्धि भइरहेको छ। ब्राजिलका स्वास्थ्य अधिकारीहरूले एकै दिन १ हजार १७९ नयाँ कोरोनाभाइरस संक्रमितको मृत्यु भएको बताएका छन्, जबकि दक्षिणपन्थी राष्ट्रपति जेयर बोल्सोनारोले लकडाउनको कडा विरोध गर्दै आउनु भएको छ।

उहाँले विशेषज्ञहरूको सल्लाह विपरीत क्षेत्रीय गभर्नरहरूलाई लकडाउन हटाउन दबाब दिइरहनु भएको छ। अमेरिकी राष्ट्रपति ट्रम्पले जस्तै बोल्सोनारोले भाइरसको उपचारमा औलोको औषधीको प्रयोगलाई बढावा दिनु भएको छ। तर अध्ययनहरूले औलोको यो औषधि कोरोनाभाइरसको उपचारमा खासै फाइदाजनक नरहेको र शरीरलाई निकै हानि गर्ने बताएका छन्। आगामी नोभेम्बरमा पुनः निर्वाचनको सम्मुखमा रहेका राष्ट्रपति ट्रम्पले अमेरिकी अर्थव्यवस्थालाई पुनर्जीवित तुल्याउने अडान पुनः राख्नु भएको छ। उहाँले अमेरिका पुराने लयमा फर्कने बताउँदै आगामी जुनमा आयोजना हुने सात प्रमुख औद्योगिक राष्ट्र (जि७) को शिखर सम्मेलनमा नेताहरूको उपस्थिति हुनेमा आफू आशावादी रहेको बताउनुभयो। "म यो सम्मेलन वासिङ्टन डिसीको क्याम्प डेभिडमा गर्ने विचार गर्दैछु" उहाँले भन्नुभयो। "अरू नेताहरू पनि सहभागी हुनु हुनेछ। यो सबैका लागि ठूलो संकेत हुनेछ - सामान्यीकरण !" जी७ का देशहरू - बेलायत, क्यानाडा, फ्रान्स, जर्मनी, इटाली, जापान र संयुक्तराज्य अमेरिका - ले वार्षिक शिखर सम्मेलन आलोपालो आयोजना गर्ने प्रचलन छ। फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोको कार्यालयले "स्वास्थ्य स्थितिले अनुमति दिएमा" उपस्थित हुने जनाएको छ। जर्मन चान्सलर एन्जेला मर्केलले आफू "पर्ख र हेरको अवस्थामा रहेको" बताउनु भएको छ। विश्वव्यापी रुपमा कोरोनाभाइरसका कारण मृत्यु हुनेको संख्या ३ लाख २५ हजारभन्दा बढी र झण्डै ५० लाख मानिस संक्रमित भएका छन्। यसबीच विश्वभरिका सरकारहरू खोपको आशामा रहेका छन्।

भाइरस निर्माणका सन्दर्भमा उत्साहजनक खबरहरू आइरहेका छन्। एउटा अध्ययनमा बाँदरहरूमा गरिएको प्रयोगमा मानिसहरूले भाइरस प्रतिरोधात्मक क्षमता विकास गर्न सक्ने देखाएको छ।

यसैबीच, युरोपमा संक्रमण र मृत्यु दरमा ठूलो कमी आएपछि लकडाउन खुकुलो बनाउन थालिएको छ। एसियाका देशहरूमा पनि बिस्तारै खुकुलोपन ल्याउन थालिएको छ।

भारतमा दुई महिनाको लकडाउन पछि मे २५ बाट घरेलु हवाई यात्रा पुनः सुरु हुँदैछ। भारतमा एकै दिन ५ हजार ६०० भन्दा बढी नयाँ कोरोना संक्रमित देखिए पनि व्यवसाय, यातायात र अन्य क्षेत्रमा बिस्तारै सहजता आउन थालेको छ। चीन, दक्षिण कोरिया, जापान र सिंगापुरले पनि व्यवसायहरू खोल्नुका साथै आम जनजीवनमा सहजीकरण गर्न थालेका छन्।

## पेरुमा कोरोना संक्रमित एक लाख, तीन हजारको मृत्यु

एएफपी

लिमा। दक्षिण अमेरिकी राष्ट्र पेरुमा कोरोनाभाइरसबाट संक्रमितको संख्या एक लाख नाघेको छ भने तीन हजारभन्दा बढीको मृत्यु भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

दक्षिण अमेरिकामा ब्राजिल र मेक्सिको पछि पेरुमा सबैभन्दा बढी व्यक्ति संक्रमित देखिएका छन्। गत अप्रिल ३० यता संक्रमित र मृत्यु हुनेको दर तीन गुणाले बढेको छ।

भाइरस फैलिन नदिन पेरुमा नौ हप्तादेखि लकडाउन जारी छ, र यसबाट मुलुकको अर्थतन्त्र अत्यन्त नाजूक अवस्थामा पुगेको छ।

पेरुको करिब ३ करोड २० लाख जनसंख्यामध्ये एक तिहाई बसोबास गर्ने लिमा र तटीय शहर कालाओमा सबैभन्दा बढी संक्रमित भेटिएका छन्।

पेरुका अस्पतालमा बिरामीको संख्या व्यापक रुपमा बढ्नुका साथै अस्पतालहरूमा स्वास्थ्य सामग्रीको चरम अभाव हुन थालेको छ। राजधानी लिमको उनानु अस्पतालमा कार्यरत नर्स मिगेल अर्मासले यहाँका अवस्था अहिले "हरर फिल्म" (तर्साउने फिल्म) हेरेजस्तो देखिएको बताउनुभयो। स्वास्थ्य मन्त्रालयले कोविड-१९ का बिरामी उपचारका लागि हाल ७ हजार ५०० व्यक्ति अस्पताल भर्ना भएको जनाएको छ।

# विश्वभर संक्रमित ५१ लाख बढी, ३ लाख २९ हजारको मृत्यु

एएफपी

जेनेभा। कोरोनाभाइरसका कारण विश्वभर ३ लाख २९ हजारभन्दा बढी व्यक्तिको मृत्यु भएको छ भने संक्रमितको संख्या ५० लाख नाघेको छ। जोन्स हप्किन्स विश्वविद्यालयका अनुसार नेपाली समयानुसार बिहीबार मध्याह्नसम्ममा विश्वभर २४ घण्टाको अवधिमा एक लाख ४७४ जना नयाँ संक्रमित भेटिएका छन्।



यसअघि अघिल्लो २४ घण्टामा विश्वमा ९४ हजार ८१३ जना नयाँ संक्रमित भेटिएका थिए। विगत २४ घण्टामा विश्वभर ४ हजार ६८५ जनाको ज्यान गएको छ। प्राप्त समाचार अनुसार विश्वभर करिब ४५ हजार ७९६ जनाको स्वास्थ्य अवस्था कोरोनाभाइरसबाट अत्यन्त जटिल रहेको छ भने २६ लाख ९० हजारको स्वास्थ्य अवस्था सामान्य वा मध्यम छ। युरोपेली मुलुकहरूमध्ये कोरोनाभाइरसबाट बेलायतमा सबैभन्दा बढी व्यक्तिको मृत्यु भएको छ। पछिल्लो विवरण अनुसार बेलायतमा ३५ हजार ७०४ जनाको कोरोनाभाइरसका कारण मृत्यु भइसकेको छ।

संयुक्तराज्य अमेरिकामा मृत्युदरमा उतारचढाव यथावत छ। पछिल्लो २४ घण्टामा अमेरिकामा एक हजार ४०३ व्यक्तिको मृत्यु भएको छ। योसहित अमेरिकामा मृत्यु भएका व्यक्तिको कूल संख्या ९४ हजार ९३६ पुगेको छ। कोरोनाभाइरसबाट सर्वाधिक मृत्युदर रहेका इटाली, स्पेन र फ्रान्स लगायतका मुलुकमा मृतकको संख्या ३० हजारको हाराहारीमा छ। हालसम्म इटालीमा ३२ हजार ३३०, फ्रान्समा २८ हजार १३२, स्पेनमा २७ हजार ८८८, बेल्जियममा ९ हजार १५०, जर्मनीमा ८ हजार २७० र नेदरल्यान्ड्मा ५ हजार ७४८ जनाको मृत्यु भएको छ।

दक्षिण अमेरिकी देशहरूमध्ये कोरोनाभाइरसको इपिसेन्टरका रुपमा देखिएको ब्राजिलमा १८ हजार ८९४, इरानमा ७ हजार १८३, मेक्सिकोमा ६ हजार, क्यानाडामा ६ हजार, चीनमा ४ हजार ६३४ जनाको मृत्यु भइसकेको छ।

# अफगान राष्ट्रपतिसँग शान्ति प्रक्रियाबारे छलफल

एएफपी

काबुल। अफगानिस्तानका लागि अमेरिकी विशेषदूत जाल्मी खलिलजाद र अफगानिस्तानका राष्ट्रपति असरफ घनीबीच बिहीबार राजधानी काबुलमा भेटवार्ता भएको छ। उहाँहरूबीच अफगानिस्तानको शान्ति प्रक्रियाको विषयमा कुराकानी भएको बताइएको छ।

शान्ति वार्ताका लागि यस अघिदेखि नै पहल सुरु भएकोले अफगानिस्तान र संयुक्तराज्य अमेरिका अब आगामी दिनमा के कसरी अघि बढ्ने भन्ने बारेमा कुराकानी भएको बताइएको छ। अफगानिस्तानको टोलो समाचार संस्थाले अफगान राष्ट्रपतिको विज्ञप्तिलाई उद्धृतगर्दै दिएको समाचारमा अफगानिस्तान र अमेरिकाबीच तालिबानसँगको वार्ताका लागि आगामी दिनमा के कसरी अघि बढ्ने भन्ने बारेमा कुराकानी भएको थियो। संयुक्तराज्य अमेरिकारअफगानिस्तानकोतालिवान समूहबीच कतारको दोहामा करिब तीन महिना अघि ऐतिहासिक शान्ति सम्झौता' भएको थियो।

तर त्यसको साता दिन पनि नपुग्दै त्यहाँका तालिबानहरूले आक्रमण सुरु गरेपछि शान्ति प्रक्रिया संकटमा पुगेको बताइएको थियो। बिहीबारको भेटमा अफगानिस्तानकातालिबानहरूलाई आगामी दिनमा शान्तिवार्ताका लागि तयार गर्न युद्धविराम या हिंसात्मक गतिविधिमा कमी ल्याउने बारेमा तयार पार्ने विषयमा छलफल भएको बताइएको छ। तीन महिना अघि भएको सम्झौतापछि अमेरिका र उसका सहयोगी राष्ट्रहरूद्वारा उत्तर एटलान्टिक सन्धि संगठन (नेटो) अन्तर्गत अफगानिस्तानमा कार्यरत सम्पूर्ण सैनिकलाई आगामी १४ महिनाभित्र अफगानिस्तानबाट फिर्ता लाने सहमति भएको थियो।

त्यस्तै अफगान विद्रोहीको प्रभाव क्षेत्रमा अलकायदा तथा अन्य अतिवादी इस्लामिक समूहका गतिविधि नियन्त्रणका लागि तालिवानले सरकारलाई सहयोग गर्ने पनि सहमति भएको थियो। तर पनि सो सम्झौतापछि पनि तालिवान समूहको आक्रमण रोकिएको छैन। गएको करिब १८ वर्षदेखि जारी हिंसाको अन्त्यका लागि शान्ति प्रक्रिया अघि बढाउन खोजिए पनि सम्भव हुन सकेको छैन।

# भारतमा एकै दिनमा २०४ ओटा मजदुर विदेश रेल सञ्चालन

एएफपी

नयाँदिल्ली। भारतको रेल सेवाले एकै दिनमा २०४ ओटा मजदुर विषेश रेल सञ्चालन गरिएको जनाएको छ। रेल मार्गमन्त्री प्युष गोयलले मङ्गलबार यती धेरै मजदुर विषेश रेल सञ्जालन गरिएको बुधबार जानकारी दिनुभएको हो।

उहाँले सामाजिक सञ्जाल ट्वीटरमार्फत् प्रतिदिन झण्डै दुई सय श्रमिक रेल सञ्चालन गराउने आफ्नो प्रतिवद्धताअनुसार उनीहरुलाई सञ्चालनमा ल्याइएको स्पष्ट पार्नुभएको छ। लकडाउनका कारण विभिन्न प्रदेशका अलपत्र परेका मजदुरलाई जान चाहेको ठाउँमा लेजाने गरी यस्ता विषेश रेल सेवा सञ्चालन गरिएको उहाँको भनाइ छ।

"हामीले अघिल्लो दिन झण्डै दुई सय रेल सञ्चालन गर्न सक्दछौं भन्ने प्रतिबद्धता गरेका थियौं, त्यही अनुसार मङ्गलबार दुई सयभन्दा बढी रेल सञ्चालन गरिएको छ," उहाँले लेख्नु भएको छ।

# दक्षिण कोरियामा उच्च शिक्षाका कक्षा शुरु

एएफपी

सोल। दक्षिण कोरियामा उच्च शिक्षा अध्ययनरत विद्यार्थीहरुले फेरी विद्यालयमै गएर अध्ययन गर्न थालेका छन्। विश्वभरी अध्ययन अध्यापन कार्य अवरुद्ध भइरहेका बेला दक्षिण कोरियामा शैक्षिक संस्था पुनःसञ्चालन गर्न थालिएको हो। देशभरी बुधबारदेखि हजारौं सयौं उच्च शिक्षालय सञ्चालन हुन थालेको अधिकारीले जानकारी दिएका छन्।

शिक्षालयमा प्रवेश गर्नु अघि शिक्षक तथा विद्यार्थीको तापक्रम मापन गरिने, मास्क तथा स्यानिटाइजरको प्रयोग, अन्य आधारभूत स्वास्थ्य सतर्कता अपनाउने लगायतका प्रक्रिया लागु गर्ने पर्ने व्यवस्था गरिएको उनीहरुको भनाइ छ। विश्वभरी महामारीका रुपमा फैलिएको कोरोनाभाइरसको सङ्क्रमणका कारण लामो समय बन्द गरिएका शैक्षिक संस्था नयाँ तरिकाले सञ्चालन गर्न लागिएका छन्।

रोगको डरले लामो समय लकडाउनसमेत लगाइएकाले विद्यार्थीको अध्ययन कार्य प्रभावित भएको थियो। अहिले सञ्चालन गर्न थालिएका शिक्षालयमा बस्ने, पढ्ने, पढाउने, छलफल गर्ने लगायतका गतिविधि पहिलाभन्दा पत्रक रहेको विद्यार्थीले बताएका छन्। देशको शिक्षा मन्त्रालयले हरेक विद्यार्थीका अनुहार छेक्नेगरी डेक्समा प्लाष्टिकको नयाँ संरचना बनाउन लगाइएको जनाएको छ। एक विद्यार्थीको नाक, मुखबाट निस्कने स्वास अर्को विद्यार्थीसम्म सजिलै नपुगोस् भन्ने उद्देश्यले अनुहार छेक्ने पारदर्शी संचरना प्लास्टिकको बनाउन लगाइएको मन्त्रालयको भनाइ छ। अहिले उच्च शिक्षामा अध्ययनरत विद्यार्थीका लागि मात्रै अध्ययन अध्यापन कार्य सञ्चालन गरिएको मन्त्रालयका अधिकारीले जनाएका छन्।

# प्रधानमन्त्री मोदीद्वारा राजिव गान्धीलाई श्रद्धाञ्जलि

एएफपी

नयाँ दिल्ली। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले पूर्व प्रधानमन्त्री राजिव गान्धीलाई श्रद्धाञ्जलि दिनुभएको छ। बिहीबार राजिव गान्धीको स्मृति दिवसको अवसरमा प्रधानमन्त्री नरेन्द्र मोदीले गान्धीलाई आफ्नो ट्वीटर अकाउन्टमा श्रद्धाञ्जलि अर्पण गर्नुभएको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन्।



उहाँले ट्वीटरमा लेख्नुभएको छ- आज स्वर्गीय राजिव गान्धीको स्मृति दिवसका अवसरमा म भारतका पूर्वप्रधानमन्त्री राजिव गान्धीप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछु।

चालीस वर्षमा प्रधानमन्त्री बन्नुभएका राजिव गान्धी भारतका सबैभन्दा कम उमेरका प्रधानमन्त्री हुनुहुन्छ। उहाँकी आमा तथा भारतका तत्कालीन प्रधानमन्त्री इन्दिरा गान्धीको सन् १९८४ मा भएको हत्यापछि राजिव गान्धी भारतको प्रधानमन्त्री हुनुभएको हो।

प्रधानमन्त्री राजिव गान्धीको पनि हत्या भएको थियो। सन् १९९१ मे २१ मा भारतमा आमनिर्वाचनको अभियानका क्रममा भारतको तमिलनाडु राज्यमा लिबरेसन टाइगर्स् अफ तमिल इलम (एलटिटिइ) ले आत्मघाती बम हमला गरी उहाँको हत्या गरेका थिए।

# भारतमा प्रतिलाख ७.९ जना कोरोनाबाट सङ्क्रमित, ३६.६२ प्रतिशतलाई निको

एएफपी

नयाँदिल्ली। भारतमा देशभरीको तथ्यांक हेर्दा कुल जनसङ्ख्यामध्ये प्रतिलाखमा ७.९ जना कोरोनाभाइरसबाट सङ्क्रमित भएका छन्। केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले बुधबार सार्वजनिक गरेको विवरणअनुसार कुल सङ्क्रमितमध्ये ३९.६२ प्रतिशत विरामी सङ्क्रमण मुक्त भएका छन्।

"विश्वभरको तथ्यांक हेर्ने हो भने कुल जनसङ्ख्याको प्रतिलाख ६२ जना सङ्क्रमित भएको देखिएको छ," जवकी भारतमा ७.९ प्रतिशतमा मात्रै देखिएको छ, मन्त्रालयका सहसचिव लभ अग्रवालले भन्नुभयो। मन्त्रालयद्वारा बुधबार आयोजित पत्रकार सम्मेलनमा उहाँले झण्डै ४० प्रतिशत सङ्क्रमित निको भएर घर फर्किनु अर्को सन्तोषजनक कुरा भएको पनि बताउनुभयो।

अहिले सङ्क्रमित अवस्थामै रहेकामध्ये २.९४ प्रतिशतलाई मात्रै अक्सीजन सहितको शैयामा राख्नु परेको र तीन प्रतिशतलाई आइसियुमा राख्नु परेको पनि उहाँले जानकारी दिनुभयो। त्यसैगरी कोरोनाभाइरसबाट सङ्क्रमितमध्ये ०.४५ प्रतिशतलाई भने भेन्टीलेटरमा राखिएको स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ।

सहसचिव अग्रवालले विश्वभरी प्रतिलाख ४.२ जनाको कोरोनाभाइरसको सङ्क्रमणबाट मृत्यु भएको बताउनुभयो। तर भारतमा भने प्रतिलाख ०.२ प्रतिशतको मात्रै मृत्यु भएको उहाँको भनाइ छ। भारतमा बुधबार बेलुकासम्ममा एक लाख सात हजार ८१९ जना कोरोनाभाइरसबाट सङ्क्रमित भएका छन् भने तीन हजार ३१७ जनाको मृत्यु भएको छ।

# पाकिस्तानमा पनि बढ्दै कोरोना भाइरसका सङ्क्रमित

एएफपी

इस्लामावाद। पाकिस्तानमा कोरोनाभाइरस सङ्क्रमितको सङ्ख्या बढ्दै गएको छ। प्राप्त समाचारअनुसार पाकिस्तानमा सङ्क्रमितको सङ्ख्या ४५ हजार ८९८ पुगेको बुधबार पाकिस्तानी अधिकारीले बताएका छन्।

विगत २४ घण्टामा पाकिस्तानमा दुई हजारभन्दा बढी सङ्क्रमित थपिएका बताइएको छ। पाकिस्तानमा सङ्क्रमितमध्येका ९८५ व्यक्तिको अहिलेसम्म मृत्यु भएको पनि अधिकारीले जानकारी दिएका छन्। वर्ल्डओमिटरले जनाएअनुसार पाकिस्तनमा बुधबार मात्र ४६ जना सङ्क्रमितको ज्यान गएको छ। विगत २४ घण्टाभित्रमा यहाँका ५० जनाको मृत्यु भएको र दुई हजार जनाभन्दा बढी सङ्क्रमित थपिएको वर्ल्डओमिटरले जनाएको छ।

पाकिस्तानी समाचार संस्था जिओ न्यूजले सबैभन्दा बढी प्रभावित पाकिस्तानको सिन्ध राज्यमा रहेको बताएको छ। सो राज्यमा १७ हजारभन्दा बढी व्यक्ति सङ्क्रमणमा परेका छन्।

# अम्फान आँधीका कारण बङ्गलादेश र भारतका दशौंलाख व्यक्ति विस्थापित

एएफपी

खुलाना। बङ्गालादेश र भारतको पूर्वी तटीय इलाकामा अम्फान आँधी आउने पूर्वानुमानपछि यहाँका दशौंलाख नागरिक विस्थापित भएका छन्।

कतिपयलाई सरकारले उद्धार गरी सुरक्षित स्थानतर्फ लगेका छन् भने कतिपय नागरिक आफै पनि सुरक्षित स्थानमा गएका बताइएको छ। ती स्थानमा उच्च सतर्कता अपनाइएको छ। विशेषगरी भारतको पश्चिम बङ्गाल राज्यमा आँधीबाट बच्न सतर्कता अपनाइएको बताइएको छ। बङ्गालको खाडीबाट सुरु भएर भारतको पूर्वी तटीय क्षेत्रमा यसको असर पर्ने बताइएको थियो।

बुधबार आँधीको डर रहेको मौसम पूर्वानुमान गरेपछि मङ्गलबारदेखि नै यहाँको जनजीवनमा त्रास फैलिएको थियो। आज बङ्गलादेश र भारतीय अधिकारीहरुले आँधीको बढी क्षति हुनसक्ने पूर्वानुमान गरिएका स्थानमा उद्धारको कार्य थालेका थिए। यसबाट दशौंलाख व्यक्ति प्रभावित भएका छन्। अहिलेसम्म यसबाट पुगेको कुनै मानवीय तथा भौतिक क्षतिको समाचार भने आएको छैन।

# भारतमा 'अम्फान' आँधीको उच्च सतर्कता उद्धार सुरु

एएफपी

भुवनेश्वर। भारतको पूर्वीतटीय इलाकामा अम्फान आँधी आउने पूर्वानुमानपछि यहाँ उच्च सतर्कता अपनाइएको छ। विशेषगरी यहाँको पश्चिम बङ्गाल राज्यमा आँधीबाट बच्न सतर्कता अपनाइएको बताइएको छ।

विशेषगरी आज बुधबार आँधीको डर रहेको मौसम पूर्वानुमान गरेपछि मङ्गलबारदेखि नै यहाँको जनजीवनमा त्रास फैलिएको थियो।

भारतीयअधिकारीलेआँधीको बढी क्षति हुनसक्ने पूर्वानुमान गरिएका स्थानमा उद्धार थालेका छन्। भारत सरकारका निकायले नागरिकलाई सुरक्षित रहन र आँधीबाट बच्न सार्वजनिक सञ्चारमाध्यमबाट सूचना प्रकाशन तथा प्रसारण गरेका छन्। यस आँधीबाट स्थानीय मानिसलाई सुरक्षित राख्न ओडिसा राज्यका विभिन्न स्थानबाट उद्धार पनि थालिएको बताइएको छ।

उक्त राज्यका विभिन्न स्थानबाट बुधबार मात्र अधिकारीले करिब डेढ लाख मानिसको उद्धार गरी सुरक्षित स्थानमा सारिएको बताएका छन्।

# भारतमा संक्रमितको संख्या १ लाख १२ हजार नाघ्यो

एएफपी

नयाँ दिल्ली। गत २४ घण्टामा भारतमा ५ हजार ६०९ जना कोरोना भाइरस संक्रमित थपिएका छन्। यसैसँगै भारतमा बिहीबारसम्म कोभिड-१९ संक्रमितको संख्या १ लाख १२ हजार ३५९पुगेको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ।




बिहीबार बिहान जारी तथ्याङ्कअनुसार भारतमा कोभिड १९ बाट मृत्यु हुने व्यक्तिको संख्या ३ हजार ४३५ जना पुगेको छ। यसको संक्रमितको संख्या १ लाख १२ हजार ३५९ पुगेको छ। यस संक्रमणबाट निको भएका बिरामीको संख्या ४५ हजार ३०० जना रहेको पनि सो मन्त्रालयले जानकारी दिएको छ। हाल भारतमा ६३ हजार ६२४ जना कोरोना संक्रमित उपचाररत रहेका समाचारमा जनाइएको छ। कोभिड-१९ बाट सबैभन्दा बढी भारतको महाराष्ट्र राज्यका नागरिक संक्रमित भएका छन्। यहाँमात्र ३९ हजार २९७ नागरिक कोरोना भाइरस संक्रमित रहेका छन्। महाराष्ट्रपछि तमिलनाडूमा दोस्रो स्थानमा रहेको छ। त्यहाँ १३ हजार ७९१ जनामा कोरोना भाइरसको संक्रमण रहेका छन्।

गुजरातमा १२ हजार ५३७ संक्रमति रहेका छन्। दिल्लीमा ११ हजार ८८ जना कोरोना संक्रमित रहेका छन्। भारतमा करिब दुई महिना यतादेखि कोरोना भाइरस संक्रमण फैलिने डरले लकडाउन जारी रहेको छ।

कोरोना भाइरसको संक्रमण क्रम नरोकिएपछि भारत सरकारले देशव्यापी रुपमा गरेको लकडाउनलाई मे ३१ सम्म जारी रहने घोषणा गरेको छ। कोरोना भाइरस नियन्त्रण र रोकथामको लागि लकडाउनको चौथो चरण आगामी मे ३१ सम्म जारी रहने भारत सरकारले जानकारी दिएको हो।

# आगामी असारदेखि सञ्चालनमा आउँदै सबैभन्दा ठूलो सवस्टेसन, लकडाउनमा पनि काम धमाधम



काठमाण्डु। नियमित काम हुन पाएको भए देशकै सबैभन्दा ठूलो सवस्टेसन गत चैतको अन्तिम सातादेखि नै सञ्चालनमा आइसक्ने थियो । देश तथा विदेशमा कोरोना कहर फैलिएपछि काम रोकियो । निर्माण सामग्री आउन पाएन, चिनियाँ प्राविधिक आफ्नै मुलुकमा रोकिए । सोही कारण मुलुकको हालसम्मकै सबैभन्दा ठूलो सवस्टेसन निर्माणको काममा समेत गत्यावरोध पैदा भयो ।

पछिल्ला दिनमा सरकारले सामाजिक दूरी कायम गरेर निर्माणाधिन आयोजना सञ्चालनमा ल्याउन दिने विधि बनाएपछि धनुषामा निर्माणाधीन ४००/२०० केभी क्षमताको ढल्केबर सवस्टेसन आयोजनाको काम धमाधम अगाडि बढेको छ । कोरोना कहरकाबीचमा पनि स्वास्थ्य सुरक्षासम्बन्धी प्रावधानहरूको पूर्ण रूपमा पालना गरी स्थानीय सरकार र प्रशासनसँगको समन्वय र सहयोगमा आयोजनाको निर्माण भइरहेकोछ । आयोजनाको निर्माण अन्तिम चरणमा पुगेको जानकारी प्राप्त भएको छ ।

मुलुकभित्र पूर्व-पश्चिम विद्युत् आपूर्ति र भारतसँग विद्युत व्यापारका लागि निर्माण गाएको ग्याँस इन्सुलेटेड प्रणाली (जिआईएस) प्रविधियुक्त स्वचालित ढल्केबर सवस्टेसन मुलुकभित्रको सबैभन्दा ठूलो र ४०० केभी प्रणालीमा आधारित नेपालकै पहिलो सवस्टेसन भएको नेपाल विद्युत् प्राधिकरणको भनाइ छ । सवस्टेसनमा रहने उपकरण जडान एवं परीक्षण र बाँकी रहेका सिभिल संरचनाको निर्माणमा नेपाल, भारत र चीनका प्राविधिक तथा गैह्रप्राविधिक गरी झण्डै ८० जना जनशक्ति परिचालित भएका छन् । आगामी असारभित्रमा सवस्टेसनको निर्माणसम्पन्न गरी संचालन (चार्ज) गर्ने लक्ष्यका साथ धमाधम काम भइरहेको नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिनुभयो ।

"गत पुस/माघमा तराइमा चलेको शीतलहरका कारण उपकरण जडान प्रभावित भयो, त्यसपछि कोरोनाका कारण चिनियाँ इन्जिनियर आउन नसक्दा र नेपालमा लागू गरिएको लकडाउनले निर्माण प्रभावित भयो, अहिले सबै सुरक्षात्मक उपाय अपनाएर काम धमाधम भइरहेको छ" , कार्यकारी निर्देशक घिसिङले भन्नुभयो ।

चीनबाट विमानमार्फत भारतको कोलकाता ल्याइएका सवस्टेसनका उपकरणहरू दुवै मुलुकमा लागू गरिएको लकडाउनका कारण ल्याउन सकिएको थिएन, सबै निकायसँग समन्वय गरी एक हप्ताअघि ती उपकरण कोलकाताबाट आयोजनास्थलमा ल्याइसकिएको छ, अहिले उपकरणहरूको जडान र परीक्षण धमाधम भइरहेको उहाँले जानकारी दिनुभयो । कोलकाता विमास्थलमा ल्याइएका उपकरण अलपत्र परेपछि लकडाउनमा पनि आवश्यक सुरक्षात्मक उपाय अपनाएर नेपाल ल्याउन ऊर्जा, जलस्रोत तथा सिंचाइ सचिव दिनेशकुमार घिमिरेले भारतीय समकक्षीसँग आग्रह गर्नुभएको थियो । त्यसपछि ९ वटा ट्रकमार्फत उपकरणहरू आयोजनास्थलमा ल्याइएको थियो ।

चीनमा उत्पादित उपकरणहरू भएकाले सञ्चालन परीक्षणका लागि चिनियाँ इन्जिनियरहरू लकडाउन शुरु हुनुभन्दा पहिले नै आइसकेका छन् । उपकरणको सञ्चालनमा एक जना भारतीय इन्जिनियर आउनुपर्ने तर लकडाउनका कारण आउन नसक्ने भएपछि प्रविधिको प्रयोग गरेर नै काम गर्न सक्ने व्यवस्था मिलाउनका लागि पहल भइरहेको घिसिङले जानकारी दिनुभयो । सवस्टेसनमा ३१५एमभीएका तीन वटा गरी ९४५ एमभीए क्षमताको पावर ट्रान्सफर्मर रहने छन् । जसले करिब नौ सय मेगावाट विद्युत्लाई प्रसारण गर्न सक्दछन् । "सम्भव भएसम्म तीनवटै र नभएमा कम्तिमा पनि दुईवटा पावर ट्रान्सफर्मर असारभित्रमा चार्ज गर्छौं", कार्यकारी निर्देशक घिसिङले थप्नुभयो ।

सवस्टेसन चार्ज भएपछि नेपाल-भारतबीच करिब एक हजार मेगावाट विद्युत् आयात निर्यातका लागि पूर्वाधार तयार हुनेछ । साथै ४५६ मेगावाटको माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाको विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा सहज रूपमा प्रवाह गर्न र मुलुकभित्र खपत हुन नसकेको विद्युत् भारत निर्यात गर्न सकिने पूर्वाधार तयार हुने प्राधिकरणको विश्वास छ । कूल २२० केभी क्षमताको गोंगर(दोलखा)–खिम्ती–ढल्केबर प्रसारण लाइनमार्फत ढल्केबर सवस्टेसनमा आएको माथिल्लो तामाकोसीको विद्युत् लाई त्यहाँबाट आन्तरिक खपतका लागि पूर्व र पश्चिम पठाउन सहज हुनेछ । वर्षायाममा बढी भएको खण्डमा ढल्केबर-मुजफ्फरपुर ४०० केभी अन्तरदेशीय प्रसारण लाइनमार्फत भारतमा सिधै निर्यात गर्न सकिन्छ । हिउँदमा आवश्यक परेमा न्यूनतम ६०० मेगावाट आयात गर्न सकिन्छ भने दुई मुलुकबीच इनर्जी बैकिङ गर्नसमेत बाटो खुल्ने छ । दुई मुलुकबीच इनर्जी बैकिङ गर्ने सैद्धान्तिक सहमति यसअघि नै भइसकेको छ । ढल्केबर-मुजफ्फपुर ४०० केभी क्रसबोर्डर प्रसारण लाइने २२० केभीमा सञ्चालनमा छ । ढल्केबरमा ४०० केभीको सवस्टेसन निर्माण सम्पन्न भएपछि यो लाइन ४०० केभीमा सञ्चालन हुने छ । सवस्टेसनमा ३१५ एमभीएका तीन वटा गरी ९४५एमभीए क्षमताको पावर ट्रान्सफर्मर रहने छन् । जसले करिब नौ सय मेगावाट विद्युत्लाई प्रसारण गर्न सक्दछन् ।

सरकारले चालू आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमार्फत असारभित्रमा ४०० केभीको ढल्केबर सवस्टेसन निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउने घोषणा गरेको छ । सरकारको उक्त घोषणा करिबकरिब कार्यान्वयन हुने चरणमा पुगेकोमाा प्राधिकरणले खुसी व्यक्त गरेको छ । सशस्टेसन निर्माण भारतीय कम्पनी एबीबी र परामर्शदाताको काम नेपाली कम्पनी एनईए इन्जिनियरिङले गरिरहेका छन् । नेपाल सरकार र विद्युत् प्राधिकरणको करिब रु दुई अर्ब लगानीमा सवस्टेसन निर्माण भइरहेको हो ।

प्राधिकरण र कम्पनीबीच सवस्टेसन निर्माणका लागि ८ डिसेम्बर २०१७ मा ठेक्का सम्झौता भएको थियो । प्राधिकरणले मकवानपुरको हेटौडा र सुनसरीको इनरुवामा पनि ४००/२२० केभीको सवस्टेसन निर्माण गरिरहेको छ । उत्पादित विद्युत्को आन्तरिक खपत एवं द्विपक्षीय तथा क्षेत्रीय विद्युत् व्यापार प्रवर्द्धन लागि आन्तरिक प्रसारण एवं वितरण र अन्तरदेशीय प्रसारण प्रणालीको विस्तार तथा सदृढीकरण गरिएको हो । जुन सरकारको पछिल्ला आर्थिक वर्षका नीति तथा कार्यक्रममा निरन्तर समेटिएका छन् । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री वर्षमान पुनको स्पष्ट निर्देशन र प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको स्पष्ट कार्यशैलीका कारण देशकै सबैभन्दा ठूलो सबस्टेशन चालु आर्थिक वर्षमा नै सम्पन्न हुन लागेको हो । विपद्को समयमा पनि धेरै तौर तरिका मिलाएर काम गर्न सकिन्छ र राष्ट्रिय आवश्यकता पूरा गर्न सकिन्छ भन्ने सन्देश ढल्केबरमा भइरहेको कामले दिएको छ ।रासस

## प्रमाणित तरकारी तथा फलफूल मात्रै बेचन पाइने

बुटवल। बुटवल उपमहानगरपालिकाले स्थानीय किसानले उत्पादन गरेका ताजा र प्रमाणित गरिएका तरकारीलाई मात्रै बेचबिखन गर्न पाउने नियम बनाएको छ। त्यस्ता ताजा कृषि उपजलाई संक्रमण फैलिन नदिने उपायसहित उपभोक्तासम्म पुर्याउन पाउने जनाउँदै बुटवलले सार्वजनिक सूचनामार्फत जानकारी गराएको हो। बुटवलका १९ वटै वडामा उत्पादन हुने तरकारी तथा फलफूल र बुटवलसँग जोडिएका छिमेकका पालिकामा उत्पादन भएका र त्यहाँका पालिकाबाट ताजा तरकारीको प्रमाणपत्र लिएर किसानले नै उपभोक्ताका घरटोलसम्म बिक्रीवितरण गर्न पाउने नियम बनाइएको छ। स्थानीय किसानलाई हौसला र उनीहरुको उत्पादनलाई बजारीकरण गर्ने उद्देश्यले उपमहानगरले यस्तो कामको थालनी गरेको नगर प्रमुख शिवराज सुवेदीले बताउनुभयो।

टोलटोलमा असुरक्षित तरिकाले जोकोही पनि अब हिँड्न पाउने छैनन्। आफूले उत्पादन गरेको र सम्बन्धित पालिकाले प्रमाणीकरण गरेका ताजा उत्पादनलाई मात्रै सामाजिक दूरी कायम गराउँदै बिक्रवितरण गर्ने व्यवस्था गर्दा त्यसको सकारात्मक लाभ किसान र उपभोक्ता दुवैलाई पुग्ने प्रमुख सुवेदीको विश्वास छ।

उपभोक्ताको जीउधन र स्वास्थ्यलाई ध्यानमा राखी गरिएको यसखालको निर्णय सकारात्मक रहेको बताउँदै उपभोक्ता हित संरक्षण मञ्च प्रदेश ५ नं का अध्यक्ष तेजकुमार पाठकले कोरोना भाइरसको महामारीका बेला सुरक्षाको उपाय अपनाउँदै उपभोक्ताको स्वास्थ्यलाई प्राथिमकतामा राख्नु उचित भएको विचार राख्नुभयो।

उपमहानगरभित्रको भए सम्बन्धित वडा कार्यालयले तथा छिमेकका पालिकाको भए त्यहाँको पालिकाले जाँच गरेर योग्य छ भनी दिएको सिफारिसशका आधारमा मात्र बुटवलका टोलटोल र उपभोक्ताका घरघरमा डुलाएर बिहान ७ देखि १० बजेसम्म बिक्रीवितरण गर्न पाइने नियम बनाइएको प्रमुख प्रशासकीय अधिकृत चक्रपाणि शर्माले बताउनुभयो ।रासस

# अत्यावश्यक कामबाहेक काठमाण्डु उपत्यका प्रवेश निषेध




काठमाण्डु । सरकारले काठमाण्डु उपत्यका प्रवेशमा थप कडाइ गरेको छ। गृह मन्त्रालयले कोभिड-१९ को सङ्क्रमण रोक्न अत्यावश्यक कामबाहेक उपत्यका आवागमन पूर्ण सिल गर्ने निर्णय गरेको हो। मन्त्रालयले उक्त निर्णय कार्यान्वयनका लागि उपत्यकाका १८ वटै स्थानीय तहमा परिपत्र गरेको छ। उक्त निर्णयको बुँदा नं २ मा उपत्यका प्रवेश गर्ने सबै नाका अत्यावश्यक प्रयोजनका लागिबाहेक पूर्णरूपमा सिल गर्ने र लुकीछिपी आउने क्रमलाई रोक्ने उल्लेख छ।

बुधबार गृहमन्त्री रामबहादुर थापाको उपस्थितिमा उपत्यकाका तीनै जिल्लाका प्रमुख जिल्ला अधिकारी, नगर तथा महानगरपालिकाका प्रमुखलगायत सुरक्षा अधिकारीबीच बैठक बसी कोभिड-१९ को सङ्क्रमण र रोकथामको अवस्थाबारे समीक्षा भएको थियो। बैठकमा उपत्यकाको नाका जोडिएका नगरपालिका प्रमुखको समेत सहभागिता थियो।

बैठकले बन्दाबन्दी (लकडाउन) प्रभावकारी भए पनि विभिन्न बहाना बनाएर आवागमन हुने गरेकाले पूर्णरूपमा पालना हुन नसकेको निष्कर्ष निकालेको जनाइएको छ। तसर्थ लकडाउनलाई अझै कडाइ गर्ने निर्णय पनि उक्त बैठकले गरेको छ।

यसअघि गरेको निर्णय कार्यान्वयन गर्दै उपत्यकामा हुने आवागमनमा थप कडाइ गर्ने र अत्यावश्यकबाहेकको आवतजावतलाई पूर्ण रोक्ने निर्णय गरेको गृह मन्त्रालयका प्रवक्ता केदारनाथ शर्माले जानकारी दिनुभयो। अब भने उपत्यकाको स्थानीय तह, प्रहरी र प्रशासनको समन्वयमा थप कडाइ गरिनेछ।

उहाँका अनुसार एउटै गाडीमा कामै नपरेका मानिससमेत आउने तथा लुकीलुकीसमेत प्रवेश गर्ने अवस्था भएकाले त्यसलाई रोक्न उक्त निर्णय गरी परिपत्र जारी गरिएको हो।

उपत्यकामा मानिसको प्रवेश हुँदा जनघनत्व बढ्ने भएकाले आवश्यक सुरक्षा व्यवस्था कडा पार्न प्रहरीलाई समेत निर्देशन दिएको छ।

मानिस आएमा स्रोत स्थानमै रोक्ने गरी सुरक्षाकर्मीलाई निर्देशन प्राप्त भएकाले सोहीअनुसार प्रहरी परिचालन गरिएको महानगरीय प्रहरी कार्यालय काठमाडौँका प्रमुख प्रहरी नायब महानिरीक्षक विश्वराज पोखरेलले जानकारी दिनुभयो।

नाका प्रवेश रोक्न स्थानीय तहलाई प्रशासनसँग समन्वय गरी आ-आफ्नै क्षेत्रमा रहेको होटल, पार्टी प्यालेस, सामुदायिक भवनमा क्वारेन्टाइन बनाउन भनिएको छ। स्थानीय तहमार्फत आगन्तुकको लगत सङ्कलन र अन्य व्यवस्थापन गर्ने निणय पनि बैठकले गरेको छ । उक्त क्वारेन्टाइन खर्च भने बस्ने व्यक्ति स्वयंले भुक्तानी गर्नुपर्ने छ।

आवश्यक कामका लागि प्रवेश गर्न चाहने व्यक्तिले प्रवेश गर्नुपूर्व आफ्नै खर्चमा उपलब्ध भएसम्म आरडिटी परीक्षण गरी सो को रिपोर्ट साथ उपत्यका प्रवेशका लागि अनुमति माग्नु पर्नेछ। उपत्यका आउने सवारीलाई प्रवेश विन्दुमा पुगुअगावै प्रस्थान विन्दुमा नै रोक्ने र यसका लागि सुरक्षा निकायलाई विशेष निगरानी गरी आवागमनमा कडाइ गर्न भनिएको छ।

काठमाडौँ उपत्यकामा समेत कोभिड-१९ को सङ्क्रमण देखिँदै आएको छ । अहिले विभिन्न क्षेत्र सिल गरेर आवश्यक काम भइरहेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ।

काठमाण्डुका प्रमखु जिल्ला अधिकारी जनकराज दाहालले गृह मन्त्रालयबाट आएको परिपत्रअनुसार उपत्यकाको सुरक्षा व्यवस्था र लकडाउन कार्यान्वयनमा स्थानीय प्रशासन थप सक्रिय भएर लागिसकेको बताउनुभयो।

**लुकीछिपी प्रवेश गर्नेको लगत लिइने**

काठमाण्डु उपत्यकाका स्थानीय तहले प्रशासनको समन्वयमा लुकीछिपी प्रवेश गर्नेको खोजी गरी लगत सङ्कलन गर्ने भएको छ। त्यस विषयमा आवश्यक कारवाही अघि बढाउने कुरा पनि गृहको परिपत्रमा उल्लेख छ।

स्थानीय संस्था तथा क्लबले राहत वितरण र खाना वितरण गर्दा भीडभाड बढ्न गई जोखिम बढाएकाले उक्त कार्य स्थानीय तहको समन्वय नभएमा रोक्न पनि भनिएको छ। त्यस्तो कार्य समन्वय गरेर स्वास्थ्यसम्बन्धी मापदण्डका आधारमा मात्रै वितरण गर्न मन्त्रालयले आग्रह गरेको छ।

स्थानीय तहसँगको समन्वयमा सबै सुरक्षा निकायले उपत्यका प्रवेश नाकाको जाँच र निगरानीमा थप कडाइ गर्ने पनि निर्णय भएको गृह मन्त्रालयले जनाएको छ। कोभिड-१९ सङ्क्रमणबाट मुलुकमा ४४४ व्यक्ति सङ्क्रमित भएका छन् । दुई जनाको मृत्यु भएको छ ।रासस

# उद्योग व्यवसायमा राहतका अल्प र दीर्घकालीन कार्यक्रम ल्याउन माग

पोखरा। पोखराका उद्योगी व्यवसायीले बन्दाबन्दीका कारण उद्योग/वाणिज्य क्षेत्रमा परेको असरलाई दृष्टिगत गर्दैराहतका कार्यक्रमसहित बजेट ल्याउन माग गरेका छन्। नेपाल उद्योग वाणिज्य महासङ्घ गण्डकी, पोखरा उद्योग वाणिज्य सङ्घ तथा आर्थिक मामिला तथा योजना मन्त्रालयको संयुक्त आयोजनामा आज यहाँ आयोजित कार्यक्रममा अर्थतन्त्रलाई सही दिशामा ल्याउन राहतका अल्प र दीर्घकालीन प्याकेज ल्याउनुपर्नेमा जोड दिएका हुन्।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासङ्घ गण्डकीका अध्यक्ष सञ्जीवबहादुर कोइरालाले व्यवसायलाई विस्तारै सञ्चालनमा ल्याउनुपर्ने धारणा राख्नुभयो। पोखरा उद्योग वाणिज्य सङ्घका अध्यक्ष दामु अधिकारीले कोरोनाले अर्थतन्त्रमा पुर्याएको गम्भीर क्षतिको मूल्याङ्कन गर्दै उद्योग/वाणिज्य र पर्यटन क्षेत्रको लागि विशेष राहत प्याकेजको मागसहित आगामी आर्थिक वर्षको बजेट पूर्वाधार र औद्योगिक व्यावसायिक वातावरण निर्माणमा केन्द्रित हुनुपर्ने बताउनुभयो।

उहाँले कर्जाको समयसीमा बढाउनुपर्ने, पुनःकर्जाको व्यवस्था गर्नुपर्ने, वासलात ऋणात्मक भए पनि कर्जा प्रवाह गरिनुपर्ने तथा आउँदा दिनमा पूँजी हेरेर नभई आम्दानी, योजना तथा नवीनतम सोचका आधारमा उद्योगी/ व्यवसायीलाई कर्जा प्रवाह गरिनुपर्नेमा जोड दिनुभयो। त्यस्तै उद्योगधन्दा खुलाउनुपर्ने, 'नो वर्क, नो पे'को व्यवस्था गरिनुपर्ने, खेतीयोग्य जग्गाको खण्डीकरण रोक्नुपर्ने, भूउपयोग नीति लागू हुनुपर्ने र कृषिमा अनुदान बढाइनुपर्ने सुझाव दिइएको छ।

पर्यटन उद्योगमा कम्तीमा एक वर्ष सबै प्रकारका कर मिनाहा गरिनुपर्ने र पर्यटन प्रवर्द्धनका लागि छुट्याइएको बजेट पर्यटन पुनःउत्थानको क्षेत्रमा खर्च गरिनुपर्ने माग गर्दै अध्यक्ष अधिकारीले वैदेशिक रोजगारीबाट फर्कनेका लागि स्वरोजगारका कार्यक्रम ल्याउन माग गर्नुभयो। लेखनाथ उद्योग वाणिज्य सङ्घका अध्यक्ष बलराम ढकालले व्यवसायलाई आधार मानेर ऋण प्रवाह गरिनुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा शुक्लागण्डकी उद्योग वाणिज्य सङ्घका अध्यक्ष हरिकुमार श्रेष्ठ, भिमाद उद्योग वाणिज्य सङ्घका अध्यक्ष हस्तबहादुर खड्का, पोखरा पर्यटन परिषद्का अध्यक्ष चिरञ्जीवी पोखरेल, लेखनाथ उद्योग वाणिज्य सङ्घका निवर्तमान अध्यक्ष लक्ष्मी त्रिपाठी र पोखरा उद्योग वाणिज्य सङ्घका पूर्वउपाध्यक्ष माइकला कर्माचार्यले कोरोनाका कारण निजी क्षेत्रले विभिन्न क्षेत्रमा गरेको लगानी जोखिममा परेको बताउँदै सरकारले विद्यमान अवस्थाको गम्भीरताका साथ विश्लेषण गर्दै राहत कार्यक्रम ल्याउनुपर्नेमा जोड दिनुभयो। रासस

# ९२ हजार मेटन चामल मौज्दात

काठमाण्डु। खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र निजी क्षेत्रसँग गरी ९१ हजार ५०४ मेट्रिक टन चामल मौज्दात छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले बुधबार सार्वजनिक गरेको तथ्यांकानुसार कम्पनीसँग १६ हजार ५०४ र निजी क्षेत्रका उद्योगसँग ७५ हजार मेट्रिक टन गरी दुई निकायसँग ९१ हजार ५०४ मेट्रिक टन चामल मौज्दात छ।

मन्त्रालयका सहप्रवक्ता उर्मिला केसीका अनुसार कम्पनीसँग दुर्गमका २३ जिल्लामा दुई हजार ८४३ मेट्रिक टन चामल, ६६४ क्विन्टल फापर, ५२४ क्विन्टल सिमी, ५५७ मेट्रिक टन गहुँ र १८ मेट्रिक टन दाल तथा गेडागुडी मौज्दात छ। त्यसैगरी साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडसँग दुर्गमका जिल्लामा दुई हजार ८२५ मेट्रिक टन नून गरी एक लाख ३७ हजार ९६६ मेट्रिक टन मौज्दात छ।

मन्त्रालयको तथ्यांकानुसार साल्ट ट्रेडिङसँग दुई हजार २६३ चिनी र निजी क्षेत्रसँग ६३ हजार २०७ गरी ६५ हजार ४७४ चिनी मौज्दात छ। यसैगरी निजी क्षेत्रका व्यापारीसँग दाल तथा गेडागुडी १६ हजार ८१ मेट्रिक टन मौज्दात छ भने ८३ हजार ९६७ मेट्रिक टन खाने तेल आयात प्रक्रियामा रहेको जनाइएको छ।

**मौज्दात पेट्रोलियम पदार्थ**

मन्त्रालयले सार्वजनिक गरेको तथ्यांकानुसार मोतीहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइनबाट मंगलबार नौ सय ३२ किलोलिटर डिजेल आयात भएकामा एक हजार ६५१ किलोलिटर बिक्री भएको र ३३ हजार १७४ किलोलिटर मौज्दात रहेको छ। बन्दाबन्दीका कारण पेट्रोलियम पदार्थको खपतमा कमी आएपछि नेपाल आयल निगमले भण्डारणबाट निश्चित मात्रामा तेल घटेकाले इण्डियन आयल कर्पोरेशनलाई अनुरोध गरेर पाइपलाइन सञ्चालन गर्दै आएको छ। बन्दाबन्दीअघि दैनिक सञ्चालन भएको पाइलपाइन हाल आवश्यकतानुसार सञ्चालन गरिँदै आएको छ। रासस

> *उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले बुधबार सार्वजनिक गरेको तथ्यांकानुसार कम्पनीसँग १६ हजार ५०४ र निजी क्षेत्रका उद्योगसँग ७५ हजार मेट्रिक टन गरी दुई निकायसँग ९१ हजार ५०४ मेट्रिक टन चामल मौज्दात छ।*

# बन्दाबन्दीमा स्मार्ट कार्डको छपाइ जारी




काठमाण्डु । बन्दाबन्दीको समयमा समेत 'स्मार्ट' चालक अनुमतिपत्र छपाइ भइरहेको छ । सरकारले बन्दाबन्दी जारी राख्दा यो अवधिमा एक लाख ४० हजार अनुमतिपत्र छपाइ भइसकेको छ। आवश्यक स्वास्थ्य सावधानी र सामाजिक दूरी कायम गरेर छपाइ अघि बढाइएको यातायात व्यवस्था विभागले जनाएको छ । सरकारले गत चैत ११ गतेबाट बन्दाबन्दी (लकडाउन) लागू गरेपछि १० दिनसम्म छपाइ ठप्प थियो । चैत २० गतेदेखि अहिलेसम्म नियमितरूपमा अनुमतिपत्र छापिरहेको विभागका महानिर्देशक गोगनबहादुर हमालले बताउनुभयो । उहाँले भन्नुभयो, "अहिले सामान्य अवस्थामा जति नै छपाइ भइरहेको छ।"

बन्दाबन्दीको समयमा अहिले 'मास प्रिन्टर' बाट छपाइ भइरहेको छ । बन्दाबन्दी पहिले साना क्षमताका प्रिन्टर भने अहिले प्रयोगमा छैन। साना प्रिन्टरले थोरै सङ्ख्यामा छाप्ने तर त्यसको सञ्चालनका लागि थप जनशक्ति चाहिने भएकाले अहिले त्यसलाई प्रयोग नगरिएको विभागले जनाएको छ । कोभिड-१९ को जोखिमबाट बचेर काम गर्नका लागि थोरै जनशक्तिबाट काम भइरहेको महानिर्देशक हमालले बताउनुभयो। दैनिक तीन चरणमा 'मास प्रिन्टर' सञ्चालनका लागि दुई/दुईजना कर्मचारी कार्यालय आउने गरेका छन् ।

उहाँले भन्नुभयो, "एउटा सिफ्टको कर्मचारी गएको एक घण्टापछि मात्रै अर्को कर्मचारी आउनेगरी मिलाइएको छ ।" विभागले मास्क, पञ्जालगायतका आवश्यक स्वास्थ्य सामग्री उपलब्ध गराएर काम गरिरहेको छ । बन्दाबन्दी पहिले झण्डै साढे चार लाख अनुमतिपत्र छाप्न बाँकी रहेकामा अझै तीन लाख छाप्न बाँकी छ। बाँकी अनुमतिपत्र आगामी असारभित्रमा छापिसक्ने योजना रहेको विभागले जनाएको छ।

छापिएका अनुमतिपत्र अहिले विभागमै रहेका छन् । बन्दाबन्दी सकिएपछि विभागले प्रदेश सरकारअन्तर्गतको अनुमतिपत्र यातायात व्यवस्था कार्यालय लैजानेछ र कार्यालयले सेवाग्राहीलाई वितरण गर्नेछ । अहिले दैनिक छपाइ भइरहे पनि कर्मचारी आउन/जान कठिनलगायत समस्या छन् । उहाँले भन्नुभयो, "विभिन्न स्थानमा प्रहरीले कर्मचारीलाई पनि रोक्ने गरेका छन् ।"

सरकारले चार वर्ष पहिले 'स्मार्ट' चालक अनुमतिपत्र शुरु गरेदेखि नै सेवाग्राहीले राजश्व तिरेको लामो समयपछि मात्रै अनुमतिपत्र पाउने गरेका थिए । नयाँ संविधानअनुसार यातायातको जिम्मेवारी प्रदेश सरकारमा गयो र यातायात कार्यालयहरू सङ्घीय सरकारले प्रदेशलाई हस्तान्तरण गरेको थियो । अनुमतिपत्र छपाइको काम भने नेपाल सरकारले नै गर्दै आएको छ।

सरकारले झण्डै आठ लाख चालक अनुमतिपत्र वितरण गर्न बाँकी रहँदा गत असोजमा 'मास प्रिन्टर' ल्याइएको थियो । त्यो आइपुगेको दुई महिनासम्म पनि जडान गर्ने र तथ्याङ्क सार्नेलगायत काम भएपछि पुसदेखि सञ्चालनमा आएको हो । पहिलो केही साता एक सिफ्टमा मात्रै सञ्चालन भएकामा दुई सिफ्ट हुँदै अहिले तीन सिफ्टमा सञ्चालन भइरहेको विभागले जनाएको छ।

मास प्रिन्टरको क्षमता अरु प्रिन्टरभन्दा कैयौँ गुणा बढी भएकाले छाप्न बाँकी अनुमतिपत्र चाँडै छापिसक्ने महानिर्देशक हमालले बताउनुभयो । सामान्य प्रिन्टरले एक महिनामा तीन हजार छाप्ने भए पनि 'मास पिन्टर' को क्षमता दैनिक पाँच हजार छाप्ने रहेको छ।

विभागमा अहिले देशभरका यातायात व्यवस्था कार्यालयबाट आवेदन आइरहेको छ। रासस

सबैला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, सबैला, धनुषा
बोलपत्र आव्हानको सूचना
संशोधित सूचना प्रकाशित मिति : २०७६/०१/२७

यस कार्यालयवाट चालु आ.व.०७६/७७ मा तपसिलमा उल्लेखित योजनाहरुको निर्माण कार्य ठेक्काबाट गराउनु पर्ने भनि मिति : २०७६/१२/१२ मा प्रकाशित बोलपत्र आव्हान सम्बन्धिको सूचना हाल विश्व ब्यापी रुपमा फैलिएको कोरोना भाईरसको कारण नेपालमा पनि लक डाउनको यथावत रहेको कारणले उक्त प्रकाशित बोलपत्र आव्हान सम्बन्धिको सूचनाको सबे शर्तहरु अथावत राखि मिति २०७७/०२/०६ गते सम्म कार्यालय समय भित्र बोलपत्र खरिद गरी रितपुर्वक भरिएको बोलपत्र फाराम मिति २०७७/०२/२७ गते दिनको १२.०० बजे सम्ममा यस कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ साथे दर्ता भएको बोलपत्रहरु सोही दिनको २.०० बजे यस कार्यालयमा बोलपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बोलपत्र खोलिनेछ भनि समय थप गरीएको संशोधित बोलपत्र सूचना सम्बन्धित सबेको जानकारीको लागि प्रकाशित गरिएकोछ ।

प्रमुख प्रशासकीय अधिकृत

# तस्करले फाले १० लाख नगद

राकेश यादव

गौर । रौतहट जिल्लाको ईशनाथ नगरपालिका वडा नम्बर-९ स्थित नहरको बाटोबाट प्रहरीले १० लाख रुपैयाँ नगद र ८ लाखको चेक सहित एउटा मोटरसाइकल बरामद गरेको छ।

भारतको सीमावर्ती क्षेत्र औरैयाबाट कुड़िया तर्फ गइरहेको ना ५४ प २११६ नम्बरको मोटरसाइकलमा सवार दुई जना युवकले मोटरसाइकल र नगद रुपैयाँ छोडेर भागे पछि नेपाल प्रहरीको टोलीले बरामद गरेको हो। बिहीबार बिहान करिव सात बजेतिर ती युवकहरुले १० लाख १० हजार नेपाली रुपैयाँ प्रहरीको गस्ती टोलीलाई देखेर फालेर भागेपछि प्रहरीले रकम सहित मोटरसाइकल बरामद गरेको प्रहरी उपरीक्षक रविराज खडकाले बताए ।बरामद भएको रुपैयाँमा हजारको नोट ८ सय थान, पांच सय नोट ४ सय थान गरी १० लाख र खुद्रा १० हजार रहेको प्रहरी उपरीक्षक खडकाले बताए । रकम फाल्ने व्यक्ति नेपाली र बरामद भएको ठाउँ पनि स्वदेशी भएकोले थप अनुसन्धान भैरहेको जनाए।



कुन कानून बमोजिम कार्यवाही हुने पनि अनुसन्धानको क्रममा यकीन हुने उनको भनाइ रहेको छ । प्रहरीका अनुसार रकम कुन प्रयोजनको लागि र किन राखिएको भनी विषय खुल्न सकेको छैन। व्यापारीको रकम हुन सक्ने आशंका गरिएको छ। प्रहरी चौकी औरैयाका प्रहरी सहायक निरीक्षक ललित साहले चेकजांच गर्ने क्रममा मोटरसाइकल रोक्न भन्दा भाग्ने क्रममा दुवै जनाले मोटर साइकल सहित रकम फालेर फरार भएको स्थानीयहरुले रकम जिम्मा लगाएको बताए।

एक जना पक्राउ परेको समेत जनाउँदै प्रहरी सहायक निरीक्षक साहले ८ लाखको चेक समेत बरामद भएको उल्लेख गरे। स्रोतका अनुसार सो नाका भएर लकडाउनको अवधिमा व्यापक रुपमा तस्करी भइरहेको छ।

सानो व्यापारीहरुले पनि बन्दा बंदीको फायदा उठाउदै लाखौ रकम आम्दानी गर्न सफल भएका छन । औरैयास्थित मनमोहन गेट नजिक भारतीय व्यापारी महँगुवा निवासी पपु जायसवालले पक्राउ परेका युवकलाइ २० लाख १० हजार नगद र ८ लाखको चेक दिएको दावी गरेका छन।

रकम फालेर भाग्दै गरेका युवकलाइ प्रहरी चौकी जयनगरका असईले पक्राउ गरेको बुझिएको छन। प्रहरीले १० लाख १० हजार नगद , ८ लाखको चेक र एउटा मोटर साइकल बरामद भएको स्वीकार गरेको छ।

# बारा र पर्साका सय जना प्रहरीको कोरोना रिपोर्ट नेगेटिभ

टुडे समाचारदाता

जनकपुरधाम। प्रदेश २ का सय जना प्रहरीको पिसिआर परीक्षण गराउँदा सबैको रिपोर्ट नेगेटिभ आएको छ।

पर्साका ६८ जना र बाराका ३२ जना प्रहरीको कोरोना परीक्षण गराउँदा रिपोर्ट नेगेटिभ आएको प्रदेश प्रहरी कार्यालय, जनकपुरधामले जनाएको छ।

अदालतका आदेश अनुसार थुनुवाको समेत पिसिआर परीक्षण गराउने क्रममा पर्साका एक जना लागूऔषध मुद्दाका थुनुवा संक्रमित देखिएपछि पर्साका अधिकृतदेखि जवानसम्म ६८ जनाको पिसिआर परीक्षण गराइएको प्रदेश प्रहरी प्रमुख डिआइजी धीरजप्रताप सिंहले बताए।

उनका अनुसार सबैको रिपोर्ट नेगेटिभ आएको छ।

यस्तै, बारा जिल्ला प्रहरी कार्यालयको मुद्दा फाँटमा कार्यरत एक जना प्रहरी जवान संक्रमित देखिएपछि उनको सम्पर्कमा आएका ३२ जनाको परीक्षण गराइएको छ।

उनीहरु पनि सबैको रिपोर्ट नेगेटिभ आएको छ।

# ६० किलोमीटर हिडेर जाँदै भारतीय मजदुर

रञ्जन यादव

जीतपुर । स्थानीय प्रहरी चौकी र नगरपालिकासँग समन्वय गर्दा स्वदेश फर्किन सक्ने बिषयमा भारतीय मजदुरहरुलाई जानकारी नहुँदा उनीहरु मर्कामा परेका छन् । उनीहरु क्यौं किलोमिटरको पैदल यात्रा गरेर फर्किनुपर्ने बाध्यता रहेको छ । जितपुरसिमरा उपमहानगरपालिकाको सिमराबाट टंटलापुर घाममा ६० किलोमिटर पैदल यात्रा गरेर फर्किनु पर्दा मजदुरहरुको खुट्टा सुनिएको छ। रोजा ब्रत लिएका उनीहरु समानसहितको झोलाहरु बोकेर फर्किन बाध्य छन्।

ब्रतमा बिरगंज बोर्डर पुगेर फर्किदा खुट्टा एकदम दुखेको थियो ,सहन गर्न नसक्दा बाटोमा मानिसहरुले बाँडेको चाउचाउ खाएर औषधी खाएको रुन्चे स्वरमा एक मजदुरले बताए।

उद्योग पक्षले ठेकेदारको मानिस भनेर वास्ता नगरिदिने, ठेकेदार पक्षहरुले लकडाउनमा सम्पर्क गर्दा पैसा माग्छन् भन्ने डरले फोन नगर्ने गरेको जगदम्बा स्टिल सिमराका अर्का मजदुरले दुखेसो पोखे।



हिजो बोडर पुगेका करिब ८० जना भारतीय मजदुरहरुलाई जहाँबाट आएका छौं त्यही जाउँ भनी फर्काएको थियो। यता ईलाका प्रहरी कार्यालय सिमराका प्रमुख प्रहरी नायब उपरिक्षक गोबिन्द पुरीले सिमरा प्रहरी चौकीमा ५ सय ५० जना मजदुहरुको नामावली प्राप्त भएको जानकारी दिए।

उनले सो नामावली जिल्ला प्रशासन कार्यालय बारामा पठाईएको बताए। ईलाका प्रहरी कार्यालय सिमरामा उद्योगको प्रतिनिधि, ठेकेदार तथा स्वयम मजदुर आएर आफ्नो नाम टिपाएको ईलाका प्रहरी कार्यालय सिमराले जनाएको छ । बारा जिल्लामै सबैभन्दा बढी उद्योग ,कलकरखाना भएको क्षेत्र जीतपुरसिमरा उपमहानगरपालिका हो।

# गरुडा नपालाई लुम्बिनी विकास बैंकको सहयोग



एम.के. चौधरी

गरुडा । रौतहटको मध्यभागमा रहेको गरुडा नगरपालिकालाई लुम्बिनी विकास बैंक लि. ले बिहीबार राहत समाग्री हस्तान्तरण गरेको छ।

गरुडा नगरपालिकामा स्वास्थ्यकर्मीहरुले प्रयोग गर्ने तथा सर्वसधारणलाई सहयोग पुऱ्याउने उद्देश्यले बैंकको शाखा प्रबन्धक प्रविन्द कुमार मंडलले राहत समाग्री गरुडा नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख जनार्द्धन झालाई हस्तान्तरण गरेका छन्।

विश्व भर फैलिरहेको कोरोना भाइरसको संक्रमण नियन्त्रण गर्नको निमित्त नेपाल सरकारले लकडाउन जेठ २० गते सम्म कायम गरेको छ।

कोरोना भाइरसको संक्रमित तथा संक्रमित हुनबाट रोकथाम गर्नका लागि बैंकको गरुडा शाखाले समाजिक उत्तरदायित्व वहन गर्दै स्वास्थ्य समाग्री हस्तान्तरण गरेको शाखा प्रबन्धक मण्डलले बताए।

शाखा प्रबन्धक मण्डलका अनुसार करिब २ महिनादेखि जारी लकडाउनबाट प्रभावित व्यक्तिहरुलाई दैनिक रुपमा गुजारा चलाउन कठिन रहेको अवस्थामा गरुडा नगरपालिकालाई १५ सय पिस सर्जिकल मास्क, १ हजार जोडी पंजा, ७५ सय एम.एल. सेनिटाइजर, ११० लिटर डिसईन्फेक्टेड लिक्यूड, २० थान एन.९५ मास्क, १ सेट पि.पि.ई. हस्तान्तरण गरेको बताए।

नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख झाले अहिले विश्व भर कोरोनाको महामारीबाट नगर भित्रका नगरबासीलाई संक्रमणबाट जोगाउन बैकले गरेको सहयोग अतुल्नीय रहेको बताउदै बैंक परिवारलाई धन्यवाद दिए।

साथै नगरपालिकाबाट हुन सक्ने सवै किसिमको सेवा सुविधा नगरवासी दिदै कोरोनाको संक्रमणबाट सुरक्षित राख्दै आएको र अगामी दिनमा पनि गरिरहने बताए।

स्वास्थ्य समाग्री हस्तान्तरण कार्यक्रममा उपस्वास्थ्य संयोजक राम बाबु प्रसाद यादव, वडा नम्बर ५ का वडाध्यक्ष जयमंगल राय यादव, ९ का वडाध्यक्ष राजेश कुमार सहनी, नगरपालिकाका कर्मचारी, स्वास्थ्यकर्मी, प्रहरी तथा संचारकर्मीको रोहवरमा स्वास्थ्य समाग्री हस्तान्तरण गरेको थियो।

# संखुवासभा देखि कालीकोट सम्मको पैदल यात्रा

टुडे समाचारदाता

राजविराज। कोरोना संक्रमणबाट बच्न अहिले देशमा लकडाउन लगाइएको छ । लकडाउनका कारण यातायात पछिल्लो दुई महिना यता ठप्प छन्। लकडाउनमा समस्यामा परेकाहरुलाई भने आफ्नो घर पुग्न पनि सास्ती भइरहेको छ। यस्तै सास्ती खेप्न बाध्य छन् कालीकोट जिल्लाको पचाल झरना गाउँपालिका ५ का ५२ बर्षीय राजबहादुर शाही र उनका २६ बर्षीय छोरा बिक्रम शाही। संखुवासभाको खाँदबारीमा सडक निर्माण सम्बन्धी काम गर्न गएका उनीहरु काम समेत बन्द भएपछि अलपत्र परेपछि घरका लागि हिंडेका छन् । हिंडेर घरतर्फ जाने क्रममा उनीहरु कोशी व्यारेजमा फेला परे।



कोशी व्यारेज आउनेवित्तिकै उनीहरुले प्रहरीसँग बिलौना गरे कुनै गाडीमा चढाइदिन । तर प्रहरीले नमिल्ने बताएपछि हिंडेरै गन्तव्यतर्फ लागेका छन् । सडक सम्बन्धी काम गर्दै आएका बुवा छोरालाई ठेकेदारले समेत पैसा पनि नदिई अलपत्र छाडेर गएका छन्। 'केहि दिन त जसोतसो गुजारा चलाएँ। त्यसपछि खान समेत पाउन नसकेपछि घर जाने सोँच बनाए' राजबहादुरले भने, "भोजपुरबाट यहाँसम्म आईपुग्न ६ दिन लाग्यो।"

६ दिनदेखि खाना खान नपाएको उनीहरुले सुनाए। राजबहादुर ६ महिनाअघि खाँदबारी गएका थिए भने उनका छोरा बिक्रम डेढ् बर्षदेखि नै यहाँ काम गर्दै आएका थिए।

सडकमा तार ओछ्याउने, ढुँगा फोड्ने काम गर्दै आएका उनीहरुले त्यस वापत दैनिक ६ सयदेखि ७ सयसम्म ज्याला पाउने गरेको सुनाए।

यी बुवा छोरासँगै भोजपुर जिल्लाका १७ जना मजदूर पनि काम गरिरहेका थिए । भोजपुरका साथीसँगै बुवा छोरा पनि हिंडदै कालीकोटकालागि हिंडेका छन्। भोजपुर आएपछि केहि साथीले आफ्नो घरमै भात खुवाएको सम्झन्छन् यी दुबै । 'भोजपुरका साथी त तीन दिनमै आफ्नो घर आइपुगे, हामी कहिले पुग्छौं थाहा छैन्' मलिन अनुहारमा बिक्रमले भने।

# प्रहरी ज्यादती बिरुद्ध समाजवादी युवाको प्रदर्शन

टुडे समाचारदाता

जनकपुरधाम । समाजवादी पार्टीका प्रदेश सभासदलाई प्रहरीले दुरव्यवहार गरेको विरोधमा विहिवार प्रदर्शन गर्ने १५ जना युवालाइ प्रहरीले पक्राउपछि रिहा गरेको छ।



जनकपुरधामको दक्षिणकाली मन्दिरदेखि सुरु भएको विरोध प्रदर्शनलाई प्रहरीले उपमहानगरपालिका कार्यालयको अतिथिगृह नजिक नियन्त्रणमा लिएको थियो।

प्रहरीले लकडाउनको उल्लंघनगर्दै विरोध प्रदर्शन गरेकाले नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता डीएसपी रामेश्वर कार्कीले जनाए।उनीहरुलाई साँझ छाडिएको कार्कीले बताए । तर समाजवादी पार्टीका युवा नेता दिपेश यादवले लकडाउनमा समाजिक दुरीको अनुशासनलाई पुर्ण पालनागर्दै विरोध प्रदर्शन गरेका युवा नविन यादव सहित १५ जनालाई प्रहरीले पक्राउ गरेको आरोप लगाए।

'शान्तिपूर्ण प्रदर्शन गर्न पाउने लोकतान्त्रिक मान्यतालाई प्रहरीले समाप्त गर्न खोजे' यादवले भने, प्रदेश सांसदलाई दुरव्यवहार गर्ने , शान्तिपूर्ण प्रदर्शन गर्न नदिने प्रहरीको भूमिका लोकतन्त्र विरोधी हो।

# आज बटसावित्री पर्व, घरमै मनाउन आग्रह

टुडे समाचारदाता

जनकपुरधाम। मिथिला क्षेत्रका महिलाहरुले मनाउने बट सावित्री पर्व शुक्रबार (आज) मनाईंदैछ। तर पर्व भने घरभित्रै मनाउनुपर्ने भएको छ।

आफ्ना पतिको दिर्घायु र सु-स्वास्थ्यको कामना गर्दै मिथिला क्षेत्रका महिलाले यो पर्व मनाउने गर्छन्। वरको बृक्षमा धागो बाँधेर विधीपूर्वक पूजापाठ गर्दै यो पर्व मनाइन्छ। यो पर्वका अवसरमा अघिल्ला बर्षहरुमा सार्वजनिक ठाउँमा भएका वरको बृक्षमा महिलाको भीँड लाग्ने गरिएपनि यस पटक प्रहरीले घरमै यो पर्व मनाउन आग्रह गरेको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाले शुक्रबार मनाइने यो पर्व घरभित्रै मनाउन आग्रह गरेको छ।

कोरोना संक्रमणबाट बच्न लकडाउन लगाइएको समयमा घरभित्रै पर्व मनाउन प्रहरीले आग्रह गरेको हो। वट साबित्री पर्व सार्वजनिक स्थानहरुमा नमनाई आ-आफ्नो घर भित्र मनाई सक्रिय सहयोग एवं समन्वयका लागि जिल्ला प्रहरी कार्यालय, धनुषाले आग्रह गरेको हो।

# क्वारेन्टाइनलाई खाद्यान्न सहयोग

लालबाबु बानिया

पोखरिया । रौतहटको डिप्रोक्स लधुवित्त वित्तिय संस्था शाखा कार्यालय कटहरियाले बिहीबार एक कार्यक्रमका स्थानीय क्वारेन्टाइनमा तीस हजार बराबरको खाद्यान्न समाग्री वितरण गरेको छ।

खाद्यन्न समाग्रीमा बासमती चामल र नुहाउने साबुन समेत बितरण गरेका छन । कटहरिया मा रहेको डिप्रोक्स लधुवित वितिय संस्थाका प्रबन्धक बैजुलाल दासले कटहरिया नगरपालिका वडा नं ५ का वडाध्यक्ष सर्फलाल प्रसाद गुप्तालाई १८ बोरा बासमती चामल र ३० वटा साबुन हस्तान्तरण गरेका छन । प्रबन्धक दासले संस्थाले दिएको समाग्रीबाट कटहरिया वडा नं ५ को क्वारेन्टाईनमा रहेको व्यक्तीलाई सहयोग पुग्ने बताए।



बिश्वब्यापी रुपमा फैलिएको कोरोना भाईरसबाट बचाउन सरकारले गरेको लकडाउनको पालना गर्नु र घर भित्र बस्न, बाहिर जादा ३ फिटको दुरी बनाउन, साबुन पानीले हात धुने आग्रह प्रबन्धक दासले आग्रह गरे। भारत र खाडि मुलुकबाट आउनेको पहिचान गरि सुरक्षित क्वारेन्टाइनमा बस्न आग्रह समेत गरे।

# करेन्ट लागेर महिलाको मृत्यु

टुडे समाचारदाता

राजविराज। सप्तरीको बोदे बर्साइन नगरपालिकामा करेन्ट लागेर बिहीबार एक जना महिलाको मृत्यु भएको छ।

बोदे बर्साइन नगरपालिका ९ सिम्राहा निवासी रबीन्द्र प्रसाद सदाकी ४० बर्षीय पत्नी मिरकुनदेवीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, सप्तरीले जनाएको छ।

मोवाइल चार्ज गर्ने क्रममा उनलाई करेन्ट लागेको प्रहरीले जनाएको छ।

करेन्ट लागेर सिकिस्त भएकी उनलाई उपचारका लागि बोदे बर्साइन ल्याउने क्रममा बाटोमै मृत्यु भएको हो।

नोबेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो।

यसबाट बच्ने उत्तम उपायहरु :

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसंग हात धुने,
- अनावश्यकरुपमा घर बाहिर र भिडभाडमा नजाने,
- खोक्दा र हछ्युँ गर्दा नाक र मुख कुहिनोले छाप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसंगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्कीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

जनकपुर टुडे मिडिया ग्रुपको अपिल

नियमित रुपमा साबुन पानी तथा अल्कोहलयुक्त झोलले हात धुने र सेनिटाइजर प्रयोग गर्ने ।

खोक्दा, हाँच्छिउँ गर्दा नाक र मुख हात, रुमाल अथवा हातको कुहिनाको भागले छोप्ने ।

रुघाखोकी, ज्वरो तथा स्वास-प्रस्वासमा समस्या आए नजिकको स्वास्थ्य संस्थामा गएर चिकित्सक संग जाँच गराउने ।

अनावश्यक रुपमा आफ्नो नाक, मुख र आँखा नछुने, छुनु परे राम्ररी हात धोएर मात्र छुने । मोबाईल फोन लगायत धेरै प्रयोग गर्ने वस्तु सफा राख्ने ।

रुघाखोकी लागेको व्यक्तिसंग दुरी कायम राख्ने, कुरा गर्नु परे १ मिटर टाढा बसेर गर्ने । अनावश्यक भिडभाडमा नजाने ।

माछा, मासु र अण्डा राम्ररी पकाएर खाने । जंगली तथा घरेलु पशुपंक्षीसंगको असुरक्षित सम्पर्कबाट जोगिने ।

जनहितमा जारी संदेश

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९०१०१, E-mail : jtodaynews@gmail.com,todayad@gmail.com, Website : www.ejanakpurtoday.com